धर्म

उत्कृष्टताको मार्ग

कृष्णकृपाश्रीमूर्ति अभयचरणारविन्द स्वामी प्रभुपाद

संस्थापक आचार्य- अन्तर्राष्ट्रिय कृष्ण भावनामृत सङ्घ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्म

उत्कृष्टताको मार्ग

कृष्णकृपाश्रीमूर्ति अभयचरणारविन्द स्वामी प्रभुपाद
संस्थापक आचार्य- अन्तर्राष्ट्रिय कृष्ण भावनामृत सङ्घ

अनुवाद–
विष्णु दास आचार्य

भक्तिवेदान्त बुक ट्रस्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस ग्रन्थको विषयवस्तु प्रति जिज्ञासु पाठकवर्गलाई भक्तिवेदान्त बुक ट्रस्टद्वारा निम्नलिखित ठेगानामा पत्र-व्यवहार गर्नकालागि आमंत्रित गरिन्छ :

भक्तिवेदान्त बुक ट्रस्ट

हरे कृष्ण धाम

जुहू, मुंबई ४०० ०४९, भारत

वेबसाइट/ई-मेल :

www.indiabbt.com

admin@indiabbt.com

Dharma, The Way of Transcendence (Nepali)

1st printing in India, January 2014: 10,000 copies

©२०१३ भक्तिवेदान्त बुक ट्रस्ट

सर्वाधिकार सुरक्षित

ISBN: 978-93-83095-33-9

प्रकाशकको अनुमति बिना यस पुस्तकको कुनै पनि अंशलाई पुनरूत्पादित वा प्रतिलिपित र कुनै प्राप्य प्रणालीमा संग्रहित गर्न अथवा कुनै पनि प्रकारका इलेक्ट्रोनिक, मेकेनिकल, फोटोकाँपी, रेर्कार्डिंग तथा अन्य कुनै माध्यमद्वारा संचित गर्न पाँइनेछैन।

यस शर्तको उल्घंन गरेवापत उचित कानुनी कारवाही हुनसक्छ।

भक्तिवेदान्त बुक ट्रस्टद्वारा

प्रकाशित तथा मुद्रित

BS2M

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय सूची

	परिचय	iv
१.	धर्म के हो ?	1
२.	कृष्णलाई स्वीकार गरौं भ्रमलाई तिरस्कार गरौं	10
३.	स्वतन्त्र ब्रह्मज्योति र आत्माको दर्शन	22
४.	धर्मको वास्तविक लक्ष्य	30
५.	इन्द्रियहरू केका लागि हुन्?	38
६.	ब्रह्मको परिभाषा	43
७.	भगवान्लाई आफूभित्र दर्शन गर्नु	48
८.	पूर्ण (वर्णाश्रम) सामाजिक व्यवस्था	54
९.	भगवान्लाई जान्ने सहि मार्ग	59
१०.	सम्झनारूपी तरवार	63
११.	विश्वासपूर्वक भगवान् श्रीकृष्णका बारेमा श्रवण गर्ने	71
१२.	भगवान्का बारेमा सुनेर हृदय शुद्ध गर्ने	76
१३.	हानिकारक इच्छाको नियन्त्रणबाट छुट्कारा	82
१४.	भक्तियोग- शक्ति र परम् सुख प्राप्त गर्ने सबैभन्दा तीव्र मार्ग	87
१५.	भक्तियोग-विज्ञान हो भावुकता होइन	91
१६.	कहिले भगवान् श्रकृष्णरूपी सूर्य हृदयमा उदाउला ?	97
१७.	लेखक परिचय	103

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परिचय

संस्कृत शब्द प्रायः हामी सबैको दिनहुँ बोलीको अभिन्न भाग भएको छ । उदाहरणका लागि कसैलाई पनि "प्रचार प्रसारक, गुरु, राजनीतिक, पण्डित र खराब कर्म" जस्ता शब्दका लागि शब्दकोश खोल्नुपर्ने आवश्यकता पर्दैन ।

त्यसै गरेर, हाम्रो भाषामा "धर्म" भन्ने संस्कृत शब्द पनि आज मूल प्रवाहमा स्थापित भइसकेको छ । आजका नयाँ पुस्ताका प्रशंसक लेखक ज्या केरौकले आफ्नो उपन्यासलाई "धर्म बम" भनेर उल्लेख गरेका छन् । १९७७ मा अमेरिकाको दूरदर्शन टेलिभिजनका दर्शकहरूले नयाँयुगकी नायिकारूपी "धर्म" का बारेमा भएको लोकप्रिय वादविवाद हारेका थिए ।

वास्तवमा धर्म भनेको के हो ? यदि हामीले प्राचीन भारतका ऋषिमुनिहरूले दिनुभएको शिक्षालाई हेर्‍यौं भने त्यसका दुई वटा अर्थ- प्रकृति र कर्तव्य भन्ने पाउँदछौं ।

सर्वप्रथम प्रकृतिको बारेमा बुझौं । प्रत्येकको आफ्नो आफ्नो प्रकृति हुन्छ । त्यसैले उसको अति आवश्यक र अनौठो गुणअनुसार उसको अस्तित्वको व्याख्या गरिन्छ । यसप्रकार, चिनीको धर्म भनेको मिठास हो र पानीको धर्म भनेको उसको शुद्ध स्वादसहित हाम्रो तिर्खा मेटाउनु हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामी प्रत्येकको आफ्नो आवश्यक प्रकृति हुन्छ । यदि हामी आफ्नो आवश्यक प्रकृति वा धर्मअनुसार सौहार्दपूर्ण वातावरणमा बस्यौं भने हामीले गहिरो सन्तुष्टि प्राप्त गर्न सक्दछौं । तर, हामी मानव भएका हुनाले हाम्रो धर्म के हो ? हाम्रो समयरहितको विद्वताले युक्त वेदअनुसार हाम्रो धर्मको चरित्र भनेको, "हाम्रो शरीर होइन हाम्रो आत्मा हो", जुन एउटा झिल्कोरूपी दिव्य चेतनासहित हामीभित्र छ । हामी प्रत्येकभित्र त्यो झिल्को विद्यमान छ । त्यो झिल्को, दिव्य आगो वा ज्योतिरूपी परमात्मा भगवान् श्रीकृष्णबाट उत्पन्न हुन्छ र त्यो दिव्य ज्योति नै हामी सबैको उत्पतिको स्रोत हो ।

त्यस्ता प्रत्येक दिव्य चेतनाले युक्त भिल्काहरूको धर्म भनेको मूल भगवान् श्रीकृष्णरूपी आगोलाई केन्द्रित गरेर सौहार्दपूर्ण वातावरणमा उहाँका वरिपरी नाच्नु हो । हामी सबै अनौठा, व्यक्तिगत र व्यष्टि छौं र सबै भगवान् श्रीकृष्णबाट उत्पन्न भएका हौं तर हाम्रो धर्म भनेको हामीले "हामी को हौ ?" त्यो जान्नु हो र उहाँसँगको दिव्य सम्पर्कबाट उहाँलाई प्रेमपूर्वक सेवा गर्दै रमाइलो सँग मनाउनु हो । छोटोमा भन्नु पर्दा हाम्रो धर्म भनेको हामी दिव्य चेतनाले युक्त भएका हुनाले भगवान् श्रीकृष्ण प्रति प्रेम गर्दै उहाँको सेवा गर्नुपर्दछ ।

भौतिक चेतनामा हामीले हाम्रो वास्तविक प्रकृतिलाई देख्न सकिरहेका छैनौं । हामीले हाम्रो स्रोत र भगवान् श्रीकृष्णसँगको सम्बन्धलाई बिर्सिएका छौं । त्यसैले हाम्रो मूल धर्म भनेको भगवान् श्रीकृष्णको निःस्वार्थ सेवा गर्नुथियो तर त्यो धर्म प्रतिस्पर्धात्मक स्वार्थसहितको कार्य गर्ने धर्ममा परिणत भएको छ किनभने हामी हाम्रो वास्तविक धर्मसँगको सम्बन्धबाट टाढा गएका छौं । त्यसैले, हामीले वितृष्णा र असन्तृष्टिको अनुभव गरिरहेको छौं ।

धर्म- श्रेष्ठताको मार्गले हामीलाई हाम्रो पूर्ण प्रकृतिको मूल अवस्था, जुन भगवान् श्रीकृष्णको प्रेमपूर्वक सेवा गर्नु हो, त्यसतर्फ लैजान निर्देश गर्दछ ।

धर्मको अर्को अर्थ कर्तव्य पनि हो । बीसौं शताब्दीको उत्तरार्धमा हामी हाम्रा इन्द्रियहरूका कर्तव्य र जिम्मेवारीलाई त्यागेर आफ्नो वासना परिपूर्तितर्फ लाग्यौ । "जे गर्दा आफूलाई राम्रो अनुभव हुन्छ, त्यही गर ।" तर अहिले हामीमध्ये धेरैले त्यो प्रयोग असफल भएको अनुभव गरिरहेका छौं मानिसले आफैं नैतिकता वा आचरण गुमाइसेका छन् । त्यसैले, कर्तव्य पुनः एक पटक आवश्यक देखिएको छ ।

तर त्यो कर्तव्य कसका लागि र केका लागि ? यस प्रश्नको उत्तर हामीले धर्मको अर्को पाटोलाई बुझे पछि मात्र दिनसक्दछौं, जुन हाम्रो अति आवश्यक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लक्षण पनि हो । हाम्रो आवश्यक लक्षण भनेको भगवान् श्रीकृष्ण प्रतिको प्रेमले युक्त सेवालाई उजागर गर्ने वा बिउँझाउनमा केन्द्रित हुनुपर्दछ र अन्यले पनि त्यो लक्ष्य प्राप्त गर्न सकूँन भनेर उनीहरूलाई सहायता गर्नुपर्दछ ।

धर्मले हामीलाई आवश्यक अन्तरदृष्टि र प्रेरणा प्रदान गर्दछ । यस पुस्तकमा संसारका लागि भारतका महान् आध्यात्मिक राजदूतरूपी गुरु कृष्णकृपाश्रीमूर्ति अभयचरणारविन्द भक्तिवेदान्त स्वामी प्रभुपादले प्राचीन संस्कृत पुस्तक श्रीमद्भागवत्मा आफ्नो सटिक तात्पर्य दिएर त्यसको सम्पूर्ण अर्थ प्रदान गरी धर्मलाई हाम्रो हृदयसम्म पुऱ्याउने कार्य गर्नुभएको छ । 'श्रीमद्भागवत्म्' वैदिक ज्ञानरूपी रुखको पाकेको फल हो भनेर प्रसिद्ध छ । नैमिषारण्यमा एकत्र भएका ऋषिमुनिहरूको प्रश्नको उत्तर दिदैं महान्ऋषि सूत गोस्वामीले धर्मका बारेमा विस्तृत वर्णन गर्नुभएको छ। यस श्रीमद्भागवत्मा यो भागका बारेमा श्रील प्रभुपादले तात्पर्य दिनुभएको छ ।

आफ्नो धर्मको बारेमा जान्नुबाहेक अन्य कुनै कुरा महत्त्वपूर्ण छैन । एक्काइसौं शताब्दीका चुनौती र अवसरका लागि मानव समाज अघि बढ्नका लागि यो एउटा ऐतिहासिक महत्त्वपूर्ण साहित्यिक पुस्तक हो । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

1
धर्म के हो ?

स वै पुंसां परो धर्मो
यतो भक्तिरधोक्षजे
अहैतुक्यप्रतिहता
ययात्मा सुप्रसीदति ॥

सम्पूर्ण मानव समाजको सर्वोच्च कर्तव्य (धर्म) भनेको दिव्य भगवान्प्रति गरिने प्रेमाभक्तिले युक्त सेवा हो । त्यस्तो प्रेमाभक्ति निःस्वार्थ, निरन्तर र भगवान्लाई सन्तुष्ट पार्नका लागि हुनुपर्दछ ।

श्रीमद्भागवत् (१.२.६)

नैमिषारण्यका ऋषिहरूको पहिलो प्रश्नको उत्तर दिँदै श्रीसूत गोस्वामीले यो श्लोक भन्नुभएको हो । पतित र सामान्य जनसाधारणले सजिलै बुझेर त्यसलाई अङ्गिकार गर्न सक्ने गरेर सम्पूर्ण शास्त्रको सार र अत्यन्त आवश्यक भाग मात्र सुनाउन ऋषिहरूले अनुरोध गर्नुभयो । वेदले मानवलाई दुई प्रकारका कार्य गर्न सिफारिस गरेको छ । एउटा प्रवृत्ति मार्ग वा इन्द्रिय सुखको मार्ग र अर्को निवृत्ति मार्ग त्याग वा सन्यासको मार्ग । इन्द्रिय सुखको तर्फ मार्ग निम्नस्तरको छ र सन्यासतर्फको मार्ग विशिष्ट वा उच्च स्तरको छ ।

प्राणीको भौतिक अवस्था भनेको रोगले आक्रान्तभएको वास्तविक जीवन हो । वास्तविक जीवन भनेको दिव्य अवस्था वा ब्रह्मभूत (श्रीमद्भागवत् ४.३०.२०) अवस्था हो, जुन शाश्वत आनन्दमय र पूर्ण ज्ञानले युक्त हुन्छ । भौतिक अवस्था भनेको अस्थायी भ्रमले युक्त र पूर्ण दुःखले युक्त हुन्छ । यसमा कुनै सुख नै हुँदैन । यस अवस्थामा प्राणीले दुःखबाट छुट्कारा पाउने झुटो प्रयास गर्दछ । क्षणिक र झुटो दुःखबाट मुक्ति पाउनुलाई नै सुख ठान्दछ । त्यसैले, यो प्रगतिशील भौतिक सुखको मार्ग क्षणिक, दुःखैदुखले युक्त र भ्रमले भरिएको छ । त्यसैले, यो निम्नस्तरको छ । तर, भगवान् प्रतिको भक्तिमय सेवा, जसले प्राणीलाई शाश्वत आनन्दले युक्त र पूर्ण ज्ञानले युक्त जीवनतर्फ लैजान्छ, त्यसलाई नै विशिष्ट वा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उच्चस्तरको कार्य भनिन्छ। यस्तो कार्य पनि कहिलेकाहीं निम्नस्तरको कार्यसँग मिसिएपछि दूषित हुनजान्छ। उदाहरणका लागि भक्तिमय सेवा पनि भौतिकवस्तु प्राप्त गर्नका लागि स्वीकार गरिएको छ भने त्यसले त्याग वा सन्यासको मार्गमा प्रगति गर्न वाधा दिन्छ। रोगले युक्त बद्ध जीवनले सुख प्राप्त गर्ने कार्य गर्नुभन्दा त्यागद्वारा मुख्य लक्ष्य प्राप्त गर्नु राम्रो कार्य हो । त्यस्तो सुखले रोगको लक्षण वृद्धि गर्दछ । त्यसको अवधी पनि बढाउँदछ । त्यसैले, भगवान्प्रतिको भक्तिमय सेवा शुद्ध हुनुपर्दछ अर्थात् सकेसम्म धेरै कम भौतिक सुखको चाहनासहितको हुनुपर्दछ। त्यसकारण अनावश्यक कामनाहरू, कार्यफलको आशासहितको कार्य र दार्शनिक कल्पनारहितको सर्वोच्च गुणले युक्त भक्तिमय भगवान्को सेवालाई स्वीकार गर्नुपर्दछ। एक मात्र यसो गर्नाले मानिसलाई भगवान्को सेवा गर्दा अविरल सान्त्वनातर्फ डोऱ्याउँदछ।

हामीले उद्देश्यसहित नै धर्मलाई "कर्तव्य वा पेसा" भनेर भनेका छौं किनभने धर्मको मूल अर्थ भनेको "जसले गर्दा प्राणीले जीवनयापन गर्न सक्दछ।" भगवान् श्रीकृष्णसँग शाश्वत सम्बन्ध राख्न सकिने कार्यहरूबाट नै प्राणीले आफ्नो जीवनयापन गर्न सक्दछ। भगवान् श्रीकृष्ण नै सबै प्राणीहरूका केन्द्रीय मूल आधार हनुहुन्छ। उहाँले सबै प्राणीलाई पूर्णरूपले आकर्षित गर्नुहुन्छ र उहाँको रूप दिव्य र शाश्वत छ। प्रत्येक प्राणीको आध्यात्मिकजीवनमा शाश्वत रूप हुन्छ भने भगवान् श्रीकृष्ण ती सबैलाई नित्य आकर्षित गर्ने गरिरहनुहुन्छ। भगवान् श्रीकृष्णपूर्ण हुनुहुन्छ अन्य सबै उहाँको अंश मात्र हुन्। दुई बीचको सम्बन्ध स्वामी र सेवक जस्तो हो। त्यो सबै दिव्य हुन्छ र यस भौतिक अवस्थाको अनुभवभन्दा सर्वथा भिन्नहुन्छ । त्यस्तो स्वामी र सेवकको सम्बन्ध उचित र घनिष्ठतामा आधारित हुन्छ। भक्तिमय सेवामा प्रगति गर्दै जाँदा त्यसको अनुभव गर्न सकिन्छ । त्यसैले, हामी सबैले अहिले यो भौतिक वद्ध अवस्थामा रहेर पनि भगवान्को दिव्य भक्तिमय सेवामा आफूलाई लगाई रहनुपर्दछ। त्यसो गरेमा बिस्तारै उसले आफ्नो वास्तविक जीवनको सूत्र प्राप्त गर्दछ, जसबाट उसले पूर्ण सन्तुष्टि प्राप्त गर्दछ।

हामीहरू सबै केवल पूर्ण आत्मसन्तुष्टि वा आत्म सुप्रसादका लागि आकर्षित भइरहेका छौं वा अल्झिरहेका छौं तर सर्वप्रथम हामीले "हामी को हौं?" भन्ने कुरा जान्नुपर्दछ। आत्मा शब्दको अर्थले शरीर, मन र आत्मालाई बुझाउँदछ। वास्तवमा हाम्रो यो आत्मालाई दुई प्रकारका वस्तुले ढाकेर राखेका छन्। जसरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एउटा व्यक्तिको शरीरलाई उसको कमेज, कोट आदि वस्त्रले ढाकेर राखेको हुन्छ, त्यसै गरेर हाम्रो आत्मालाई पनि स्थूल शरीररूपी भौतिक इन्द्रियहरूले, सूक्ष्म शरीररूपी मन, बुद्धि र अहंकारले ढाकेर राखेका हुन्छन् । जुन व्यक्ति झुटो अहंकारले ढाकिएको हुन्छ, उसले आफूलाई यो शरीरद्वारा परीचय गराउँदछ । जब हामीले उसलाई सोध्दछौं अनि उसले उत्तर दिन्छ– "म अमेरिकन हूँ, म भारतिय हूँ, ।" तर, यो परिचय शरीरको हो र त्यो वास्तवमा उसको सहि परिचय होइन ।

वैदिक साहित्यले हामीलाई शिक्षा दिन्छ । सर्वप्रथम मानिसले "**अहं ब्रह्मास्मि**" वा म ब्रह्म हूँ वा आत्मा हूँ भनेर बुझ्नुपर्दछ । त्यसैले, वेदान्त सूत्रमा भनिएको छ- '**अथातो ब्रह्म जिज्ञासा**' अर्थात् अब प्रत्येकले आफ्नो आत्माको बारेमा जिज्ञासा राख्नुपर्दछ । यो मानवरूपी जीवनको सार्थकता भनेको आत्माको बारेमा ज्ञान प्राप्त गर्नु हो र यसै ज्ञानद्वारा नै उसले वास्तविक सुखको अनुभव गर्न सुरु गर्दछ ।

वेदान्त सूत्र (१.१.१२) मा भनिएको छ- **आनन्दमयोऽभ्यासात्** अर्थात् हामी प्रकृतिले सुखी छौं । त्यसैले, हामीसबै सुखका लागि सङ्घर्ष गरिरहेका छौं । हामी आत्मा भएका हुनाले नै हामी प्रकृतिबाट नै सुखी र आनन्दमय छौं तर, हामीले दुःख पाईरहेका छौं किनभने हाम्रो आत्मालाई पाँच प्रकारका स्थूल तत्त्व जस्तैः- पृथ्वी, पानी, आगो, हावा र आकाश र तीन सूक्ष्म तत्व जस्तै- मन, बुद्धि र अहंकारले ढाकेर राखेका छन् । भौतिकवादीहरू यस स्थूल र सूक्ष्म तत्त्वले ढाकेको शरीरलाई नै आफू ठानेर त्यसैबाट सन्तुष्टि प्राप्त गर्न चाहन्छन् । अर्को शब्दमा भन्नुपर्दा उनीहरू इन्द्रिय भोग र शारीरिक सुखको मात्र कामना गरिरहन्छन् । यस भौतिक संसारमा प्रत्येक व्यक्ति केवल सुख प्राप्तिका लागि कठिन परिश्रम गरिरहेको हुन्छ । कुनै व्यक्ति भौतिक इन्द्रियहरूबाट भोग गरेर सुख प्राप्त गर्ने प्रयास गरिरहेका हुन्छ भने अन्य व्यक्ति बुद्धिद्वारा कला, कविता वा दर्शनमा सुखको अनुभव गरिरहेको हुन्छ । तर, स्थूल वा सूक्ष्म इन्द्रिय भोगले हामीलाई वास्तविक सुख दिन सक्दैन किनभने सुख भनेको आत्मामा हुन्छ । यस विश्वका सम्पूर्ण व्यक्ति शारीरिक आराम, इन्द्रियर विषय भोगका लागि परिश्रम गरिरहेका छन् तर तिनीहरू सुखी छैनन् । त्यो वास्तविक सत्य हामीले देखेका छौं । तिनीहरू सुखी हुन सक्दैनन् किनभने सुखको मूल आधार नै हराइरहेको छ ।

उदाहरणका लागि तिमीसँग एउटा राम्रो कोट छ । तिमीले त्यो कोट सफा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्छौं इस्त्री लगाउँदछौ, अरूलाई देखाउँदछौं र सुरक्षित राख्दछौं । त्यसो गरेर तिमी कहिल्यै पनि सुखी हुन सक्दैनौं । त्यसरी नै अहिले तिमी कोट रूपी शरीरबाट सुखभोग गर्ने प्रयास गरिरहेका छौं जुन कार्य सम्भव नै छैन । आत्मालाई सुख दियौ भने मात्र तिमीले सुख प्राप्त गर्न सक्नेछौं । उदाहरणका लागि तिमीसँग पिँजडामा एउटा चरा छ । तिमीले पिँजडाको सफाई गर्दछौं तर त्यस भित्रको चरालाई आहार दिएनौं भने त्यो चरा कहिल्यै सुखी हुन सक्दैन । त्यसैले, आध्यात्मिक ज्ञानको सुरुआत भनेको नै यो आत्मा शरीरभित्र थुनिएको छ र त्यसलाई मन र अन्य शारीरिक आराम वा मानसिक सन्तुष्टिले सुख प्रदान गर्न सक्दैन भन्ने कुरा बुझ्नु हो ।

त्यसो हो भने आत्मा कसरी सुखी हुनु सक्दछ ? श्रीमद्भागवत्को यो श्लोकमा भनिएअनुसार– मानिस सर्वोच्च धर्ममा स्थित भए मात्र आत्मा सुखी हुन सक्दछ । अङ्ग्रेजीको समान्य अनुवादमा धर्म को अर्थ 'धर्म' हुन्छ तर माथि उल्लेख भएअनुसार त्यसको वास्तविक अर्थ– "जो आफ्नो अवस्थामा बाँच्दछ वा मानिसको आवश्यक लक्षण" भन्ने हुन्छ ।

प्रत्येकको आफ्ना आवश्यक लक्षण हुन्छन् । जस्तै खुर्सानीको आवश्यक लक्षण भनेको पिरो हुनु हो । जब हामी बजारमा खुर्सानी खरिद गर्न जान्छौं, हामीले त्यो कति पिरो छ भनेर चाख्दछौं । यदि पिरो छैन भने खरिद गर्दैनौं । त्यसैले, खुर्सानीको धर्म भनेको पिरो हुनु हो भने चिनीको धर्म गुलियो हुनु हो ।

त्यसो हो भने आत्माको धर्म के हो ? जब आत्मा यस भौतिक प्रकृतिको वन्धनमा बाधिन्छ अनि उसले झुटो परिचय सहितका विभिन्न शरीरअनुसार विभिन्न प्रकारका कृत्रिम धर्महरूलाई स्वीकार गर्दछ । हिन्दु परिवारमा जन्म लिए "म हिन्दु हूँ", मुसलमान परिवारमा जन्म लिए "म मुसलमान हूँ", र क्रिस्चियन परिवारमा जन्मलिए, "म क्रिस्चियन हूँ" भन्दछ तर मैले पहिला नै व्याख्या गरे सबैको वास्तविक परिचय भनेको "आत्मा" हो– **अहं ब्रह्मास्मी "म ब्रह्म हूँ वा आत्मा हूँ"** । जब हामी आध्यात्मिक ज्ञानले युक्त हुन्छौं, त्यो स्थितिमा हाम्रा आवश्यक लक्षण के हो भन्ने कुरा स्पष्ट हुन्छ । यहाँ व्याख्या गरिएको छ- **स वै पुंसां परो धर्मो यतो भक्तिरधोक्षजे** (श्रीमद्भागवत् १.२.६) आत्माको परम् धर्म भनेको परम् भगवान्को भक्ति गर्नु र भक्तिमय सेवा गर्नु हो । त्यो नै हाम्रो (आत्माको) आवश्यक लक्षण हो । हामी पहिलादेखि नै भक्त छौं । कोही देशका, कोही समाजका, कोही परिवारका, पत्नीका, बच्चाका र कोही इन्द्रियका । कसैले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

पनि "म कसैको पनि सेवा गर्दिन" भनेर भन्न सक्दैन । तिमीले सेवा गर्नुपर्दछ किनभने सेवा गर्नु नै तिम्रो धर्म हो । यदि कसैलाई कसैको पनि सेवा गर्ने अवसर प्राप्त छैन भने उसले कुकुर, बिरालो पालेर त्यसको सेवा गर्दछ । त्यसकारण, कसैको पनि प्रेमपूर्वक सेवा गर्नु प्रत्येकको आवश्यक लक्षण हो तर हामीले त्यही कुरा बिर्सिरहेका छौं । हामीले कुकुर बिरालो र अन्य वस्तुलाई प्रेम गरिरहेका छौं तर भगवान्प्रति प्रेम गर्ने कार्यलाई तिरस्कार गरिरहेका छौं । यदि हामीले हाम्रो प्रेम सहि वस्तु भगवान् अधोक्षज कृष्णतर्फ उन्मुख गर्दछौं भने हामी सुखी हुनेछौं ।

श्रीमद्भागवत्को यो श्लोकबाट पनि हामीले धर्म शब्दको अर्थ बुझ्न सक्दछौं र त्यसको अर्थ भगवान्मा दिव्य प्रेमलेयुक्त सेवा गर्नु हो र यो नै धर्मको सर्वोच्च अवस्था हो । नैमिषारण्यका ऋषिहरूको प्रश्न यस्तो थियो- "धर्मको सर्वोच्च अवस्था कुन हो, जसले गर्दा मानिस आध्यात्मिक मोक्ष प्राप्त गर्नका लागि माथि उठ्न सक्दछ ? कसैले हिन्दु, कसैले मुस्लिम, कसैले क्रिस्चियन र कसैले बुद्ध धर्म राम्रो हो भन्न सक्दछन् तर श्रीमद्भागवत्ले भने हिन्दु, मुस्लिम, क्रिस्चियन र बुद्ध धर्म कुनैको पनि वकालत गर्दैन र सर्वोच्च धर्मको सामान्य व्याख्या गर्दै धर्मको सर्वोच्च अभ्यास भनेको भगवान् श्रीअधोक्षजको भक्त बन्नु हो भनेर भनेको छ ।

अधोक्षज भगवान्को संस्कृत नाम हो । अधोक्षजको शाब्दिक अर्थ- "**अध**- जसले हटाउँदछ, **अक्षज**- इन्द्रियहरूको कल्पनाबाट प्राप्त ज्ञानद्वारा बुझ्न नसकिने । मानसिक कल्पनाद्वारा "भगवान् के हो ? भन्ने प्रश्न गर्दै धेरै पुस्तक लेख्नेहरूका लागि भगवान्को अधोक्षज नाम नै उत्तर हो । अधोक्षज नामको अर्थ - हजारौं वर्षसम्म कल्पना गर्दै जाऊ तर तिमीले त्यस विधीअनुसार भगवान्लाई कहिल्यै पनि जान्न सक्दैनौं ।"

साधारणतया मानिसहरू भन्ने गर्दछन् "भगवान् महान् हुनुहुन्छ" तर, तिनीहरूलाई भगवान् कति महान् हुनुहुन्छ भन्ने थाहा नै छैन । भगवान्को महानताको पूर्णताको वर्णन 'कृष्ण' नामले गर्दछ । यदि तिमीले शब्दको पूर्ण परिभाषा जान्न चाहन्छौ भने त्यो कृष्ण शब्दमा छ किनभने कृष्ण शब्दको अर्थ **"सर्व आकर्षक"** हो, जुन व्यक्ति सर्व आकर्षक छैन, ऊ कसरी सर्वोच्च भगवान् हुन सक्दछ ? यदि कोही महान् छ भने ऊ आकर्षक हुन सक्दछ । उदाहरणका लागि जोन डि रकफेलर र हेनरी फोर्ड यी दुवै महान् व्यक्ति मानिन्छन् किनभने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिनीहरू धेरै धनी व्यक्ति हुन् र तिनीहरूको सम्पत्तिका कारणले तिनीहरू सबैका आकर्षणका केन्द्र बनेका छन् । त्यसैले, सम्पत्ति पनि एउटा आकर्षणको लक्षण हो । त्यसैले भगवान् सबैभन्दा धनी व्यक्ति हुनुपर्दछ । सौन्दर्य अर्को अकर्षणको लक्षण हो । त्यसैले भगवान् सबैभन्दा सुन्दर हुनपर्दछ । जब धेरै व्यक्तिले भगवान् श्रीकृष्णको श्याम वर्णको तस्विरको दर्शन गर्दछन् अनि उनीहरूले उहाँ किशोर भए पनि यस्तो सुन्दर व्यक्तिको पहिला दर्शन गरेका थिएनौं भनेर स्वीकार गर्दछन् । त्यसैगरेर भगवान् श्रीकृष्णमा सम्पूर्ण शक्ति, विद्या, यश र वैराग्यरूपी ऐश्वर्य निहित छन् । भगवान्सँग यी ६ प्रकारका सम्पत्ति, सौन्दर्य, शक्ति, विद्या, यश र वैराग्य विद्यमान् हुन्छन् । त्यसैले उहाँलाई सर्वाकर्षक बनाएको हुन्छ र उहाँले धनी व्यक्ति सुन्दर व्यक्ति, बलवान् व्यक्ति, विख्यात व्यक्ति र वैरागी व्यक्तिलाई आफूतर्फ आकर्षित गर्नुहुन्छ । यस्तो असीमित आकर्षण गर्न सक्ने लक्षणहरूको बारेमा बुझ्न हाम्रो मानसिक कल्पना वा इन्द्रियको कपनाले कठिन छ । श्रीमद्भागवत्को यो श्लोकमा भगवान् श्रीकृष्णलाई अधोक्षज नामले सम्बोधन गरिएको छ ।

यहाँ श्रीमद्भागवत्ले असल धर्मको बारेमा सामान्य परिभाषा दिएको छ । त्यो धर्म नै असल हो जसले तिमीलाई भगवान्प्रति भक्ति र प्रेमको अभिवृद्धि गराउँदछ । यो परिभाषा अति सुन्दर छ । तिमीले हिन्दु, क्रिस्चियन, मुसलमान वा बौद्ध धर्म जे स्वीकार गरेको छौं, त्यसले केही फरक पर्दैन, किनभने तिम्रो सफलताको परीक्षा भनेको तिम्रो भगवान्प्रतिको प्रेममा कति वृद्धिभएको छ, त्यो मुख्य विषय हो । यदि तिमीले आफ्नो इन्द्रियको प्रेमलाई भगवान्मा लगायौ भने त्यो नै तिमीले आफ्नो धार्मिक सिद्धान्तलाई वास्तवमा पालना गरेको हुन्छ । धर्म भनेको कुनै मन्दिर, मस्जिद, चर्चमा जानु र त्यहाँ हुने धार्मिक क्रियाकलापमा भाग लिनु, दान दिनु र फर्केर आउनु अनि पुनः मूर्खतापूर्ण कार्यगर्नु, त्यो धर्म होइन । यदि कुनै व्यक्ति महान् भनिन्छ भने उसको महान्ताको प्रमाण भनेको भगवान्प्रति उसले वृद्धि गरेको प्रेम हो अनि मात्र उसलाई धार्मिक व्यक्ति हो भन्न सकिन्छ ।

अब कसैले भन्न सक्दछ– "हो म पनि भगवान्लाई प्रेम गर्दछु ।" तर उसको प्रेमको प्रकृति कस्तो छ ? हाम्रो अनुभवअनुसार यस संसारका मानिसहरूले एउटी सुन्दरीलाई मात्र प्रेम गरेको हामीले देखेका छौं तर त्यो प्रेम कति समयसम्मका लागि हो ? जबसम्म उनी सुन्दरी रहन्छिन् । एउटी युवतीले युवकलाई कति लामो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

समयसम्म प्रेम गर्दछिन् ? जबसम्म उसको खल्तीमा रकम हुन्छ । यो प्रेम होइन, यो त कामना हो । "म तिम्रो छालालाई प्रेम गर्दछु, म तिम्रो पैसालाई प्रेम गर्दछु ।" यसो भन्नु प्रेम होइन । श्रीमद्भागवत्मा भनिएको छ, भगवान्सँगको प्रेम अहैतुकी वा कुनै स्वार्थरहित हुनुपर्दछ । "हे प्रिय भगवान् ! म हजुरलाई प्रेम गर्दछु किनभने हजुर मेरालागि प्रत्येक दिन खाना वा रोटी प्रदान गर्नुहुन्छ ।" के हामी यसो भन्दैनौं र ? साधारणतया मानिसले मस्जिदमा वा चर्चमा जहाँ पनि केवल एउटै मात्र प्रार्थना गर्दछ– "हे भगवान्, मलाई दिनहुँ भोजन प्रदान गर्नुहोस् ।" भारतमा साधारणतया मानिसहरू मन्दिरमा जान्छन् अनि यस्तो प्रार्थना गर्दछन्– "हे प्रिय कृष्ण, म सङ्कटमा छु मलाई यसबाट पार गर्नुहोस् वा मलाई केही धनको आवश्यकता छ, कृपया मलाई लाखौं डलर प्रदान गर्नुहोस् ।" यो भगवान्सँग गरिने प्रेम होइन ।

निश्चय नै यस प्रकारको धर्मभन्दा अधर्मी हुनु वेश हो । भगवान् श्रीकृष्णले भगवद्गीता ७.१६ मा भन्नुभएको छ– **चतुर्विधा भजन्ते माम् जनः सुकृतिनोऽर्जुन ।** जो कोही पनि भगवान् समक्ष गएर केही वरदान माग्दछ भने ऊ पुण्यवान् व्यक्ति हो तर ऊ भक्त होइन । त्यस्ता व्यक्तिलाई पुण्यवान् व्यक्तिमा गन्न सकिन्छ किनभने उसले भगवान्को सर्वोच्चतालाई जानेको हुन्छ तर उसले धर्मको सर्वोच्च सिद्धान्तरूपी भगवान्लाई गरिने प्रेमलाई विकसित गर्न सकेको हुँदैन ।

भगवान् श्रीचैतन्यले आफ्नो शिक्षाष्टक (७) मा भगवान्प्रतिको प्रेमको बारेमा वर्णन गर्नुभएको छ ।

युगायितं निमेषेण चक्षुषा प्रावृषायितम् ।
शून्यायितं जगत् सर्वं गोविन्द-विरहेण मे ॥

"हे प्रिय गोविन्द ! मैले प्रत्येक क्षण हजुरको दर्शन गर्न पाइरहेको छैन र ती क्षण मलाई बाह्र वर्षसमान लामा लागिरहेका छन्" । प्रत्येकलाई यसप्रकारको अनुभूति हुनुपर्दछ । यदि तिमी कसैलाई प्रेम गर्दछौं र उसको आगमन हुँदैछ भन्ने थाहा पाएपछि उसको प्रतीक्षामा प्रत्येक क्षण पुरा दिन समान लामा भइरहेका हुन्छन् । यसरी नै भगवान् श्री चैतन्यले भगवान् श्रीकृष्णको दर्शन गर्न पाइरहनु भएको छैन भन्नुहुन्छ– **'चक्षुषा प्रावृषायितम् ।'** मेरा आखाँबाट मुसलधारे वर्षाजस्तै आँसु झरिरहेका छन् । **'शून्यायितं जगत् सर्व'** "सम्पूर्ण जगत् शून्य लागिरहेको छ किनभने **गोविन्द विरहेण मे–** भगवान् श्री गोविन्दसँगको बिछोड सहन गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सकिंदैन भने मात्र त्यो प्रेम शुद्ध र अहैतुकी वा कुनै कारणरहित हुन्छ।

शुद्ध प्रेमको वर्णन गर्दै श्रीमद्भागवत्को अर्को शब्द "**अपरितिहता**" अर्थात् 'कुनै पनि कारणले कसैलाई दु:ख नदिई' भन्नेशब्द प्रयोग गरेको छ कहिलेकाहीं मानिसहरू भन्ने गर्दछन्– "म गरिब हूँ त्यसैले भगवान् श्रीकृष्ण सँग प्रेम गर्न सक्दिन वा मसँग विद्या छैन त्यसैले वेदान्त दर्शनको अध्ययन गर्न सक्दिन ।" तिमीले भगवान् श्रीकृष्ण प्रेम गर्नका लागि कुनै पनि भौतिक वस्तु प्राप्त गर्न आवश्यकता पर्दैन । भगवान् श्रीकृष्णसँगको प्रेम विकसित गर्न तिमीले सुरुमा केही फल-फूल लिएर मन्दिरमा जान पर्दछ अनि ती वस्तु भगवान्को मूर्तिमा अर्पण गर्नुपर्दछ। प्रेमका ६ वटा चिन्ह मध्ये यो एउटा हो भनेर रूप गोस्वामीले उपदेशामृत (४)मा वर्णन गर्नुभएको छ।

ददाति प्रतिगृह्णाति गुह्यमाख्याति पृच्छति ।
भुंक्ते भोजयते चैव षड्विधं प्रीतिलक्षणम् ॥

सर्वप्रथम तिमीले आफ्नो प्रेमीलाई केही अर्पण गर्नुपर्दछ र उहाँबाट दिइएको स्वीकार गर्नुपर्दछ। यदि तिमीले प्रेमबाट दिइएको वस्तु स्वीकार गर्ने तर उहाँलाई केही पनि अर्पण नगर्ने हो भने त्यहाँ प्रेम हुन सक्दैन । त्यसपछि **गुह्यं आख्याति पृच्छति**-अर्थात् तिमीले पनि आफ्नो मनमा कुनै गोप्य कुरा राख्न सक्ने छैनौ । त्यसै गरेर तिम्रा प्रेमीले पनि आफ्नो मनमा कुनै गोप्य कुरा राख्न सक्नुहुने छैन । अनि, **भुंक्ते भोज्यते चैव** अर्थात्, मानिसले आफ्नो प्रेमीलाई भोज्य पदार्थ अर्पण गर्नुपर्दछ र उहाँबाट पनि प्रदान गरिएका भोज्य पदार्थ ग्रहण गर्नुपर्दछ। जब हामीले यस्ता ६ प्रकारका प्रेम आदानप्रदान गर्ने कार्यहरू भगवान् श्रीकृष्णसँग गर्ने कार्य गर्दछौं अनि हामीमा भगवान्प्रतिको शुद्ध प्रेम विकसित हुन्छ । त्यस्तो प्रेम कुनै पनि भौतिक इच्छामा आधारित हुनुहुँदैन र त्यो प्रेम अवरोधरहित हुनपर्दछ।

यदि तिमीले भगवान्सँग यस्तो प्रेमको विकास गर्न सक्यौ भने तिमीले **सुप्रसिदति** अर्थात् पूर्ण सन्तुष्टि प्राप्त गर्न सक्दछौं अनि तिमीमा कुनै पनि चिन्ता र असन्तुष्टि हुनेछैन। अनि तिमीले यो सम्पूर्ण विश्व आनन्दलेयुक्त भएको महसुस गर्नेछौं । (**विश्वं पूर्णं सुखायते**) । त्यसैले, सबैभन्दा उत्तम धर्म भनेको जसले मानिसलाई भगवान्सँग प्रेम गर्न सिकाउँदछ सबैभन्दा उत्तम परोपकार भनेको त्यो हो, जसले यो ज्ञान सबैलाई वितरण गर्दछ । कृष्णभावनामृत आन्दोलनको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मुख्य उद्देश्य भनेको यो नै हो । त्यसैले, यो कृष्णभावनामृत आन्दोलन अति सुन्दर छ । यो कार्य कुनै पनि भौतिक आवश्यकतामा निर्भर पनि छैन र अन्य अवरोधले यसलाई रोक्न पनि सक्दैन । संसारको कुनै पनि भागमा, घरमा वा घरबाहिर, जहाँ पनि तिमीले प्रेममा विह्वल भएर हरे कृष्ण मन्त्रको जप कीर्तन गर्न सक्दछौं, जसले गर्दा तिमीले भगवान्सँगको प्रेम तत्काल प्राप्त गर्न सक्दछौ । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

2
कृष्णलाई स्वीकार गरौं र भ्रमलाई तिरस्कार गरौं

वासुदेवेभागवती
भक्ति योगः प्रयोजितः ।
जनयत्याशु वैराग्यं
ज्ञानं च यदहैतुकम् ॥

भगवान् श्रीकृष्णप्रति भक्तिमय सेवा गऱ्यौं भने हामीले तुरुन्त अहैतुकी ज्ञान प्राप्त गर्दछौं र संसारबाट विरक्त हुन्छौं ।

श्रीमद्भागवत् (१.२.७)

जुन व्यक्तिले भौतिक वस्तुहरू प्राप्त गर्नका लागि भगवान् श्रीकृष्णको भक्तिपूर्ण सेवा गर्दछ उसका लागि शास्त्रहरूमा यज्ञ, दान, तपस्या, ज्ञान आर्जन, योगिक शक्ति र अन्य दिव्य स्थितीको अनुभूति गर्ने जस्ता कार्यहरू सिफरिस गरिएको छ । उनीहरूको भनाइ अनुसार जसले यस्ता उच्चस्तरका कार्य गर्न सक्दैन, भगवान्प्रतिको भक्तिमय सेवा उसका लागि हो । साधारणतया भक्ति शूद्र, वैश्य, र कम ज्ञान भएका महिलाहरूका लागि हो भनेर भनिन्छ तर वास्तवमा त्यो सत्य होइन । भक्ति भनेको सबै दिव्य कार्यहरूभन्दा पनि उच्चस्तरको कार्य हो यो सजिलो छ र अलौकिक पनि छ । भक्ति शुद्ध भक्त जसले भगवान्सँग सम्वन्ध राख्न चिन्तित भइरहन्छ, उसका लागि पनि अद्भूत छ र जुन व्यक्ति भक्ति गर्नका लागि नयाँ छ, उसका लागि पनि यो भक्ति सरल कार्य हुन्छ । भगवान् श्रीकृष्णसँग सम्वन्ध राख्न सक्नु भनेको एउटा महान् वैज्ञानिक कार्य हो । यो काय शूद्र, वैश्य, महिला र शूद्रभन्दा तल्लो स्तरको व्यक्तिका लागि पनि खुला छ भने विशिष्ट र योग्यता भएका ब्राह्मण र आत्मसाक्षात्कार गरेका महान् राजाका बारेमा के नै भन्नु ? उच्चस्तरका भनिएका यज्ञ, दान, तपस्या आदि कार्यहरू पनि शुद्ध र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैज्ञानिक भक्तिको मार्गमा आवश्यक अनिवार्य परिणाममुखी कारक तत्वहरू हुन्। दिव्य अनुभूतिको मार्गमा अघि बढ्नका लागि ज्ञान र वैराग्यका दुई सिद्धान्त अनिवार्य कारक तत्त्व हुन्।

दिव्य अनुभूतिको मार्गमा पुग्नका लागि ज्ञान र वैराग्यका सिद्धान्तका दुई मुख्य कारक तत्त्व हुन् । सम्पूर्ण आध्यात्मिक पद्धतिले मानिसलाई आध्यात्मिक र भौतिक दुवैको पूर्ण ज्ञानतर्फ उन्मुख गराउँदछ त्यस्तो पूर्ण ज्ञानको परिणाम स्वरूप मानिस यस भौतिक जगत्तर्फको आसक्तिबाट विरक्त हुन्छ भने आध्यात्मिक कार्यतर्फ आसक्त हुन्छ । अल्पज्ञानीले सोचेजस्तै भौतिक वस्तुबाट विरक्त हुनु भनेको पूर्णरूपले निष्क्रिय हुन होइन । **नैष्कर्म** भनेको जुन कार्यले खराब वा असल परिणाम दिन्छ, त्यस्तो कार्य नगर्नु हो । नकारात्मक भनेको सकारात्मकको विपरीत होइन । अनावश्यकको विपरीत भनेको आवश्यक वस्तुको विपरीत भनेको होइन । त्यसै गरेर, भौतिक वस्तुबाट वैराग्य हुनु भनेको असल कार्यलाई निष्प्रभाव बनाउनु वा असल कार्य छोड्नु भनेको होइन । भक्तिको विकास गर्नु भनेको आवश्यकरूपको साक्षात्कार गर्नु हो । जब सकारात्मक रूपको अनुभूति हुन्छ नकारात्मक रूप स्वतः हराउँदछ । त्यसैले, भक्तिको विकाससँगै जब सकारात्मक रूपको सकारात्मक सेवा गरिन्छ अनि त्यस व्यक्तिको निम्नस्तरका वस्तुप्रति वैराग्य उत्पन्न हुन्छ अनि ऊ उच्चस्तरका वस्तुप्रति आसक्त हुन्छ । त्यसरी नै भक्ति भनेको प्राणीका लागि सबैभन्दा उच्चस्तरको कार्य हो, जसले उसलाई भौतिक इन्द्रियको सुखबाट टाढा लैजान्छ । त्यसो हुनु नै बुद्ध भक्तको लक्षण हो । त्यस्तो भक्त मूर्ख हुँदैन, ऊ न निम्नस्तरको शक्तिमा नै आवध्य हुन्छ, न उसका लागि भौतिक वस्तुको कुनै मूल्य नै हुन्छ । यस्तो हुनु कुनै आधिकारिक कारणविना सम्भव छैन । यो सबै भगवान्को कृपाबाट मात्र हुन सम्भव हुन्छ । सारांशमा भन्दा जुन व्यक्ति शुद्ध भक्त छ उसमा सबै असल गुणहरू, जस्तैः ज्ञान, वैराग्य आदि विद्यमान हुन्छन् तर जोसँग केवल ज्ञान वा वैराग्य मात्र हुन्छ त्यस्तो व्यक्तिले भक्तिको सिद्धान्त पूर्णरूपले प्राप्त गर्न सकेको हुँदैन । त्यसैले, प्राणीको सर्वोत्तम कार्य भनेको नै भक्ति गर्नु हो ।

भक्तिको अभ्यासद्वारा प्राप्त ज्ञानबाट मानिसले "म को हूँ?" भन्ने प्रश्नको उत्तर दिन सक्दछ । बृद्ध अवस्थामा हामीले पशुहरूले जस्तै ज्ञान प्राप्त गर्न नसकी अज्ञानले युक्त जीवन बिताइरहेका हुन्छौं । पशुहरूमा आफ्नो बारेको कुनै ज्ञान हुँदैन । त्यसैले, तिनीहरू शारीरिक जीवनको भावनामा सदैव आसक्त

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भइरहन्छन् । कुकुरले "म कुकुर हूँ र यो शरीर मेरो हो ।" भन्ने सोच्दछ । वास्तवमा उसलाई ऊ कुकुर हो कि बिरालो, जानकारी नै हुँदैन । त्यसलाई "कुकुर" भनेर नाम हामीले नै दिएका हौं । उसले सामान्यतः के थाहा पाएको हुन्छ भने "म यो शरीर हूँ । त्यसैले, मैले यसका आवश्यकताहरू पूरा गर्नुपर्दछ ।" त्यो नै उसको व्यवसाय वा कार्य हो । त्यसैले ऊ दिन रात आफ्नो शारीरको आवश्यकता पूरा गर्न लागिरहन्छ, त्यो नै अज्ञानता हो ।

जब हामी कुकुर बिरालो नभएर एउटा मानव शरीर प्राप्त गर्दछौं अनि हामीले "म यो शरीर होइन, म आत्मा हूँ" भन्ने कुरा बुझ्न सक्दछौं । त्यसैले वेदान्तसूत्रमा भनिएको छ '**अथातो ब्रह्म जिज्ञासा**:' जब मानव शरीर प्राप्त हुन्छ अनि उसले ब्रह्मका बारेमा जानकारी लिनुपर्दछ । धेरै वर्षको, धेरैजन्म र आठ लाख निम्नस्तरका योनीमा स्थानान्तरण हुँदै यो मानव शरीर प्राप्त हुन्छ । त्यसैले, यसरी प्राप्त भएको शरीर केवल पशुले जस्तै खाने, सुत्ने, सुरक्षा गर्ने र मैथुन गर्दै नष्ट गर्नुहुँदैन । शरीरका आवश्यकताहरू पशु र मानवमा समान हुन्छन् तर मानव जीवनको विशिष्ट सुविधा के हो ? मानव जीवनमा उसले आफ्नो जीवनको मूल्य के हो ? जीवनका समस्या के हुन् र त्यस्ता समस्याको समाधान कसरी गर्नुपर्दछ ? भन्ने कुरा बिरालोले जस्तै केवल शरीरको पूर्ण सन्तुष्टि प्राप्त गर्न नसकिने आवश्यकताहरू पूरा गर्नका लागि नष्ट गर्नुहुँदैन ।

शास्त्रले बारम्बार यस्तो निम्नस्तरको जीवका बारेमा हामीलाई सावधान हुन आग्रह गरेको छ । श्रीमद्भागवत् (५.५.१) मा भगवान् ऋषभदेव भन्नुहुन्छ– '**नायं देहोदेह भाजन्म नृलोके**' "यो मानव जीवन दिसा खाने सुँगुरले जस्तै ठूलो परिश्रम गर्दै केवल इन्द्रिय सन्तुष्टि गर्नका लागि होइन ।" भोजन ग्रहण गर्नुपर्दछ तर गाउँको सुँगुर भने दिनभरि नै अति घृणित दिसा खान त्यसको खोजीमा लागिरहन्छ, त्यसरी होइन । यदि मानिसले यो तथाकथित सभ्यताको निर्माण, जहाँ दिनरात कठिन परिश्रम गर्दै केवल अन्न प्राप्त गर्नका लागि कार्य गर्दछ भने त्यस सभ्यताका मानिसको जीवन सुँगुरको जीवन भन्दा कुन अर्थमा नै असल भयो र ? मानव जीवन त्यसको लागि होइन मानव जीवन त अति शान्तिमय हुनुपर्दछ । मानिसले भोजन सजिलै प्राप्त गर्नुपर्दछ । पवित्र भोजन ग्रहण गर्नुपर्दछ र बाँकी समय वचत गरेर त्यो समयमा कृष्णचेतनाको विकासमा लगाउनुपर्दछ । यसरी गर्नु नै मानव जीवन हो तर यदि हामीले सुँगुर, कुकुर र विरालोको जस्तो समाज निर्माण गर्‍यौं भने भगवान् श्रीकृष्णले हामीलाई त्यस्तै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

अवसर प्रदान गर्नुहुन्छ अनि हामी दिनरात केवल खाने, सुत्ने, सम्भोग गर्ने र सुरक्षा गर्ने कार्यमा लागिरहने छौं । अहिले मानिसको त्यस्तै अवस्था छ किनभने मानिस त्यस्तै हुन चाहन्छ ।

वास्तवमा खाद्यान्न प्रचुर मात्रामा उपलब्ध छ किनभने भगवान् श्रीकृष्ण यति दयालु हुनुहुन्छ, उहाँले प्रत्येकलाई भोजन उपलब्ध गराउनुहुन्छ । (**ऐको बहूनां यो विदधाती कामान**) उहाँले लाखौं करोडौं प्राणीलाई अन्न प्रदान गरिरहनुभएको छ । संसारभरि करोडौं प्राणीलाई अन्न प्रदान गरिरहनुभएको छ । संसारभरि करोडौं पक्षी छन् । तिनलाई कसले खुवाइरहेको छ ? भगवान् श्रीकृष्णले खुवाउनुभएको छ । यस संसारको वास्तविक समस्या भनेको अधिक जनसङ्ख्या वा खाद्यान्नको अभाव होइन । समस्या भनेको भगवान्प्रतिको चेतनाको अभाव हो । त्यसैले, मानिसहरूले दुःख पाइरहेका छन् । यस्तो भनेर शरीरका आवश्यकतालाई तिरस्कार गर्नु भन्न खोजिएको होइन । ती आवश्यकताको पनि परिपूर्ति गर्नुपर्दछ तर केवल ती आवश्यकताको परिपूर्तिमा नै आफूलाई व्यस्त राख्नुहुँदैन । हामी आत्मा हौं । त्यसैले, आत्माका आफ्नै आवश्यकता हुन्छन् । हामीले ती आवश्यकता पूरा गर्नुपर्दछ अनि मात्र हामी सुखी हुन सक्दछौं ।

यो श्लोकले दिएको निर्देशनको पालना गऱ्यौं भने हामीमा ज्ञान र वैराग्य उत्पन्न हुन्छ अनि हामीले ती सबै आवश्यकताहरू पूरा गर्न सक्दछौं । ज्ञान नभएसम्म वैराग्यता प्राप्त गर्न सकिंदैन । वास्तविक ज्ञान नभएसम्म वैराग्य प्राप्त गर्न सकिंदैन । वास्तविक ज्ञान भनेको "म यो शरीर होइन" भनेर बुझ्नु हो । जब हामीले हामी यो शरीर होइनौं भनेर बुझ्दछौं, तत्काल यी इन्द्रिय र वासनाको परिपूर्ति आवश्यक छैन भन्ने पनि बुझ्नेछौं । यो बुझ्नु नै वैराग्य हो तर ज्ञान भएन भने हामीले इन्द्रियलाई सन्तुष्ट गर्नुपर्दछ भन्ने मात्र सोच्ने छौं । शरीरको धारणामा लिप्त हुनु नै अज्ञानता हो किनभने त्यससमय हामीले हाम्रो कार्य भनेको केवल इन्द्रियलाई सन्तुष्ट गर्नु हो भन्ने सोच्दछौं ।

यो सम्पूर्ण संसार इन्द्रिय भोगको आधारमा नै अघि बढिरहेको छ । जब युवक र युवतीको भेटहुन्छ उनीहरू बीच इन्द्रियभोगको भावना तीव्र हुन्छ । श्रीमद्भागवत् (५.५.८) मा भनिएको छ ।

पुंसः स्त्रीया मिथुनिभावमेतं
तयोर्मिथो हृदयग्रन्थिमाहुः ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतो गृहक्षेत्रसुताप्तवित्तै-
र्जनस्य मोहोऽयमहं ममेति ॥

जब कुनै पुरूष महिलातर्फ आकर्षित हुन्छ अनि महिला पनि पुरुषतर्फ आकर्षित हुन्छिन् अनि उनिहरू सम्भोगका लागि तयार हुन्छन्। यस्तो पारस्परिक आकर्षण अति बलवान् हुन्छ अनि उनीहरूले विवाह गर्दछन्। विवाहपश्चात् उनीहरूलाई घरको आवश्यकता पर्दछ। धन कमाउन कुनै कामको आवश्यकता पर्दछ वा खाद्यान्न आर्जन गर्न जमिनको आवश्यकता पर्दछ। त्यसपछि बच्चा जन्मन्छन् (सुत), साथी र नातेदारका बन्धन हुन्छन् (आप्त) र धन (वैत:) प्राप्त हुन्छ। यसरी प्राणी भ्रमको जालमा बाँधिन्छ अनि सोच्दछ- "म यो शरीर हूँ र यो मेरो परिवार र सम्पति मेरो हो"।

वास्तवमा कुनै पनि वस्तु हाम्रो होइन। जब मृत्यु आइपुग्दछ तब मानिसले आफ्नो शरीर त्याग गर्नुपर्दछ। जब उसले अहिलेको शरीर छोड्दछ अहिलेका सबै कुरा समाप्त हुन्छन्। उसका पत्नी, सम्पत्ति, परिवार, देश, समाज सबै सम्बन्ध समाप्त हुन्छन्। भगवद्गीतामा (१०.३४) मा भगवान् श्रीकृष्णले भन्नुभएको छ- **मृत्यु सर्व हरश्चाहम्** "मृत्यु भएर मैले सबै हर्दछु"। भक्तका अघि भगवान् श्रीकृष्ण बाँसुरी बजाउँदै सुन्दर रूपमा प्रकट हुनुहुन्छ भने अभक्तका लागि मृत्युस्वरूप भएर प्रकट हुनुहुन्छ। यसरी उनीहरूले भगवान्को दर्शन गर्न सक्दछन्। अधर्मीहरूले चुनौती दिंदै भन्दछन्– "तिम्रो कृष्ण खोई ? भगवान् कहाँ छन् ?" अनि तिनीहरूले आफ्नो मृत्युको समयमा भगवान्लाई साक्षात् मृत्यु समान देख्दछन्।

यसरी, अधर्मीहरूले भगवान् श्रीकृष्णलाई केवल मृत्युको समयमा मात्र दर्शन गर्न सक्दछन्। धार्मिक व्यक्तिले भगवान्प्रति प्रेम गर्ने हुनाले नित्य प्रत्येक क्षण आफ्नो हृदयमा दर्शन गर्न सक्दछन्। प्रेमञ्जनवेदान्तसूत्र (५.३८)। श्रीमद्भागवत्को (१.२.६) यसअघिको श्लोकमा प्राणीको एक मात्र सर्वोच्च धर्म भनेको भगवान्सँगको प्रेम अभिवृद्धि गर्नु हो भनेर व्याख्या गरिएको छ- **'स वै पुंसा परो धर्मे यतो भक्तिर् अधोक्षजे**।' यस्तो चरित्र हुन आवश्यक छ। तिमी जुनसुकै धर्मका क्रिस्चियन, मुस्लिम, हिन्दु हुन सक्दछौं तर तिमी धार्मिक छौं भनेर परीक्षा गर्ने भनेको तिमीले भगवान्सँगको प्रेम कति विकसित गरेका छौं, त्यो नै परीक्षाको माध्यम हो। त्यस्तो प्रेमको विकासविना तिम्रो धार्मिक प्रक्रिया, कार्य विधि सबै अर्थहीन हुन्छन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कहिलेकाहीं मानिसले सोच्दछन्- "के तिमीले भगवान्को दर्शन गरेका छौ?" भगवान्को दर्शन गर्न त्यति कठिन छैन । तिमीले भगवान्प्रतिको प्रेम विकसित गऱ्यौ भने तिमी भगवान्को दर्शन पाउन योग्य हुन्छौ । त्यसपछि तिमीले प्रत्येक क्षण भगवान्को दर्शन गर्न सक्नेछौं । यो नै सूत्र हो । यदि तिमीले आफ्नो कृष्णचेतनाको स्तर भगवान्लाई हरेक क्षण आफ्नो हृदयमा दर्शन गर्न पाउनेसम्म विकसित गर्न सक्यौं भने, शास्त्रमा सिफारिस गरिएअनुसार यस भौतिक जगत्मा भगवान्को दर्शन गर्न सक्नेछौ । उदाहरणका लागि श्रीमद्भागवद् गीतामा (७.८) भगवान् श्रीकृष्णले भन्नुभएको छ - **रसोऽहमप्सु कौन्तेय**– "म पानीको स्वाद हूँ" । यसरी पानी पिउँदा यदि तिमीले "पानीको स्वाद भगवान् श्रीकृष्ण हुनुहुन्छ" भन्ने कुराको सम्झना गऱ्यौ भने पनि तिमीले भगवान् श्रीकृष्णको दर्शन गर्न सक्दछौ । के यसो गर्न कठिन छ ? छैन । भगवान् श्रीकृष्ण भन्नुहुन्छ - **प्रभास्मि शशिसूर्ययो**ः - "सूर्य र चन्द्रमाको किरण म हूँ" । यदि पानी पिउँदा तिमीले भगवान् श्रीकृष्णको स्मरण गर्ने बिर्स्यौं भने सूर्य र चन्द्रको किरणदेखेर तिमीले भगवान्को स्मरण गर्न सक्दछौ । यदि कसैले भगवान्को दर्शन गरेको छैन ?" भनेर सोधे हामीले भन्न सक्दछौं हो हामीले र तिमीले पनि सूर्यको किरणको रूपमा दर्शन गरेका छौं किनभने भगवान्ले सूर्यचन्द्रको किरण म हूँ भनेर भन्नुभएको छ । कसले सूर्यको प्रकाश देखेको छैन ? यसरी पानीको स्वाद लिदा, सूर्यको प्रकाश देख्दा, यसरी भगवान्को दर्शन गर्न सुरु गर्नुपर्दछ । यसरी, भगवान्को स्मरण गर्नु भनेको उहाँको दर्शन गरे सरह नै हो । भगवान्को आध्यात्मिक दर्शन गर्नु भनेको केवल आँखाबाट मात्र होइन किनभने भगवान् श्रीकृष्ण ब्रह्म हुनुहुन्छ । उहाँको दर्शन नाम, जप, कीर्तन गर्दा उहाँका बारेमा व्याख्या गर्दा पनि उहाँको दर्शन गर्न सकिन्छ । **श्रवणं कीर्तनं विष्णो स्मरणं पमदसेवनम्** (श्रीमद्भागवत् ७.५.२३) जब भगवान् श्रीकृष्णका बारेमा सुन्दछौ, तिमीले उहाँको दर्शन गर्दछौ त्यस समय उहाँको दर्शन गर्दछौ । भगवान्को दर्शन गर्ने यो प्रक्रिया हो ।

यदि तिमीले भगवान् श्रीकृष्णका बारेमा केही सुन्दछौ, कीर्तन गर्दछौ, उहाँको स्मरण गर्दछौ, उहाँको पूजासेवा गर्दछौ, अन्य सेवा गर्दछौ, केही अर्पण गर्दछौ । यसो गर्दा चौबीसै घण्टा प्रत्येक क्षण तिमीले भगवान् श्रीकृष्णको दर्शन गर्न सक्दछौ । यो नै भक्तियोग हो । कृष्णभावनामृत सङ्घमा मेरा विद्यार्थीहरूले यही सिद्धान्तको अनुसरण गरिरहेका छन् । तिनीहरूले भगवान् श्रीकृष्णका लागि भोजन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तयार गर्दछन्, भगवान्का लागि नाच्दछन्, भगवान्का लागि गाउँदछन्, भगवान्का बारेमा कुरा गर्दछन्, भगवान् श्रीकृष्णका लागि संसारको भ्रमण गर्दछन् र सबै कार्य भगवान् श्रीकृष्णका लागि गर्दछन् । जसले पनि यो सिद्धान्तलाई अङ्गीकार गर्न सक्दछ। यसो गर्न के नै कठिनाइ छ ? **वासुदेवे भगवति भक्तियोगः प्रयोजितः** (श्रीमद्भागवत् १.२.७) यदि तिमीले यसरी कृष्णभावनामृतको प्रक्रियालाई अगाडि बढायौ भने परिणामस्वरूप **ज्ञानाऽसु वैराग्यं ज्ञानां च पद् अहैतुकम्**:- धेरै चाँडो तिमीले स्वतः ज्ञान र वैराग्य प्राप्त गर्नेछौं ।

ब्रह्मसाक्षात्कार गर्न चाहने योगीहरूले यम, नियम, आसन, प्रणायाम, प्रत्याहार, धारणा, ध्यान र समाधि जस्ता प्रक्रियाको पालना गर्दै बढो कठोरतापूर्वक वैराग्यका लागि प्रयास गर्दछन् । यसलाई अष्टाङ्ग योग पद्धति भनिन्छ । यसको लक्ष्य के हो ? भौतिक संसारबाट वैरागी हुनु हो ? आजकल मानिसहरू योगलाई स्वास्थ्यको लक्ष्य ठान्दछन् तर वास्तवमा योगको उद्देश्य भने त्यो होइन । योग भनेको मानिसलाई पदार्थबाट विरक्त गरेर भगवान्सँग सम्बन्ध स्थापित गराउनु हो । यसलाई नै योग भनिन्छ ।

विभिन्न प्रकारका योग छन् तर भगवान् श्रीकृष्णले भगवद्गीता (६.४७) मा सर्वोच्च योगको बारेमाभन्नुभएको छ–

योगीनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान् भजते यो मां स मे युक्ततमो मतः ॥

जुन व्यक्ति भौतिक सुख र सम्पतितर्फ ज्यादै आसक्त हुन्छ, उसले समाधि प्राप्त गर्न सक्दैन । त्यस्ता व्यक्तिहरूले भौतिक सुख र सम्पत्तिले सबै सुख दिन्छ भन्ने सोच्दछन् त्यसैले, तिनीहरूलाई **अपहृतचेतसाम्** वा भ्रमित भएको भनिन्छ तर, यदि तिमीले भक्तियोगको अभ्यास गर्‍यौ भने वैराग्य स्वतः आउँदछ र कृष्णचेतनातर्फको तन्मयता प्राप्त हुन थाल्दछ ।

यो सम्पूर्ण कृष्णभावनामृत आन्दोलन ज्ञान र वैराग्यको सिद्धान्तको आधारमा आधारित छ । अहिले हामीले अज्ञानताले गर्दा "म यो शरीर हूँ र म पत्नी, छोराछोरी, नाति, नातिना, ज्वाईं, बुहारी आदि शरीरका सम्बन्धसँग आसक्त छु" भन्ने सोच्दछौं । यसप्रकारले हामीले आसक्त हुने यस्ता सम्बन्धहरूलाई आफ्ना चारैतिर एकत्र गर्दछौं । यस्ता आसक्तिहरूलाई एकै क्षणमा तिरस्कार गर्न वा निर्मूल गर्न सकिदैन तर तिनलाई कृष्णभावनामृतमा लगेर समन्वित गर्नुपर्दछ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनासक्तस्य विषयान् यथार्हम् उपयुञ्जतः ।
निर्वन्धः कृष्णसम्बन्ध युक्तं वैरागयं उच्चते ॥

महिला र पुरूष गृहस्थ भएर साथसाथै बस्न सक्दछन् तर उनीहरूको सम्वन्ध भगवान् श्रीकृष्णसँग हुनुपर्दछ र उनीहरूको उद्देश्य भनेको भगवान् श्रीकृष्णको सेवा गर्ने कार्य हुनुपर्दछ । पति, पत्नी, छोरा, छोरी, सबै कृष्णचेतनाले युक्त भएर सेवामा लाग्नुपर्दछ, जसले गर्दा उनीहरूको शरीरसँगको र भौतिक आसक्ति समाप्त भएर जान्छ । तिमीले भगवान् श्रीकृष्णको सानो मूर्ति वा तस्बिर घरमा स्थापित गरेर पूजा सेवा गर्न सक्दछौं । उदाहरणका लागि प्रत्येकले आफ्नो आहारको लागि भोजन बनाउनु नै पर्दछ । त्यसैले, भगवान् श्रीकृष्णका लागि भनेर शाकाहारी भोजन बनाऊ त्यो भोजन प्रसाद ग्रहण गर । यसो गर्नु नै भक्ति योग हो । मूर्ति केवल मन्दिरमा मात्र स्थापित गर्नुपर्दछ भन्ने छैन । के घरमा स्थापित गर्न सकिंदैन ? भगवान् श्रीकृष्ण विराट् पुरूष हुनुहुन्छ । त्यसैले, उहाँ तिम्रो घरको सानो मूर्तिमा पनि आउनुहुन्छ । अणुर अबियान् महतो महियान्– भगवान् ठूलोभन्दा ठूलो र सानोभन्दा सानो हुनुहुन्छ । त्यो नै उहाँको महानता हो ।

भगवान् श्रीकृष्णसँग सम्बन्धित विज्ञानको ज्ञान भएको आधिकारिक गुरुको निर्देशनमा प्रत्येकले भक्तियोगको अभ्यास गर्न सक्दछ । मानव जीवनको यो अवसर नष्ट हुन नदेऊ । भक्तियोगको अभ्यास गर । कृष्ण चेतनाले युक्त भएर आफ्नो जीवन सफल बनाऊ । हाम्रो उद्देश्य भनेको यो विज्ञानको शिक्षा सबैलाई दिनु हो । "मलाई केही रकम देऊ अनि म तिमीलाई शिक्षा दिन्छु ।" यो व्यापार होइन, यो ज्ञान निःशुल्क छ । हामी सबैलाई केवल हरे कृष्ण मन्त्र जप्ने कीर्तन गर्ने उत्साह बढाउँदछौं । त्यसो गर्न के समस्या भयो र ? केवल हरे कृष्ण कीर्तन गर नाच । नाच्नका लागि किन क्लब जान्छौ ? सम्पूर्ण परिवारले आफ्नो घरमा नै कीर्तन गर्दै नाच्न सक्दछन् । त्यसैगरेर तिमी सुखी हुन सक्दछौ । त्यसपछि तिमीले आफू भगवान् श्रीकृष्णको सेवक भएको वैधानिक स्थितिको बारेमा बुझ्ने छौ ।

भगवान् श्रीकृष्णको सेवकको स्थिति नै यस मानव जीवनको मुख्य उद्देश्य हो भन्ने कुरा हामीले बुझ्नुपर्दछ । यस्तो ज्ञानले स्वाभाविकरूपले वैराग्य प्रदान गर्दछ । श्री चैतन्य महाप्रभुका दुई शिष्य सनातन गोस्वामी र रूप गोस्वामी दुई राम्रा उदाहरण हुनुहुन्छ । भगवान् चैतन्यसँग भेट हुनु अघि उहाँहरू राजा नबाब

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुसैन शाहका मुख्य मन्त्री हुनुहुन्थ्यो । उहाँहरूको उच्च धनि वर्गका व्यक्तिसँग सम्वन्ध थियो । जब उहाँहरूले श्रीचैतन्य महाप्रभुलाई भेट्नुभयो तब उहाँहरूले राजाको सेवाबाट निवृत्त हुने निर्णय गर्नुभयो । भगवान् चैतन्यको कृष्णभावनामृत आन्दोलनमा समाहित हुनुभयो । उहाँहरूको बारेमा भनिन्छ– **त्यक्त्वा तुर्णमशेषमण्डलपतिश्रेणीं सदा तुच्छवत्**- हुनत उहाँहरू सामाजका ठूला नेता हुनुहुन्थ्यो तर त्यसलाई तुच्छ ठानेर तुरुन्त त्याग गर्नुभयो । त्यसो भए उहाँहरूले के गर्नुभयो ? **भुत्वा दिन-गणेशकै करुणया कौपीन कन्थाश्रितौ**–सम्पूर्ण मानव समाजको हितका लागि उहाँहरू वैराग्य भिक्षु बन्नुभयो र कृष्णचेतनाको शिक्षा प्रदान गर्नुभयो ।

यहाँ दिनगण शब्दको अर्थ "गरिबको समूह" हो । रूप गोस्वामीले र सनातन गोस्वामी मानिसहरूमा ज्यादै गरिब र आफ्नो जीवनको लक्ष्य के हो त्यसको बारेमा जानकारी नभएको देख्नुभयो । जुन व्यक्ति दिव्य ज्ञानका बारेमा अनभिज्ञ छ, त्यो वास्तवमा गरिब नै हुन्छ । भौतिक गरिबीको कुनै अर्थ छैन किनभने त्यो अवस्था आउनेजाने भइरहन्छ र मानिसले त्यो सहनुपर्दछ । **तांस्तितिक्षस्व भारत ।** यदि तिमीसँग प्रशस्त धन भए पनि यदि तिमीसँग दिव्य ज्ञानको जानकारी छैन भने तिमी सुखी हुन सक्दैनौ । त्यसैले, दिव्य ज्ञान नै वास्तवमा सबै सम्पति हो । त्यसकारण, भारतमा दिव्यज्ञानले युक्त जसलाई परम्ब्रह्म कृष्णका बारेमा जानकारी हुन्थ्यो उनीहरूलाई राजाहरूले पनि सम्मान गर्दथे ।

हामीहरू ज्ञान र वैराग्यको ज्ञानले सम्पन्न हुनुपर्दछ । हामी लामो समयदेखि भौतिक जीवनको मार्गमा आसक्त भएकाले भ्रमित भइरहेका छौं । हामीले हाम्रो यो जीवन अज्ञानतामा बिताइरहेका छौं । त्यसैले मृत्यु पश्चात अर्को जीवन वा शरीर प्राप्त गर्नेछौं । त्यसपछि हाम्रो अर्को अध्याय सुरु हुनेछ । यसप्रकार हाम्रा धेरै जीवन आउनेजाने भइरहेका छन् । त्यसकारण, हामीले यो भौतिक जीवनको मार्गमा वैराग्य ल्याउनुपर्दछ, जसले गर्दा यो बारम्बार शरीर परिवर्तन गर्ने कार्य वन्द गर्न सकियोस् ।

तर दुर्भाग्यपूर्ण अवस्था यस्तो छ- मानिसहरू यो शरीर परिवर्तन हुने प्रक्रियाका बारेमा धेरै चिन्तित हुँदैनन् । उनीहरू सोच्दछन्– "हामी जस्तो अवस्थामा छौं त्यही नै ठीक छ । अर्को शरीर प्राप्त गर्नुपर्ने भए पनि हामी ठीकै ठान्दछौं । जे हुने होस् होस् ।" यस्तो सोच्नु कुनै बुद्धिमता होइन, तिमीले ज्ञान प्राप्त गर्नु नै पर्दछ । यो ज्ञान, भगवान श्रीकृष्णले शिक्षा दिनुभएको सुरुआतमा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवद्गीता (२.११) मा उल्लेख छ । **अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषासे ।** “अर्जुन, तिम्रा कुरात विद्वान्का जस्ता छन् तर ती सबै कुरा शरीरसँग सम्बन्धित छन् जुन विषयको बारेमा कसैलाई पनि वास्ता हुनुहुँदैन ” । **गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ।** “ज्ञानी पण्डितहरू यस शरीरप्रति त्यति धेरै आसक्त हुँदैनन् तर मूर्खहरू भने शरीरका समस्याप्रति आसक्त हुन्छन्” यो बुझ्नु नै ज्ञान हो ।

मानिसले ज्ञान धेरै सजिलै प्राप्त गर्न सक्दछ । कसरी ? भगवद्गीता (१०.१०) मा भगवान् श्रीकृष्णले व्याख्या गर्नुभएको छ :

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ॥

यदि तिमी भगवान् श्रीकृष्ण वासुदेवको भक्तिपूर्वक सेवामा रहन्छौ, भगवान् जो तिम्रो हृदयमा विराजमान हुनुहुन्छ उहाँले तिमीलाई ज्ञान प्रदान गर्नुहुन्छ । तर, त्यो सेवा प्रेम र श्रद्धाले युक्त हुनपर्दछ, जुन शिक्षा हामीले कृष्णभावनामृतमा दिने गर्दछौं । भगवान् श्रीकृष्ण तिम्रो हृदयमा विराजमान हुनुभएको हुनाले तिमी को हौ भन्ने कुरा उहाँले जान्नुहुन्छ ? तिमीले उहाँलाई ठग्न सक्दैनौ । जब उहाँले तिमी उहाँका बारेमा जान्न गम्भीर छौ भन्ने थाहा पाउनुहुन्छ अनि उहाँले तिमीलाई ज्ञान प्रदान गर्नुहुन्छ, जसले गर्दा तिमी उहाँकोमा जान सक्नेछौ । ज्ञान त्यो प्रक्रिया हो, जसलाई भक्तियोग भनिन्छ त्यो कुरा भगवान् श्रीकृष्णले भगवद्गीता (१८.५५) मा भन्नुभएको छ ।

भक्त्या मामभिजानाति यावान् यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ॥

“केवल भक्तिमय सेवाद्वारा मात्र मानिसले म भगवान् हूँ भन्ने कुरा जान्न सक्दछ । जुन व्यक्ति यस्तो मेरो चेतनाले युक्त भक्तिमा रहन्छ, ऊ भगवान्को धाममा प्रवेश गर्न सक्दछ ।”

त्यसैले, तिमीले ज्ञान प्राप्त गर्नेछौ । तिमी भौतिक र इन्द्रिय सुखतर्फ स्वतः विरक्त हुनेछौ । भौतिक संसारमा प्रत्येक व्यक्तिले अज्ञानताको अधीनमा रहेको कार्य गर्दछ । त्यसैले, आफ्ना इन्द्रिय सुखको वृद्धिका लागि प्रयास गर्दछ भने आध्यात्मिक जगत्मा प्रत्येकले भगवान्का इन्द्रियसुखका लागि कार्य गर्दछन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चैतन्यचरितामृत - (आदिलीला ४.१६५) को दुई श्लोकमा भौतिक र आध्यात्मिक प्रेरणाका बारेमा धेरै व्याख्या गरिएको छ ।

आत्मेन्द्रिय प्रीति वाञ्चा तारे वलिकाम ।
कृष्णेन्द्रिय प्रीति इच्छाधरे प्रेम नाम ॥

"आफ्ना इन्द्रियका इच्छापूर्ण गर्ने भावनालाई काम भनिन्छ भने भगवान् श्रीकृष्णका इन्द्रिय सन्तुष्ट गर्ने भावनालाई प्रेम भनिन्छ ।"

हामीले अर्जुनमा उत्पन्न भएको काम र प्रेमरूपी दुई विरोधाभास व्यवहार देख्यौं । पहिले उनले आफ्नो इन्द्रियलाई सन्तुष्ट पार्ने इच्छा गरे- "हे प्रिय कृष्ण ! सम्भवतः म आफ्ना भतिजा, हजुरबुवा र गुरु द्रोणाचार्यको वध गर्न सक्दिन " तर जब भगवान् श्रीकृष्णले उनलाई भगवद्गीताको उपदेश प्रदान गर्नुभयो र अर्जुनलाई सोध्नुभयो- "तिम्रो निर्णय के छ ? अर्जुनले उत्तर दिए–

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गतसंदेहः करिष्ये वचनं तव ॥

(भगवद्गीता १८.७३)

"हे प्रिय कृष्ण ! हजुरको कृपाले गर्दा मेरा सबै भ्रम नष्ट भएका छन् र मैले आफ्नो मूल कृष्णभावना प्राप्त गरेको छु ।" अनि उनको अन्तिम निर्णय के थियो ? मेरो कर्तव्य भनेको हजुरलाई सन्तुष्ट गर्नु हो, मेरा इन्द्रियको सन्तुष्टि होइन । यसप्रकार अर्जुन पुनः भगवान् श्रीकृष्णका भक्त बने अनि कुरुक्षेत्रको मोर्चामा युद्ध गरे ।

कृष्णभावना भगवान्को शुद्ध प्रेम कृत्रिम होइन । सुरुआतमा तिमीले भक्तियोगका केही सैद्धान्तिक नियमको पालना गर्नुपर्दछ । केही समय पश्चात् तिमीले स्वाभाविक निरन्तर भगवान्प्रतिको प्रेम प्राप्त गर्न सक्नेछौ । चैतन्य चरितामृत (मध्य लीला २२.१०७) मा भगवान् चैतन्य सनातन गोस्वामीका बारेमा व्याख्या गर्नुभएको छ–

नित्य सिद्ध कृष्ण प्रेम साध्य कबु नाय ।
श्रवणासदि शुद्ध चिन्ते करे उदय ॥

"भगवान् श्रीकृष्णप्रतिको शुद्ध प्रेम प्रत्येक प्राणीको हृदयमा शाश्वतरूपले स्थापित भएको हुन्छ । त्यो प्रेम अन्य स्रोतबाट प्राप्त गर्नुपर्ने होइन । जब भगवान्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीकृष्णका बारेमा सुन्ने, नाम जप्ने र कीर्तन गर्ने गरिन्छ तब हृदय शुद्ध भएर प्रेम स्वाभाविकरूपले जागृत हुन्छ ।"

हुनत हामी भगवान्का अंश भएका हुनाले हामी सबैसँग प्रेम पहिला देखिनै विद्यमान छ तर भौतिक सङ्गतीका कारण र कामवासनाले त्यो प्रेमलाई ढाकेको छ । जब ऐनाले धूलो ढाकेर राखेको हुन्छ, तब हामीले त्यसमा हाम्रो प्रतिविम्ब देख्न सक्दैनौं तर सफा गरेपछि हाम्रो अनुहार सफासँग देख्न सक्दछौं । त्यसै गरेर यो भक्तियोगको प्रक्रियाले हाम्रो हृदयमा रहेको मैलोलाई सफा गर्दछ । जब राम्रोसँग सफा हुन्छ अनि तिमीले आफू को हौ, गर्नु पर्ने कार्य के हो, जसले गर्दा तिमी सुखी हुन सक्दछौं भन्ने थाहा पाउन सक्दछौं । सबै कुरा स्पष्ट हुन्छ ।

त्यसकारण, तिमी कृष्णभावनाको आन्दोलनमा गम्भीरतापूर्वक संलग्न होऊ र आफूलाई भगवान् श्रीकृष्णको सेवामा अर्पण गर भनेर अनुरोध गर्दछौं । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

3
स्वतन्त्र ब्रह्मज्योति र आत्माको दर्शन

धर्मः स्वनुष्ठितः पुंसां
विष्वक्सेन कथासु यः ।
नोत्पादयेद्यदि रतिं
श्रम एव हि केवलम् ॥

आफ्नो अवस्थाअनुसार मानिसले जुन स्वाभाविक कार्य सम्पन्न गर्दछ, यदि ती कार्य भगवान्‌का सन्देशतर्फ आकर्षित छैनन् भने त्यो परिश्रम व्यर्थ हुन्छ ।

(श्रीमद्भागवत् १.२.८)

मानिसको आफ्नो अवस्थाअनुसार उसका विभिन्न प्रकारका स्वाभाविक कार्यहरू हुने गर्दछन् । स्थूल भौतिकवादी व्यक्ति, जसले यो स्थूल भौतिक शरीर बाहेक अन्य केही देख्न सक्दैन, उसका लागि इन्द्रियभन्दा पर अन्य केही पनि हुँदैन । त्यसकारण, उसका स्वाभाविक कार्यहरू सीमित हुन्छन् । ती सबै आफ्नै स्वार्थमा मात्र निहित हुन्छन् । साधारणतया यस्तो आफ्नो स्वार्थमा मात्र केन्द्रित कार्यहरू तल्लोस्तरका पशुहरूमा मात्र देखिने गर्दछ । व्यक्तिगत स्वार्थ मानव, समाज, परिवार, राष्ट्र सबैमा व्यक्त हुन्छ, जुन केवल शारीरिक आरामका लागि लक्षित हुन्छ । स्थूल भौतिकवादीहरू मानसिक कल्पना गर्दछन् र त्यस्तै मानसिक अन्तरिक्षको एकान्तमा निवास गर्दै कविता दर्शन वा कुनै वाद निर्माण गर्ने आफ्नो कार्यमा संलग्न रहन्छन् तर ती सबै कार्य उनीहरूका शरीर र मनका सीमित स्वार्थमा मात्र निहित हुन्छ । तर, मन र शरीरभन्दा माथि सुषुप्त अवस्थामा रहेको आत्मा हुन्छ । यो आत्माको अनुपस्थितिमा यो सम्पूर्ण शरीर र मन पूर्णत शून्य हुन्छ तर, अल्पज्ञानीहरूलाई भने आत्माको आवश्यकताको बारेमा जानकारी हुँदैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मा, मन र शरीरभन्दा पर हुन्छ भन्ने जानकारी मूर्खहरूलाई हुँदैन । त्यसैले, आफ्ना पेसारूपी कार्य सम्पन्न गर्दा पनि सन्तुष्ट हुन सक्दैनन् । आत्माको सन्तुष्टि सम्बन्धी प्रश्न यहाँ राखिएको छ । यो आत्मा म र स्थूल शरीरभन्दा बाहिर वा पर हुन्छ । आत्मा, मन र शरीरको प्रमुख क्रियाशील मुख्य तत्त्व हो । आत्माको बारेमा जानकारी नभएसम्म मन र शरीर आत्माको अत्याधीक बाहिरी ढकन हो । त्यसैले, आत्मालाई सन्तुष्ट गर्न आवश्यक छ । केवल पिँजडा मात्र सफा गर्दैमा त्यसभित्रको चरा सन्तुष्ट हुन सक्दैन । त्यसैले, मानिसले आफूरूपी चराको वास्तविक आवश्यकता के हो ? भनेर जान्नुपर्दछ ।

आत्माको आवश्यकता भनेको भौतिक बन्धनको सीमित परिधिभन्दा बाहिर आएर पूर्ण स्वतन्त्रता प्राप्त गर्ने चाहना परिपूर्ति गर्नु हो । यो विशाल व्रह्माण्डको आवरणरूपी पर्खालबाट बाहिर आउनु नै आत्माको चाहना हो किनभने उसले स्वतन्त्र ज्योति र आत्माको दर्शन गर्न चाहन्छ । त्यो पूर्ण स्वतन्त्रता तब मात्र प्राप्त गर्न सकिन्छ, जब पूर्ण आत्मा भगवान्सँग भेट गर्न सकिन्छ । प्रत्येक प्राणीमा भगवान्सँगको प्रेम सुषुप्त अवस्थामा विद्यमान हुन्छ । स्थूल र सूक्ष्म तत्त्वसँगको आकर्षणले गर्दा नै स्थूल शरीर र मनको रूपमा आध्यात्मिक अस्तित्व व्यक्त हुन्छ । त्यसकारण, हामीले आफूलाई यस्तो पेसारूपी कार्यमा व्यस्त गराउनुपर्दछ, जसले गर्दा हाम्रो दिव्य चेतना प्रस्फुटित होस् । यो कार्य तब सम्भव हुन्छ जब हामीले भगवान्का दिव्य कार्यका बारेमा श्रवण गर्ने र कीर्तन गर्ने गर्दछौं तर त्यस्तो पेसा र कार्य, जसले भगवान्का दिव्य सन्देशका बारेमा श्रवण गर्न वा कीर्तन गर्न आकर्षण गर्दैन, त्यसलाई समय नष्ट गरिएको हो भनिएको छ किनभने अन्य पेसा कार्यले (जुनसुकै वाद हुन्) आत्मालाई मुक्ति प्रदान गर्न सक्दैन । मुमुक्षहरूका कार्यलाई पनि अर्थहीन मानिन्छ किनभने उनीहरू पनि सम्पूर्ण मुक्तिको स्रोत प्राप्त गर्न असफल हुन्छन् । स्थूल भौतिकवादीहरूले आफूले प्राप्त गर्ने भौतिक वस्तु व्यावहारिक रूपमा समय र स्थानअनुसार यस जगत्मा वा अन्य जगत्मा जहाँ पनि सीमित हुन्छन् भन्ने देखेका हुन्छन् । यदि ऊनीहरू स्वर्गलोक गए पनि तिनले आफ्नो तीव्र इच्छाले युक्त आत्माका लागि स्थायी धाम प्राप्त गर्न सक्दैनन् । त्यस्तो तीव्र इच्छाले युंक्त आत्मा केवल पूर्ण वैज्ञानिक प्रक्रियाले युक्त पूर्ण भक्तिमय सेवाबाट मात्र सन्तुष्ट हुन सक्दछ ।

मानव समाजका प्रत्येक व्यक्तिले भगवान्प्रति गर्ने भक्तिमय सेवा नै धर्म हो भने पहिले नै भनिसक्यौं । मानिसले आफ्नो वातावरण स्थिति र देशअनुसार धेरै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्महरू जन्माएका छन् तर सारतत्त्व भनेको भगवान्को सेवा गर्नु हो । मानौं कसैले भन्दछ– "मैले पूर्णरूपले मेरो शास्त्रले भनेअनुसार धार्मिक समारोह सम्पन्न गरेर आफ्नो धर्मको मतको पालना गरेको छु ।" त्यसो गर्नु उत्तम हो तर त्यसको परिणाम के हो ? तिमीले बाइबल, कुरान, वेद, जे को पनि पालना गर्न सक्दछौ तर त्यसको परिणाम भनेको तिमीमा भगवान्को बारेमा श्रवण गर्ने तीव्र आकाङ्क्षा बृद्धि हुनुपर्दछ । यदि भगवान्को रूप छैन र ब्रह्म निराकार हुनुहुन्छ भन्ने कुरामा विश्वास गर्दछौ भने अनि तिमीले केका बारेमा श्रवण गर्ने हो ? केवल, "भगवान् निराकार हुनुहुन्छ" यस्तो कति समयसम्म भनिरहने हो ? यदि भगवान् निराकार हुनुहुन्छ भने उहाँका बारेमा सुन्ने कुरा नै हुँदैन किनभने निराकारको कुनै कार्य नै हुँदैन ।

तर भगवान् निराकार हुनुहुन्न । भगवान् साकार हुनुहुन्छ । त्यसैले उहाँले विविध कार्य गर्नु हुन्छ । यदि भगवान्ले कुनै कार्य गर्नुहुन्न भने भगवद्गीतामा भगवान्ले यसो किन भन्नुहुन्छ (४.९)

जन्म कर्म चं मे दिव्यं एवं यो वेत्ति तत्त्वतः ।
त्क्त्वा देहं पुनर्जन्म नैति मामेतिसोऽर्जुन ॥

"जसले मेरो जन्म र कर्मका दिव्य प्रकृतिका बारेमा जान्दछ, उसले यो शरीर त्याग गरेपछि पुनः यस भौतिक जगत्मा जन्म लिनुपर्दैन । उसले मेरो सनातन धाम प्राप्त गर्दछ, हे अर्जुन ।"

यहाँ भगवान् श्रीकृष्ण भन्नुहुन्छ, 'मैले जन्म लिन्छु ।' तर, उहाँको त्यो जन्म सूर्य उदाएजस्तो हो । वास्तवमा न भगवान्ले न प्राणी, कसैले पनि जन्म लिँदैनन् । भगवद्गीता (२.२०) मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ - **न जायते म्रियते वा कदाचित्** - प्राणीले न जन्म लिन्छ न उसको कहिल्यै मृत्यु नै हुन्छ । त्यसो हो भने जन्ममृत्यु के हो ? प्राणीको जन्म मृत्यु भनेको स्थूल शरीरको शरीर स्थानान्तरण मात्र हो तर सूक्ष्म शरीर, मन, बुद्धि र अहंकारको होइन ।

प्रत्येक रात्रीमा हाम्रो मृत्यु हुन्छ । स्थूल शरीर निष्क्रिय भएर बिछ्यौनामा रहन्छ तर सूक्ष्म शरीरले हामीलाई सपनाको संसारमा लैजान्छ । सपनामा हामी कुनै मित्र कहाँ गएर कुराकानी गर्दछौं वा कुनै कार्य गर्दछौं जुन दिउँसोको समयमा भन्दा भिन्न हुन्छ । यस्तो दैनिक अनुभवले हाम्रा दुई प्रकारका शरीर छन् भन्ने प्रमाणित गर्दछ– स्थूल शरीर मासु र रगतले युक्त र सूक्ष्म शरीर मन, बुद्धि र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अहंकारले युक्त । हामीले सूक्ष्म शरीरलाई देख्न सक्दैनौं तर त्यसको अस्तित्वका बारेमा सबैलाई जानकारी छ । जब हाम्रो मृत्यु हुन्छ, हामी हाम्रो स्थूल शरीरको आवरणरूपी कोटलाई त्याग गर्दछौं भने सूक्ष्म शरीर अर्को आवरणमा प्रवेश गर्दछ ।

हामीले सूक्ष्म शरीर वा आत्मालाई देख्न सक्दैनौं, त्यसैले आत्मा एक शरीरबाट अर्को स्थूल शरीरमा प्रवेशगरेको कसरी देख्न सक्दछौं । जबकि स्थूल शरीर यथा अवस्थामा नै हुन्छ । जब प्राणी मुक्त हुन्छ वा सूक्ष्म शरीरबाट मुक्त हुन्छ र आध्यात्मिक जगत्मा प्रवेश पाउँदछ, त्यसले दिव्य शरीर प्राप्त गर्दछ जसले गर्दा सूक्ष्म शरीर पूर्णरूपले आध्यात्मिक बनोस् ।

त्यो शिक्षा नै कृष्णभावनामृतको प्रक्रिया हो । यदि हामी मनले सधैं भगवान् श्रीकृष्णको बारेमा मात्र सोच्दछौं, बुद्धिमत्तापूर्ण तरिकाले भगवान् श्रीकृष्णका लागि कार्य गर्दछौं अनि हाम्रो मन र बुद्धि आध्यात्मिक बन्दछ । अनि, हाम्रो अहंकार र 'म' भन्ने इन्द्रिय प्रकृतिले नै आध्यात्मिक बन्दछ । अहिलेको अवस्थामा हामीले सोच्दछौं– "म अमेरिकन हूँ", "म भारतीय हूँ", "म गोरे हूँ", "म काले हूँ", आदि । यो 'म'भन्ने सोचाइमा परिवर्तन आउनुपर्दछ । प्रत्येकले केवल "म भगवान् श्रीकृष्णको सनातन दास हूँ", भन्ने सोच्नुपर्दछ ।

यदि तिमीले आफूलाई सबै सूक्ष्म शरीरका कार्यहरू पदार्थबाट आत्मातर्फ परिवर्तन गर्ने शिक्षा दिन्छौं तब मृत्युको समयमा तिमी तिम्रो सूक्ष्म शरीर र स्थूल शरीर त्याग गर्दै आध्यात्मिक शरीर प्राप्त गरेर भगवद्धाम फर्कने छौ । कृष्णभावनामृत आन्दोलनमा यो प्रकियाको बारेमा अध्ययन गराइन्छ । हामीले यो स्थूल शरीरलाई मृत्युको समयमा स्वतः त्याग गर्दछौं । अब हामीले कसरी सूक्ष्म शरीरलाई पनि त्याग गर्ने हो भनेर जान्नुपर्दछ त्यसको लागि मानिसले भगवान्सँगको प्रेमको विकास गर्नुपर्दछ ।

भगवान्प्रतिको प्रेम विकसित गर्नका लागि पहिलो खुड्किलो भनेको श्रद्धा हो । उदाहरणका लागि यदि कुनै व्यक्ति भगवान्का बारेमा केही श्रवण गर्नका लागि हाम्रो कृष्णभावनामृतका कुनै पनि केन्द्रमा जान्छ भने त्यो भगवान्प्रति उसको श्रद्धाको चिन्ह हो । त्यो व्यक्तिलाई थाहा छ, हाम्रो केन्द्रमा केवल भगवान्का बारेमा सुन्न पाउँदछ किनभने हाम्रो एक मात्र कार्य भनेको भगवान्का बारेमा वर्णन गर्नु हो । हाम्रा केन्द्रमा कुनै राजनीति वा समाजशास्त्र वा अन्य कुनै कुराको बारेमा चर्चा हुँदैन । केवल भगवान् श्रीकृष्णका बारेमा मात्र चर्चा हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यस्ता अन्य विषयका बारेमा पनि स्वतः चर्चा हुन्छ तर हाम्रो सहि कार्य भनेको नै भगवान्‌का विषयमा चर्चा गर्नु हो । यसरी, भगवान्‌का विषयमा चर्चा गर्ने व्यक्तिलाई सन्त वा अध्यात्मवादी भनिन्छ ।

यस संसारमा दुई प्रकारका व्यक्ति हुन्छन् - आध्यात्मवादी र भौतिकवादी आध्यात्मवादीहरू धार्मिक जीवनतर्फ उत्सुक हुन्छन्, भगवान्‌का विषयमा कुरा गर्दछन्, आत्मसाक्षात्कार गर्दछन् भने भौतिकवादीहरू शारीरक, राजनिती, समाजशास्त्र, परोपकार आदि विषयमा मात्र चर्चा गर्दछन् । यस्ता विषयको मूल स्रोत भनेको समाचारपत्र हो, जुन यस्तै समाचार, विज्ञापन, भेषभूषाका चित्र आदिले भरिएको हुन्छ । भौतिकवादीहरू समाचार पत्र पढ्दछन् भने हामी श्रीमद्‌भागवत्‌को अध्ययन गर्दछौं । हामीबीच यही भिन्नता छ । हामी पनि पढछौं र तिनीहरू पनि पढछन् तर विषय भने फरक हुन्छ । श्रीमद्‌भागवत् (२.१.२) मा शुकदेव गोस्वामीले परीक्षितलाई भन्नुभएको छ–

श्रोतव्यादीनि राजेन्द्र नृणां सन्ति सहस्रशः ।
अपश्यतामात्मतत्त्वं गृहेषु गृहमेधिनाम् ॥

“हे प्रिय राजा ! भौतिकवादी व्यक्तिका लागि श्रवण गर्नका लागि सयौं हजारौं विषयहरू छन् । जस्तैः उपन्यास, तथाकथित दर्शन सम्वन्धी पुस्तक, समाचारपत्र, फिल्मी पत्रिका आदि । जुन व्यक्ति **उपस्यतां आत्म तत्त्वं** (भागवत्२.१.२) आत्म, साक्षात्कार गर्नका लागि अन्धो छ **गृहेषु गृहमेधिनाम्** अर्थात् शरीर, पत्नी, घर परिवारको पालनपोषण प्रति इच्छुकहरू यस्तै कार्यमा धेरै इच्छुक हुन्छन् किनभने तिनीहरूलाई आत्माको बारेमा कुनै जानकारी नै हुँदैन । त्यसैले, तिनीहरू शरीर वा मनका विषयमा मात्र कुरा गर्दछन् । कुनै एउटा दार्शनिकको एउटा सिद्धान्त, अर्को दार्शनिकको अर्को सिद्धान्त हुन्छ । यसरी धेरै साहित्य बनाइएको हुन्छ, जुन केवल मूखतापूर्ण हुन्छ, किनभने त्यो मानसिक कल्पनाको परिणाम हुने गर्दछ ।

यस्तो कल्पनाले अधर्मतर्फ उन्मुख गर्दछ । यस संसारमा सधैं दुई प्रकारका व्यक्ति निवास गर्दछन्- ईश्वरवादी धार्मिक, अनिश्वरवादी अधार्मिक वा देव र असुर । त्यसैले हजारौं वर्षदेखि भारतमा अधार्मिक निवास गर्दै आएका छन् । अधार्मिकहरू अहिले उत्पन्न भएका होइनन् । अधार्मिकहरू सधैं छन् तर तिनको सङ्ख्या अहिले बढेको छ । उदाहरण, धेरैधेरै समय पहिला चार्वाक मुनि नाम गरेका अधर्मी थिए । उनलाई मुनि भनिन्छ किनभने उनी मनले कल्पना गर्दथे ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चार्वाक मुनिले निम्न अनुसारको अधर्मरूपी दर्शन प्रस्तुत गरेका थिए–

ऋणं कृत्वा घृतं पिवेत यावज्जीवेत सुखं जीवेत
भस्मी भुतस्य देहस्य कुतः पुनर्आगमनो भवेत्

चार्वाक सिद्धान्तअनुसार जबसम्म बाँचिन्छ, तबसम्म जति सकिन्छ त्यति घिउ खानु भन्ने छ । भारतमा विभिन्न प्रकारका स्वादिष्ट भोजन तयार गर्न घिउ एउटा अति आवश्यक वस्तु मानिन्छ । प्रत्येक व्यक्तिले स्वादिष्ट भोजन चाहन्छन् । त्यसैले, चार्वाक मुनिले सबैलाई जति धेरै सकिन्छ घिउ खाने सल्लाह दिएका हुन् । यदि तिमीले मसँग धन छैन मैले कसरी घिउ खरिद गर्ने ? भन्छौ भने चार्वाक मुनि उत्तर दिँदै भन्दछन् – "मागेर होस्, सापट लिएर होस् वा चोरेर होस् जसरी हुन्छ घिउ प्राप्त गर अनि जीवनको सुख प्राप्त गर" । अझ अघि यदि तिमीले यस्तो पापकर्म गरे सजाय पाइन्छ भने वा विरोध भए चार्वाक मुनि उत्तर दिदै भन्दछन्– यस्तो कार्य गरेर सजाय हुँदैन । तिम्रो शरीर मृत्यु पश्चात् डढाएर खरानी बनाएपछि सबै कुरा समाप्त हुन्छ । त्यसैले, सुखपूर्वक बाँच, राम्रो भोजन ग्रहण गर, इन्द्रियतृप्तिमा लाग अनि आफ्नो जीवन बिताऊ ।" यो अनिश्वरवाद हो । **अपश्यतं आत्मा तत्त्वं** (भागवत् २.१.२) भन्ने दर्शनलाई मान्यता दिनेहरू आत्मासम्बन्धी तत्त्व देखि अनभिज्ञ हुन्छन् ।

यदि तिमीले उनीहरूलाई आत्मा चौरासी लाख योनिमा देहान्तर हुन्छ भन्ने जानकारी दियौ भने उनीहरू यो कुराप्रति ध्यान दिँदैनन् । यदि तिमीले चार्वाक दर्शनको अनुसरण गर्‍यौ भने अर्को जन्ममा रुख हुनेछौ भनेर भन्यौ भने उनीहरूले स्पष्टसँग उत्तर दिन्छन्– 'अहो त्यसले केही फरक पर्दैन । अहिले सुख भोग गरिहालौं । यदि म रुख भए पनि त्यसले के नै हानी हुन्छ र ? मैले यो जन्मलाई भुलिहाल्दछु ।" मानिसहरू यस्तो मूर्ख भएका छन् । उनीहरूले आफ्नो सहि स्वार्थलाई नै देख्न सकेका छैनन् । तिनीहरू बालकजस्ता छन् यदि तिमीले बालकलाई "यदि तिमी पाठशाला गएनौ र खोलिरहृयौ भने तिमी शिक्षित बन्दैनौ तिम्रो भविष्य दुःखमय हुन्छ, समाजमा कुनै स्थान पाउँदैनौ" भन्यौ भने बालकले उत्तर दिँदै भन्दछ– "मलाई त्यसको कुनै मतलब छैन ।" त्यसो भने पनि दुःख पाउने कुरा अवश्यम्भावी छ । त्यसै गरेर, यदि तिमीले अहिलेका आधुनिक व्यक्तिलाई आत्माको देहान्तर हुन्छ र तिम्रा पापमय कर्मले गर्दा अर्को जन्ममा तिमी पशु, जलचर, घस्रेर हिँड्ने जनावर हुन सक्दछौ भन्यौ भने उसले मलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसको केही मतलब छैन र म यो कुरा विश्वास गर्दिन भनेर उत्तर दिन्छ। त्यसो भन्नु बुद्धिमानी होइन किनभने आत्माको विभिन्न शरीरमा प्रवेश हुनु सत्य हो।

जीवनको प्रत्येक समयमा उसको भूत, भविष्य र वर्तमान हुने गर्दछ। एउटा युवकले आफ्नो बाल्यावस्थाका कुराको स्मरण वर्तमानमा गर्दछ र भविष्यमा बुढो भएपछि के गर्ने भन्ने योजना पनि बनाउँदछ। बुढो मानिस हुन्छ भने भविष्य किन नहुने ? भविष्य निश्चय नै हुन्छ र त्यो भविष्य भनेको अर्को शरीर प्राप्त गर्नु हो। त्यो शरीर पशु, रुख, देवता वा उहाँका सहायक जेको पनि हुनसक्दछ। भगवद्गीता (९.२५) मा भगवान् श्रीकृष्णले भन्नुभएको छ–

यन्ति देवव्रता देवान् पितृन् यान्ति पितृव्रताः।
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम्॥

"जसले देवताको पूजा गर्दछ ऊ देवलोकमा, पितृको पूजा गर्ने पितृलोकमा, भूतप्रेतको पूजा गर्ने भूतप्रेतको लोकमा जन्म लिन्छ भने मेरो पूजा गर्ने मसँग आउँदछ। त्यसैले, तिमी यस शरीरबाट जस्ता कर्म गर्दछौ सोही अनुरूप अर्को शरीर प्राप्त गर्न तयार होऊ। हाम्रो परम् लक्ष्य भनेको भगवान्को राज्यमा शरीर प्राप्त गर्नु हो। त्यो नै परम पूर्णता हो **(सम्सिद्धिं परम्)**। त्यो किन ? भगवान् श्रीकृष्ण व्याख्या गर्नुहुन्छ– **मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम् नाप्नुवन्ति** (भगवद्गीता ८.१५) "जो मसँग आइपुग्दछ, उसलाई भौतिक जगत्को भौतिक शरीर पुनः प्राप्त गर्नुपर्दैन।" भौतिक जगत्मा निवास गर्न के नै हानी छ ? यो भौतिक जगत्को प्रत्येक अवस्था **दुःखालयम शाश्वतम्** अर्थात् दुःखै दुःखले भरिएको छ र यो अस्थायी वा क्षणिक छ। त्यसैले, यहाँ निवास गर्नु हानी नै हो। यदि तिमी अमेरिकन हौ त्यसैले, "म अमेरिकन हूँ" त्यसैले म अमेरिकामा छु जहाँ प्रशस्त धन, धेरै जमिन र स्रोत छन्। त्यसैले, म अमेरिकन भएर सुखसँग निरन्तर बाँच्दछु, भन्ने सोच्दछौ भने तिमी यसरी कति सय वर्ष बाँच्ने छौ तर तिमी अमेरिकन भएर निरन्तर बाँच्न पाउने छैनौ। ब्रह्माजी, जसका दिन लाखौं वर्षका छन् उहाँ पनि निरन्तर त्यही अवस्थामा रहनु पाउनुहुन्न। त्यस्तै गरी कमिला, बिरालो, हात्ती, मानिस, देवता केही पनि सधैं त्यही अवस्थामा बाँच्न पाउँदैनन्। महान् दैत्य हिरण्यकशिपुले अमर हुने प्रयास गरे उनले अमर हुन कठिन तपस्या गरे तर त्यो सम्भव भएन। कुनै उन्मत्त वैज्ञानिकले प्रतिज्ञा गर्न सक्दछ, "वैज्ञानिक विकासद्वारा हामी अमर बन्दछौं" तर त्यो असम्भव छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसैले विद्वान् व्यक्तिले आफ्नो वास्तविक देहान्तर भनेको आफ्नो मुख्य घर फर्कने वा भगवान्‌को धाम फर्कने तर्फ प्रयास गर्नुपर्दछ। त्यो नै जीवनको लक्ष्य हुनुपर्दछ तर दुर्भाग्यवश मानिस यसबारेमा केही जान्दैनन् । त्यसैले, हामीले मानवसमाजलाई विनम्रतापूर्वक "तिमीहरू धेरै प्रकारले सुखी हुन खोज्दैछौ तर सुखी हुन भन्दा बढी चिन्तित वा निराश भइरहेका छौ । त्यसैले, कृपया कृष्णभावनालाई स्वीकार गर जसले गर्दा तिमी वास्तविक सुखी हुनेछौ भनेर सेवा गरिरहेका छौं । यो ज्ञान प्रदान गर्नु नै हाम्रो उद्देश्य हो । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

4
धर्मको वास्तविक लक्ष्य

धर्मस्यह्यापवर्ग्यस्य नार्थोऽर्थायोपकल्पते ।
नार्थस्य धर्मैकान्तस्य कामो लाभाय हि स्मृतः ॥

सम्पूर्ण पेसाका कार्यहरू अन्तिम मोक्ष प्राप्त गर्नका लागि हुन् । ती कार्य भौतिक वस्तु प्राप्त गर्नका लागि सम्पन्न गर्नुहुन्न । अझ अगाडि ऋषिहरूको भनाइअनुसार जुन व्यक्ति आफ्नो पेसागत कार्यमा लागेको छ, उसले त्यो कार्य भौतिक वस्तु प्राप्त गरेर इन्द्रियतृप्तिको विकासका लागि प्रयोग गर्नुहुन्न ।

(श्रीमद्भागवत् १.२.९)

भगवान्प्रतिको भक्तिमय सेवाबाट नै पूर्णज्ञान र भौतिक अवस्थाप्रतिको वैराग्य स्वतः प्राप्त हुन्छ भन्ने विषयमा हामीले छलफल गऱ्यौं तर कसैले भने विभिन्न प्रकारका पेसागत काय, धर्म केवल भौतिक वस्तु प्राप्त गर्नका लागि हुन् भन्ने ठान्दछन् । संसारका कुनै भागका साधारण मानिसको विचारमा धर्मको वा पेसागत सेवाको बदलामा भौतिक वस्तु प्राप्त गर्नु हो भन्ने हुन्छ । वैदिक शास्त्रमा पनि विभिन्न धार्मिक क्रियाकलाप रं भौतिक वस्तुप्रतिको प्रलोभन प्रस्तुत गरिएको छ र धेरै मानिसहरू यस्ता धार्मिक आर्शीवाद र प्रलोभनप्रति आकर्षित हुन्छन् । यस्ता तथाकथित धार्मिक मानिसहरू किन भौतिक वस्तुबाट प्रलोभित हुन्छन् ? किनभने भौतिक वस्तु प्राप्तिले मानिसका इच्छाहरू पूरा हुन्छन्, जसले गर्दा तिनका इन्द्रियवासनाहरू तृप्त हुन्छन् । यस्तो पेसागत कार्य व्यस्ततामा तथाकथित धर्म संलग्न हुन्छ । त्यसवाट भौतिक वस्तु प्राप्त हुन्छ र ती भौतिक वस्तुले इच्छाको परिपूर्ति हुन्छ । इन्द्रियवासनाको तृप्ति गर्नु नै पूर्णरूपले पेसामा संलग्न व्यक्तिका लागि सबै प्रकारको बाटो वा मार्ग हो तर श्रीमद्भागवत्को निर्णय र सूत गोस्वामीको भनाइ अनुसार यो अवस्थालाई प्रस्तुत श्लोकले परास्त गरेको छ र यहाँ धर्मको सही उद्देश्यको बारेमा वर्णन गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सूत गोस्वामी भन्नुहुन्छ–धर्मस्एह्ययापवर्ग्यस्य

श्रीमद्भागवत् (१.२.९)

धर्मको उद्देश्य भनेको मानिसलाई जन्म मृत्युबाट मुक्त हुने मार्गतर्फ डोऱ्याउनु हो । अपवर्ग भन्ने शब्द सान्दर्भिक छ । यसको अर्थ प वर्ग भौतिक अवस्थाका दु:खको विपरीत हो । संस्कृत शब्दावलीमा प वर्ग भनेको – प, फ, ब, भ, र म हो । यी प्रत्येकको अर्थ भौतिक दु:ख हो । प भनेको परिश्रम, यस भौतिक संसार इन्द्रियतृप्तिका लागि तिमीले कठोर परिश्रम गर्नुपर्दछ । फ भनेको फेनिला (फिंज) हो । जब तिमी परिश्रम गर्दछौ तिम्रो मुखबाट फिंज आउँदछ । प्राय: यस्तो भएको हामीले घोडा र अन्य पशुमा देख्दछौं । ब भनेको व्यर्थता हो । धेरै परिश्रम गरेर पनि मानिसले व्यर्थता प्राप्त गर्दछ । भ भनेको भय हो । मानिसले धेरै परिश्रम गर्दछ तर पनि परिणाम के होला भनेर भयभीत भइरहन्छ । अन्त्यमा म भनेको मृत्यु हो । हामीले दिन रात धेरै परिश्रम गरिरहन्छौं तैपनि मृत्यु आइहाल्दछ । वैज्ञानिक संसारले मृत्युलाई जित्नका लागि परिश्रम गरिरहेको छ तर वैज्ञानिकको नै मृत्यु भइरहेको छ । उनीहरूले मृत्युलाई रोक्न सक्दैनन् । तिनीहरूले लाखौं मानिस मार्नका लागि अणुबम बनाउन सक्दछन् तर मृत्यु रोक्नका केही गर्न सक्दैनन् । त्यसो गर्न सम्भव नै छैन । त्यसैले, प वर्गशब्दले प, फ, ब, भ र म लाई संकेत गर्दछ, जसको अर्थ भौतिक संसारका पाँच प्रकारका दु:ख छन् ।

यहाँ सूत गोस्वामी भन्नुहुन्छ– **धर्मस्ए ह्ययापवर्ग्यस्य** (श्रीमद्भागवत् १.२.९) धर्मको अभ्यास गर्दा मानिसले प वर्गलाई तिरस्कार गर्नुपर्दछ अनि कठिन परिश्रम नगर्ने, मुखबाट फिंज ननिकाल्ने, व्यर्थता वा चिन्ता नगर्ने, भय नहुने, र मृत्यु पनि नहुने । अर्को शब्दमा भन्नुपर्दा धर्मले यस भौतिक जगत्लाई दिव्य बनाउन सहायता गर्नुपर्दछ किनभने भौतिक जगत्मा तिमीले धेरैधेरै परिश्रम गर्नुपर्दछ र दु:ख पाउनुपर्दछ । तिमीले सोच्न सक्दैनौ- "ओहो, म महान् व्यक्ति हूँ, त्यसैले म कार्य गर्दिन" । **न हि सूप्तस्य सिंहस्य प्रविशन्ति मुखे मृत:** – सिंह जङ्गलको राजा हो तैपनि उसले कार्य गर्नु नै पर्दछ । सिंह केवल सुतिरहेर कुनै जनावर आएर "मेरे प्रिय सिंह कृपया आफ्नो मुख खोल अनि भित्र प्रवेश गर्दछु" भन्दछ भन्ने सोच्नुहुँदैन । हुनत सिंह जङ्गलको सबैभन्दा शक्तिशाली जनावर हो तैपनि आफ्नो आहारका लागि उसले धेरै परिश्रम गर्नुपर्दछ । त्यसै गरेर अमेरिकाका राष्ट्रपति आफ्नो देशका धेरै शक्तिशाली व्यक्ति हुन् तैपनि आफ्नो पदका लागि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उनले धेरै परिश्रम गरिरहनुपर्दछ ।

त्यसैले, यस संसारमा कसैले पनि कठोरपरिश्रम नगरिकन केही पनि प्राप्त गर्न सक्दैन तर हामी कार्य गर्न चाहदैनौं । त्यसैले, सप्ताह अन्त्यमा हामी सहर बाहिर गएर आफ्ना सप्ताहभरीका कठिन परिश्रमलाई बिर्सन प्रयास गर्दै केही छुट्टीको समयमा सुख प्राप्त गर्ने प्रयास गर्दछौं । सोमबार पुनः हामी आफ्नो काममा फर्कनुपर्दछ । यस्तै कार्य सर्वत्र भइरहेको छ ।

भगवान्का अंश भएका हुनाले प्रकृति अनुसार नै प्राणी विना कार्य गरेर नै सुख प्राप्त गर्न चाहन्छ । भगवान् श्रीकृष्णले त्यसो गर्नुहुन्छ । त्यसैले, प्राणीको पनि त्यही प्रकृति हुन्छ । भगवान् श्रीकृष्ण सधैं राधारानी र अन्य गोपीसँग रमाइलो गरिरहनुहुन्छ तर कुनै कार्य गर्नुहुन्न । हामीले श्रीमद्भागवत् र अन्य कुनै पनि शास्त्रमा भगवान् श्रीकृष्ण कामका लागि नौ बजे कारखाना गएर केही रकम कमाएर त्यो रकमले राधारानीसँग रमाइलो गर्नुभएको छ भन्ने सुनेका छैनौं । वेदमा भनिएको छ- **न तस्य कार्यं कारणं च विद्यते**– भगवान्ले सम्पन्न गर्नुपर्ने कुनै कार्य नै छैन ।

त्यसो हो भने भगवान् श्रीकृष्ण के गर्नुहुन्छ ? उहाँ केवल रमाइलो गर्नुहुन्छ । एकपटक यूरोपका एकजना भलाद्मी भगवान्को मन्दिर खोज्दै कलकत्ता गएछन् । उनले केही कालीका मन्दिर, केही शिवका मन्दिर देखेछन् । जब उनले राधाकृष्णको मन्दिर देखे अनि उनले भनेछन्– "भगवान् यहाँ हुनुहुन्छ ।" उनले यसो किन भने ? उनले यस्तो विचार व्यक्त गरे - "मैले अन्य मन्दिरमा काली र शिवले कार्य गर्दै गरेको देखें तर यहाँ भगवान् भने रमाइलो गर्नुभएको देखें ।" वेदान्तसूत्रमा यो विषयलाई प्रमाणित गरिएको छ - **आनन्भयो भ्यासात**(वेदान्तसूत्र १.१.१२)" भगवान् आफ्नो प्रकृति अनुसार नै पूर्ण दिव्य सुखले युक्त हुनुहुन्छ ।"(ब्रह्मसंहिता (५.१) मा पनि भगवान् श्रीकृष्ण सच्चिदानन्द विग्रह अर्थात् उहाँमा शाश्वत ज्ञान र आनन्दसहितको रूप छ भनेर भनिएको छ ।

जसरी भगवान् कुनै कार्य नगरी रमाइलो गर्नुहुन्छ, त्यसरी नै हामी पनि विना कार्य रमाइलो गर्न चहान्छौं । हुनत हामी भगवान् श्रीकृष्णका अंश हौ, त्यसैले हामी हाम्रो प्रकृतिले नै आनन्दमय छौं तर भगवान् श्रीकृष्णको बाह्य भौतिक शक्तिको प्रभावले गर्दा तल झरेका छौं । त्यसैले बाँच्नका लागि कठोर परिश्रम गर्दै कार्य गरिरहेका छौं तर अन्त्यमा यत्रो परिश्रम गरेर कार्य गर्दा पनि हामी मर्नुपर्दछ । हाम्रो अवस्था यस्तो छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीमद्भागवत्‌को यो श्लोकमा सूत गोस्वामी भन्नुहुन्छ – **धर्मस्य अपवर्गस्य**- धर्म भनेको परिश्रम, फिंज, निराशा, भय र मृत्युरूपी भौतिक दुःखहरूलाई निष्प्रभाव गर्नु हो र धर्मको उद्देश्य भनेको यहि नै हो तर जहाँ पनि क्रिस्चियनहरू चर्चमा गएर प्रार्थना गर्दै भन्दछन्, "हे भगवान्, हे पिता ! हामीलाई दिनहुँ आवश्यक भोजन प्रदान गर्नुहोस् ।" तर, भगवान्‌ले त कुकुर, बिरालो, पक्षी, मौरी आदि सबैलाई भोजन प्रदान गर्नुभएको नै छ । त्यसैले उहाँले हामीलाई किन हाम्रो भोजन प्रदान गर्नु हुन्न र ? वास्तविक प्रार्थना भनेको– "हे भगवान् कृपया मलाई हजुरको सेवामा संलग्न गराउनुहोस्, जसले गर्दा म यी पाँच कष्ट विपत्तिबाट मुक्त हुन सकुँ ।" यो नै सहि प्रार्थना हो ।

हुनत जो कोही पनि चर्चमा गएर भगवान्‌सँग भोजन माग्दछ त्यो व्यक्ति अधर्मी र भगवान्‌मा विश्वास नहुने व्यक्तिभन्दा हजारौं गुणा राम्रो हो । अधर्मीहरू भन्दछन् "भगवान् के हो ? म नै भगवान् हूँ । आर्थिक विकास गरेर म धेरै भोजन सृष्टि गर्न सक्दछु । त्यसैले, म किन चर्च जाने ?" जसले भगवान्‌सँग भोजन माग्ने प्रार्थना गर्दछ, ऊ त्यस्ता मूर्ख अधर्मीभन्दा धेरै असल हुन् । हुनत तिनीहरूलाई के प्रार्थना गर्ने भन्ने जानकारी छैन तैपनि तिनलाई भगवान्‌प्रति विश्वास छ । त्यसैले, तिनीहरू पवित्रप्राणी हुन् । भगवद्‌गीतामा (७.१६) मा भगवान् श्रीकृष्णले भन्नुभएको छ–

चतुर्विधा भजन्ते माम् जनाः सुकृतिनोऽर्जुन ।
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ॥

चार प्रकारका धर्मनिष्ठ व्यक्ति मात्र भगवान् कहाँ जान्छन् । पहिलो दुःखी व्यक्ति हो । सामान्य व्यक्ति जो धर्मनिष्ठ र दुःखी छ, उसले भगवान्‌को प्रार्थना गर्दै भन्दछ– "मेरा प्रिय भगवान् ! कृपया मलाई मेरा दुःखबाट उद्धार गर्नुहोस् ।" अर्को गरिब व्यक्ति जो मन्दिर, मस्जिद वा चर्च जान्छ र धन प्राप्त गर्ने प्रार्थना गर्दछ । तिनीहरू पनि धर्मनिष्ठ हुन् । जिज्ञासा राख्नेहरू पनि धर्मनिष्ठ हुन् । तिनीहरू चर्च वा मन्दिर जान्छन् र सोच्दछन्– " भगवान् कस्तो हुनुहुन्छ ? अब उहाँको बारेमा जान्नुपर्‍यो ।" अन्त्यमा विद्वान् व्यक्ति हुन्छन्, जो भगवान् प्राप्त गर्न गम्भीर हुन्छन् र उहाँका बारेमा बुझ्ने प्रयत्न गर्दछन् । यी चारै प्रकारका व्यक्ति पवित्र वा धर्मनिष्ठ हुन्छन् ।

अर्कोतिर यस्ता व्यक्ति छन्, जसले भगवान्‌को अस्तित्वलाई स्वीकार गर्दैनन्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर आफ्ना समस्याहरू आफ्नै ज्ञान र आफ्नै तरिकाद्वारा समाधान गर्ने प्रयास गर्दछन् । यस्ता व्यक्तिलाई भगवान् श्रीकृष्णले यसरी वर्णन गर्नुभएको छ ।

न मां दृष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः ।
माययापहृत ज्ञान आसुरं भावमाश्रिताः ॥

"जुन व्यक्ति दुष्ट, मूर्ख, नरहरूमा अधम छ, जसको ज्ञान मायाले चोरेको छ र जसले असुरको प्रकृतिको जस्तो अधर्मलाई अपनाएको छ, त्यस्तो व्यक्ति मेरो शरणमा आउँदैन ।" (भगवद्गीता ७.१५) । कसैले सोध्न सक्दछ - यति धेरै ठूलाठूला दार्शनिक र वैज्ञानिक छन् जसले भगवान्को अस्तित्वका बारेमा बुझेका छैनन्, तिनीहरूको ज्ञानलाई के भन्ने ? यहाँ भगवान् श्रीकृष्ण भन्नुहुन्छ **"माययापहृत ज्ञान"** तिनीहरूको ज्ञानको कुनै मूल्य छैन किनभने सबै ज्ञानको साररूपी भगवान्का बारेमा ज्ञान हो । त्यो ज्ञान मायाद्वारा चोरेर पर लगेको हुन्छ ।

भगवद्गीतामा भनिएको छ- जसको भगवान्प्रति विश्वास श्रद्धा छ, त्यो व्यक्ति धर्मनिष्ठ पवित्र मानिन्छ । त्यस्ता पवित्र व्यक्तिहरू मध्ये पनि जुन व्यक्तिले भगवान्सम्बन्धी ज्ञान प्राप्त गर्न गम्भीर हुन्छ, त्यो व्यक्ति नै सर्वश्रेष्ठ हुन्छ । अन्ततोगत्वा भगवान्का बारेमा जानकारी प्राप्त गर्न गम्भीर छ र यस बद्ध जीवन र भौतिक अवस्थाबाट बाहिर जान खोज्दछ, धर्म उसैका लागि नै हो । वास्तवमा धर्म भनेको नै त्यो हो केवल मन्दिर वा चर्च गएर भौतिक वस्तु प्राप्त गर्नका लागि भगवान्सँग प्रार्थना गर्नुहोइन ।

प्रारम्भिक धर्ममा भौतिकताका लागि प्रेरित गरिन्छ । जसमा चार प्रकारका वैदिक लक्ष्य हुन्छन्, जसलाई धर्म, अर्थ, काम र मोक्ष भनिन्छ । वैदिक सभ्यतामा जुन व्यक्ति यी चार लक्ष्य धर्म, अर्थ, काम, र मोक्ष प्राप्त गर्नका लागि इच्छुक हुन्छ, उसलाई नै मानव भनिन्थ्यो । सर्वप्रथम मानिसले धर्मको अभ्यास गर्दछ किनभने धर्म रहित व्यक्ति पशुसमन हुन्छ (**धर्मेन हिनाः पशुभिः समानाः**) । मानिसले क्रिस्चियन धर्म, हिन्दु धर्म, मुस्लिम धर्म जुन भए पनि अपनाउन सक्दछ किनभने मानव हुने योग्यताका लागि धर्ममा लाग्नु अनिवार्य हुन्छ । साधारणतया मानिसले सोच्दछ– "म धर्मनिष्ठ भएँ भने मेरो जीवन असल हुन्छ । मैले मलाई जीवन निर्वाहका लागि आवश्यक वस्तु प्राप्त गर्दछु ।" वास्तवमा त्यो सत्य हो किनभने धर्मबाट अर्थ (धन) प्राप्त हुन्छ । हामी धन किन चाहिन्छौं ? केवल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इन्द्रियतृप्तिका लागि । जब हामी इन्द्रियतृप्ति गर्दा असमञ्जसमा पर्दछौं वा त्यो मार्गमा गतिरोध उत्पन्न हुन्छ अनि हामी जन्म मृत्युबाट मोक्ष प्राप्त गर्न चाहन्छौं । निराशा प्राप्त भयो भने हामी **"ब्रह्म सत्यं जगतमिथ्याः "** अर्थात्, यो संसार झुटो हो र ब्रह्म सत्य हो भनेर घोषणा गर्दछौं ।

तर यो झुटो सन्यास हो । सहि सन्यास भनेको इन्द्रियतृप्तिको प्रक्रिया त्याग गर्नु र आफूलाई गम्भीरतापूर्वक भगवान्को सेवामा लगाउनु हो । अर्को शब्दमा भन्नुपर्दा सन्यासको अर्थ संसारलाई त्याग गर्नुहोइन बरू यसै संसारमा रहेर कार्य गर्नु हो । तर, ती कार्यका फललाई त्यागेर आफूलाई भगवान् श्रीकृष्णको सेवामा लगाउनु हो । प्रत्येक व्यक्ति यस भौतिक संसारमा केही फल प्राप्त गर्न कार्य गर्दछ । पवित्र वा अपवित्र जेजस्तो कार्य गरे पनि त्यसबाट केही फल प्राप्त हुन्छ भने भक्तहरू कर्मफल भगवान् श्रीकृष्णमा अर्पण गर्दछन् । त्यसैले, उनीहरू मुक्त हुन्छन् । भगवद्गीतामा भगवान् श्रीकृष्णले वर्णन गर्नुहुन्छ –

यज्ञार्थात् कर्मणोऽन्यत्र लोकेऽयं कर्मबन्धनः ।
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥

"यदि तिमीले यज्ञकर्म भगवान् श्रीविष्णु वा कृष्णका लागि गऱ्यौ भने तिमी मुक्त हुनेछौं, अन्यथा तिमीले गरेका कर्मको प्रतिफलले तिमी बन्धनमा बाँधिनेछौं ।" उदाहरणका लागि - तिमीले पवित्र कर्म गरेका थियौ, त्यसैले अहिले तिमी धनीका छोरा भएका छौ । धन, राम्रो जन्म, राम्रो शिक्षा र सुन्दरता प्राप्त गर्नु भनेको पवित्र कर्मको प्रतिफल हो । जसले अपवित्र कार्य गर्दछ ऊ गरिब, सौन्दर्यरहित, ज्ञानरहित र साधारण परिवार जस्ता विपरीत प्रतिफल प्राप्त गर्दछ तर तिमीले पवित्र वा अपवित्र जुनसुकै कार्य गरे पनि तिमी बन्धनमा पर्नेछौ र यस भौतिक जगत्को जन्म मृत्युको पीडा भोग्नुपर्दछ ।

साधारणतया मानिसले धर्मलाई पवित्र वा अपवित्र कार्यहरू सम्बद्ध हो भनेर जान्दछ तर भागवत्मा भनिएको छ– **धर्मस्य ह्यापवर्ग्यस्य नार्थोऽर्थायोपकल्पते ।** (श्रीमद्भागवत् १.२.९) "धर्म भौतिक लाभका लागि सम्पन्न गर्नुहुँदैन तर यो भौतिक अवस्थाका दुःखको प्रभावलाई निस्तेज गर्नका लागि सम्पन्न गर्नपर्दछ ।" तिमी धनी वा गरिब जे भए पनि तिमीले भौतिक अवस्थाका पीडा भोग्नु नै पर्दछ । तिमी धनी व्यक्ति भए पनि तिमीले कठिन परिश्रमलाई हटाउन, डर हटाउन, रोग, बुढ्यौली र मृत्युलाई हटाउन सक्दैनौ । त्यसरी, यी दुःखकष्ट गरिब व्यक्तिलाई हुन्छन् । त्यसकारण, धर्मलाई धनी व्यक्ति हुनका लागि अभ्यास गर्नाले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

के नै लाभ भयो ? सही धर्म भनेको भौतिक दु:खलाई परास्त गर्नु हो **(धर्मस्य ह अपर्वगस्य)** ।

अब तिमीले "तर हामीलाई जीवन निर्वाहका लागि धनको आवश्यकता हुन्छ" भनेर भन्न सक्दछौ । हो, त्यो सत्य नै हो । त्यसकारण, हाम्रो सिद्धान्त भनेको **यावद अर्थं इमान्दारीसर्वक** आफ्नो शरीर र आत्मा निर्वाहका लागि आवश्यक धन आर्जन गर । केवल धेरै धन जम्मा गर्नका लागि परिश्रमपूर्ण कार्य नगर । त्यसो गर्नु गधाको जस्तो जीवन हो । भारतमा धोबीले धेरै ठूलो धुने लुगाको भारी बोकेर नदीको तिरसम्म लैजान गधा पालेका हुन्छन् । त्यहाँ त्यस गधालाई केही घाँस चर्नका लागि छोडिन्छ तर यसरी स्वतन्त्र भएर घाँस चर्दा पुन: त्यही लुगाको भारी बोकेर फर्कनका लागि पर्खदा उसले यति पनि सोच्न सक्दैन– "यस्तो घाँस सर्बत्र पाइन्छ म जहाँ पनि स्वतन्त्र छु तर म यस धोबीका लागि परिश्रम गर्दै किन कार्य गर्दैछु ?" गधासँग यस्तो बुद्धि नै छैन । त्यसैले, त्यसलाई गधा भनिन्छ । त्यसै गरेर जुन व्यक्तिले केवल आफ्नो परिवारको जीवन निर्वाहका लागि दिन रात कठिन परिश्रम गरेरकार्य गर्दछ तर आफ्नो धर्मको सिद्धान्त पालन गर्दैन, त्यो मूढ वा गधा नै हो । ऊ माया व भ्रमद्वारा बाँधिएको हुन्छ ।

हामीले शरीर र आत्माको निर्वाहका लागि आवश्यक धन मात्र आर्जन गर्नुपर्दछ । अनि अधिक भन्दा अधिक समय भौतिक जीवनका पाँच दु:ख परिश्रम, पिर, निराशा, भय र मृत्युबाट मुक्त हुने कार्यमा लगाउनुपर्दछ त्यो कार्य भनेको धर्म हो । यदि यसरी धर्मको अभ्यास गर्दा आवश्यकताभन्दा बढी धन प्राप्त भयो भने त्यो धन इन्द्रियतृप्तिमा नलगाई भगवान् श्रीकृष्णको सेवामा अर्पण गर । केही समय पश्चात् धनी व्यक्तिले पनि साधरणतया चर्च, मन्दिर वा मस्जिदको निर्माण गर्दछ । संसारभरि यही प्रणालीको अवलम्बन भइरहेको छ किनभने मानिसले अधिक धन जम्मा भए त्यो धन भगवान्को सेवामा लगाउनुपर्दछ भन्ने कुरा जान्दछ तर अहिले धेरै जसो चर्चहरू कारखानामा परिवर्तित भएका छन् किनभने मानिसले धर्मलाई बिर्सेको छन् । यसरी धर्मलाई बिर्सेका हुनाले तिनीहरू पशु जस्ता भएका छन् । त्यसैले, यस्तो पशुको समाजमा तिमीले कसरी सुख र समृद्धि प्राप्त गर्न सक्दछौं ?

त्यसैले यहाँ श्रीमद्भागवत्मा सूत गोस्वामीले वर्णन गर्नुभएको छ– यदि शान्तिले युक्त र सन्तुष्ट रहन चाहने हो भने मानिसले पहिलोस्तरको धर्मको अभ्यास गर्नुपर्दछ । पहिले उनले भन्नुभयो–

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स वै पुंसां परो धर्मो यतो भक्तिरधोक्षजे ।
अहैतुक्यप्रतिहता ययात्मा सुप्रसीदति ॥

"यदि तिमी शान्तिले युक्त मन र पूर्ण सन्तुष्टि चाहन्छौ भने तिमीले धर्मको अभ्यास गर्नुपर्दछ, जसले गर्दा तिमी अवरूद्धरहित र विचलित नभइ भगवान्‌को भक्तिको पूर्ण सेवामा अधि बढ्न सक्दछौ ।" (श्रीमद्भागवत् १.२.६)

त्यसपछि उहाँले भन्नुभयो ।
वासुदेवे भगवति भक्तियोगः प्रयोजितः ।
जनयत्याशु वैराग्यं ज्ञानं च यदहैतुकम् ॥

"यदि आफूलाई भगवान् श्रीवासुदेव कृष्णको सेवामा लगाउन सक्यौ भने चाँडै नै तिमीले पूर्ण ज्ञान वैराग्य प्राप्त गर्नेछौ यसमा शङ्का छैन । (श्रीमद्भागवत् १.२.७)

त्यसपछि उहाँले सचेत गराउनुभयो
धर्मः स्वनुष्ठितः पुंसां विष्वक्सेनकथासु यः ।
नोत्पादयेद्यदि रतिं श्रम एव हि केवलम् ॥

"यदि भगवान्‌प्रतिको चेतनामा विकास गर्नका लागि आफ्नो धर्म सिद्धान्तको पालना गरेनौ भने तिमीले आफ्नो परिश्रम व्यर्थमा नष्ट गरिरहेका हुन्छौ । (श्रीमद्भागवत् १.२.८)

अब यो श्लोकमा सूतगोस्वामी भन्नुहुन्छ-
धर्मस्य ह्यापवर्ग्यस्य नार्थोऽर्थायोपकल्पते ।
नार्थस्य धर्मैकान्तस्य कामो लाभाय हि स्मृतः ॥

"मानिसले आफूलाई भौतिक लाभका लागि धर्ममा लगाउनुहुन्न । साथै भौतिक वस्तु केवल इन्द्रियतृप्तिका लागि मात्र पनि प्रयोग गर्नहुन्न । भौतिक वस्तुको प्रयोग कसरी गर्ने भन्ने बारेमा अर्को श्लोकमा वर्णन गरिएको छ ।

त्यसैले श्रीमद्भागवत् संसारका सबै मानिसलाई प्रवुद्ध बनाउनका लागि हो । यो कुनै जातीय धर्मको दर्शन होइन । यो त सम्पूर्ण मानव जातिका लागि हो । त्यसैले, मानिसले श्रीमद्भागवत्का निर्देशन र उपदेशको पालना गरेर आफ्नो जीवन पूर्ण बनाउनुपर्दछ । कृष्णभावनामृत आन्दोलनको उद्देश्य नै यही हो । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

5
इन्द्रियहरू केका लागि हुन्?

कामस्य नेन्द्रियप्रीतिर्लाभो जीवेत यावता ।
जीवस्य तत्त्वजिज्ञासा नार्थो यश्चेह कर्मभिः ॥

जीवनका कामनाहरू इन्द्रियतृप्तितर्फ उन्मुख हुनहुन्न । मानिसको कामना स्वस्थ जीवनतर्फ उन्मुख हुनुपर्दछ । मानव जीवन भनेको ब्रह्मको बारेमा जिज्ञासा राख्नका लागि हो । त्यसैले, सबै कर्मको लक्ष्य अन्य विषयतर्फ हुनुहुँदैन ।

श्रीमद्भागवत् (१.२.१०)

यो भौतिक सम्भयता पूर्णरूपले भ्रमित छ । त्यसैले, सबै आफ्ना इन्द्रियतृप्तिका विषय पुरा गर्नेतर्फ गलत तरिकाले उन्मुख भएका छन् । यस्तो सभ्यतामा जीवनका सबै परिधिको लक्ष्य भनेको नै इन्द्रियतृप्ति भएको छ । राजनीती, समाजसेवा, परोपकारी, लोकको हित, धर्म र मुक्ति पनि केवल इन्द्रियतृप्तिका लागि हुने गर्दछन् त्यो प्रवृत्ति हावी भएर बढिरहेको छ । राजनीतिमा नेताहरू आफ्ना इन्द्रियतृप्ति गर्नका लागि एक अर्कासँग लडिरहेका छन् । मतदाताहरू पनि यस्ता तथाकथित नेताले इन्द्रियतृप्ति गराउने वाचा गरेपछि मात्र तिनीहरूलाई समर्थन गर्दछन् । जब मतदाताहरू आफ्नो इन्द्रियतृप्तिबाट असन्तुष्ट हुन्छन् अनि उनीहरूले त्यस्ता नेतालाई अपदस्थ गरिदिन्छन् । नेता पनि मतदाताका इन्द्रियतृप्तिका कार्य पूरा गरिदिन नसकेकोमा चिन्तित भइरहन्छ । यस्तो अवस्था प्रत्येक स्थानमा लागु हुन्छ तर कोही पनि आफ्नो जीवनको समस्यातर्फ भने गम्भीर छैनन् । मुक्तिको कामना गर्दै ब्रह्मसँग एकाकार हुने इच्छा गरेका पनि इन्द्रियतृप्तिका लागि आध्यात्मिक आत्महत्यासम्म गर्ने कामना गर्दछन् ।

तर यहाँ श्रीमद्भागवत्मा मानिस इन्द्रियतृप्तिका लागि बाँच्नुहुन्न भनेर भनिएको छ । मानिसले आफ्ना इन्द्रियलाई बाँच्नका लागि आवश्यक हुने स्तरसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मात्र सन्तुष्ट गराउनुपर्दछ इन्द्रियतृप्तिका लागि होइन किनभने शरीर इन्द्रियहरूले बनेको छ। त्यसैले, उसलाई पनि केही मात्रामा भएपनि सन्तुष्टिको आवश्यकता पर्दछ। त्यस्ता इन्द्रियलाई सन्तुष्ट गर्न केही निर्देशित नियमहरू छन् तर इन्द्रियहरू अनियन्त्रित मनोरञ्जनका लगि होइनन्। उदाहरणका लागि विवाह सन्तान उत्पन्न गर्नका लागि आवश्यक छ तर यो इन्द्रिय मनोरञ्जनका लागि होइन। स्वयं अवरोध गर्ने क्षमता नभएको हुनाले परिवार नियोजन गर्नुपर्दछ भन्ने हल्ला गरिन्छ तर मूर्खहरूलाई ब्रह्मको खोजीमा लागेपछि परिवार नियोजनको कार्य स्वतःहुन्छ भन्ने कुरा थाहा नै छैन। ब्रह्मको बारेमा जान्न उत्सुकहरू यस्ता अनावश्यक इन्द्रियतृप्तिमा भ्रमित हुँदैनन्। जीवनको प्रत्येक परीधिको लक्ष्य केवल ब्रह्म प्राप्ति गर्नेतर्फ उन्मुख हुनुपर्दछ। त्यसो गर्नाले उसले आफ्नो धेरै कम क्षण विभिन्न इन्द्रियतृप्तिका लगि प्रयोग गर्ने हुनाले सुख प्राप्त गर्दछ।

मानवको कार्य केवल खानु, सुत्नु, मैथुन गर्नु र प्रतिरक्षा गर्नु मात्र होइन्। त्यस्तो कार्य बिरालो, कुकुरका लागिमात्र हो तर मानव जीवन त्योभन्दा उच्चस्तरको उद्देश्यको लागि हो। मानव सभ्यतालाई यसरी मार्गदर्शन गर्नुपर्दछ, जसले गर्दा उनीहरूले गम्भीरतापूर्वक जीवनको सत्यका बारेमा विचार गर्न सकून् जस्तैः- भगवान्का बारेमा जिज्ञासा राख्नु भौतिक प्रकृति, भगवान् र प्रकृतिसँगको हाम्रो सम्बन्ध, आदि। यसैलाई तत्त्व जिज्ञासा भनिन्छ। ब्रह्मका बारेमा जिज्ञासा राख्नु नै प्रत्येकको कर्तव्य हो। यो हिन्दुको मात्र कर्तव्य हो भन्ने होइन यो त मुस्लिम, क्रिस्चियन सबैको हो। दुईमा दुई जोडे चार हुन्छ भन्ने कुरा हिन्दु, मुस्लिम, क्रिस्चियन सबैले स्वीकार गर्दछन्। विज्ञान विज्ञान नै हो। त्यसैले, सबै मानिस ब्रह्मसम्बन्धी विज्ञान प्राप्त जिज्ञासु हुनुपर्दछ।

ब्रह्मका बारेमा कहाँ जिज्ञासा राख्ने हो ? श्रीमद्भागवत् (११.३.२१)मा भनिएको छ - **तस्माद् गुरुं प्रपद्येत जिज्ञासुः श्रेय उत्तमम्** "जुन व्यक्ति ब्रह्मका बारेमा जान्ने इच्छुक छ ऊ गुरु कहाँ जानुपर्दछ।" भागवत्को यो श्लोकमा प्रयोग गरिएको शब्द जिज्ञासा एघारौं स्कन्धमा पनि प्रयोग गरिएको छ। जब तल्लो स्तरको व्यक्तिले माथिल्लो स्तरको व्यक्तिसँग जिज्ञासा राख्दछ अनि यो शब्दको प्रयोग हुने गर्दछ। उदाहरणका लागि जब बच्चाले आफ्ना पितासँग केही सोध्दछ भने त्यसलाई जिज्ञासा भनिन्छ। बुद्धिमान् बच्चाले जहिले पनि प्रश्न गर्ने वा सोध्ने गर्दछ, "पिताजी यो के हो ? त्यो के हो ? अनि पिताले उत्तर दिन्छन्। यसरी बच्चाले जानकारी प्राप्त गर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्मका बारेमा तिमीले कोसँग जिज्ञासा राख्ने हो ? भगवद्गीता (४.३४) मा भगवान् श्रीकृष्णले उत्तर दिँदै भन्नुहुन्छ **उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानीस्तत्वदर्शिनः।** जसले वास्तवमा ब्रह्म (**तत्त्वदर्शिनः**) को दर्शन गरेको छ उसले मात्र ब्रह्मको बारेमा ज्ञान दिन सक्दछ । वैदिक शास्त्रअनुसार तत्त्वदर्शी व्यक्ति धेरै शुद्ध हुनुपर्दछ। त्यसकारण, जिज्ञासु व्यक्ति योग्य ब्राह्मण कहाँ गएर ब्रह्मका बारेमा जिज्ञासा राख्नुपर्दछ। भगवद्गीता (१८.४२) मा भगवान् श्रीकृष्णले ब्राह्मणका गुणका बारेमा वर्णन गर्नुभएको छ।

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च ।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वरभावजम् ॥

"शान्त, आत्मा नियन्त्रक, तप, शुद्ध, सहनशील, इमानदार, ज्ञान, विज्ञान र धार्मिक, यी सबै ब्राह्मणका स्वाभाविक गुण हुन् र यसअनुसार उनले कार्य गर्दछन् ।" त्यसैकारण वैदिक पद्धति अनुसार गुरु हुनका लागि पहिलो योग्यता भनेको ऊ ब्रह्मण हुनुपर्दछ। उसको जन्म ब्राह्मण परिवारमा भएर हुँदैन। उसमा ब्राह्मणका गुण विद्यमान हुनुपर्दछ । ब्राह्मणका गुण विद्यमान् भएपनि यदि ऊ वैष्णव होइन भने गुरु हुन योग्य हुँदैन। शास्त्रको निर्देशन नै त्यही छ-

सत् कर्म निपुणो विप्रोमन्त्रतन्त्र विशारदः ।
अवैष्णवो गुरुर्न स्यादवैष्णवः स्वपचोगुरुः ॥

"ब्राह्मण भएर वैदिक शास्त्रको ज्ञान भएर र ब्राह्मणका ६ कार्यको बारेमा ज्ञान भए पनि यदि ऊ भगवान्को भक्त छैन भने ऊ आध्यात्मिक गुरु बन्न सक्दैन। यदि कुनै व्यक्ति कुकुरको मासु भक्षण गर्ने परिवारमा जन्म लिएको छ तर भगवान्को शुद्ध भक्त छ भने ऊ आध्यात्मिक गुरु बन्न सक्दछ।"

त्यसैले, गुरु भगवान्को भक्त वैष्णव हुनुपर्दछ। भगवद्गीता (४.३) मा भगवान् श्रीकृष्णले अर्जुनलाई भन्नुभएको छ - **"भक्तोऽसि मे सखा चोति रहस्यं ह्यतदुत्तमम् ।"**, "हे प्रिय अर्जुन ! तिमी मेरो भक्त र मित्र हौ त्यसैले, यो रहस्यले युक्त कृष्णभावनामृतको विज्ञान, जुन तिमीलाई भन्दैछु, त्यो तिमीले बुझ्न सक्दछौ ।" त्यसकारण, गुरु भगवान् श्रीकृष्णको भक्त हुनुपर्दछ अर्को शब्दमा भन्नुपर्दा भगवान् श्रीकृष्णको प्रतिनिधी हुनुपर्दछ।

यसरी गुरुको सेवा गर्दै उहाँसँग जिज्ञासा राखेपछि हामी त्यस्तो विन्दुमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आइपुग्दछौ, जहाँ उहाँभित्र विराजमान् भगवान् श्रीकृष्ण हामीलाई ज्ञान प्रदान गर्नुहुन्छ । भगवान् श्रीकृष्णले सर्वोच्च गुरु हुनुहुन्छ । **तेन ब्रह्महृदा आदि कवये** (श्रीमद्भागवत् १.१.१) । भगवान् श्रीकृष्ण प्रत्येकको हृदयमा परमात्मा भएर निवास गर्नुहुन्छ । जब तिमी शुद्ध पवित्र हुन्छौ अनि त्यही हृदयबाट उहाँले तिमीसँग कुरा गर्नुहुन्छ । वास्तवमा उहाँ सधैँ हामीसँग कुरा गर्नुहुन्छ तर हामी अपवित्र भएका हुनाले हामीले उहाँले बोलेको सुन्न सक्दैनौं । भगवद्गीता (१५.१५) । भगवान् श्रीकृष्णले उहाँ आफैं सबै ज्ञानका स्रोत हुनुहुन्छ भन्ने कुरा निश्चित गर्नुभएको छ । **सर्वस्य चाहं हृदि सन्निविष्टो मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।** "म प्रत्येक हृदयमा निवास गर्दछु । म बाट नै स्मरण, ज्ञान र विस्मृति हुने गर्दछ ।" परमात्मारूपी भगवान् श्रीकृष्ण सधैँ हामीलाई सहायता गर्न तत्पर हुनुहुन्छ तर त्यसका लागि हामीले उहाँको सेवा गर्नुपर्दछ र उहाँका आदेशको पालन गर्नुपर्दछ ।" भगवद्गीता (१०.१०) मा भगवान् भन्नुहुन्छ–

तेषां सतत युक्तानां भजतां प्रीतिपूर्वकम् ।
ददामी बुद्धियोगं तं येन माम् उपयन्ति ते ॥

"जुन व्यक्ति सदैव अति प्रेम र भक्तिपूर्वक मेरो सेवामा संलग्न रहन्छ, म उसलाई बुद्धि प्रदान गर्दछु, जसले गर्दा ऊ मकहाँ आउँदछ ।"

यदि हामी ब्रह्मका बारेमा जान्न चाहन्छौं भने हामीले उपयुक्त प्रक्रिया अपनाउनु पर्दछ त्यो प्रक्रिया भनेको आफूलाई भगवान्प्रतिको प्रेमले युक्त सेवामा संलग्न गराउनु हो । त्यो प्रक्रियाले एक दिन हामीलाई ब्रह्मको अनुभूति हुन्छ । हाम्रो अहिलेको भावना हीन (बोध) भौतिक इन्द्रियले ब्रह्मको अनुभूति गर्न सक्दैन । उदाहरणका लागि धार नभएको बोधो छुरीले केही पनि काट्न सकिंदैन । पहिला धार लगाउनुपर्दछ अनि मात्र सजिलै काट्दछ । त्यसैगरेर, ब्रह्मका बारेमा जान्नका लागि तिमीले आफ्नो इन्द्रियहरूलाई भगवान्को सेवामा लगाएर पवित्र र धारिलो बनाउनुपर्दछ । अहिले तिमीले भगवान् श्रीकृष्णको दर्शन गर्न सक्दैनौ तर यदि तिमीले तिम्रो आँखा र अन्य इन्द्रियलाई पवित्र बनायौ भने तिमी भगवान्को दर्शन गर्न, उहाँले भनेको कुरा सुन्न, उहाँसँग कुरा गर्न सक्षम हुनेछौ । यो सबै भक्तिको प्रक्रियाबाट सम्भव छ ।

नारद पञ्चरात्रले भक्तिको परिभाषा यसरी गरेको छ-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सर्वोपाधी विनिर्मुक्तं ततपरत्वेन निर्मलम् ।
हृषीकेश हृषीकेश सेवनम् भक्तिर उच्चते ॥

चै च मध्य लीला (१९.१७०)

अहिले हामीहरू धेरै भौतिक उपाधिहरूबाट भ्रमित भईरहेका छौं । त्यसैले, हामीले हाम्रा इन्द्रियहरूको गलत प्रकारले प्रयोग गरिरहेका छौं । उदाहरणका लागि हामीले सोच्न सक्दछौं- "यो मेरो हात हो त्यसैले मैले यसको प्रयोग मेरो उद्देश्यका लागि गर्दछु ।" अथवा "मैले मेरो हात मेरो परिवार, समाज र देशको लागि प्रयोग गर्दछु ।" वास्तवमा यो हात भगवान् श्रीकृष्णको हो । त्यसैले, उहाँको उद्देश्य वा कार्यका लागि प्रयोग गर्नुपर्दछ । अन्य कुनै कार्यका लागि होइन । त्यसैल भगवान् श्रीकृष्णको अर्को नाम हृषीकेश अर्थात् इन्द्रियहरूका स्वामी हो । जब हामीले हाम्रा इन्द्रियहरूलाई वास्तवमा भगवान् श्रीकृष्णका सेवामा लगायौं भने हामी यस्ता भौतिक उपाधिहरूबाट मुक्त हुन्छौं र हाम्रा इन्द्रियहरू पवित्र हुन्छन् । यो नै भक्ति वा कृष्णभावनामृत हो ।

प्रत्येक व्यक्ति यस्तो चेतना तर्फ उन्मुख हुनुपर्दछ अनि तत्त्व जिज्ञासा वा ब्रह्मसम्वन्धी जिज्ञासा गर्न सुरु गर्नुपर्दछ । तिम्रा जिज्ञासाका उत्तरहरू भगवान् श्रीकृष्णले ज्ञानका भण्डाररूपी पुस्तकहरूमा प्रदान गर्नुभएको छ ती पुस्तकहरू श्रीमद्भागवत्, भगवद्गीता आदि हुन् । हामीले यस्ता ज्ञानका अमूल्य निधिका भण्डारवाट लाभ लिनुपर्दछ तर मानिसहरू यस्तो ज्ञानको उपयोग नगरेर अनावश्यक समाचार पढ्ने गर्दछन् । बिहान सबेरै समाचार पत्र वितरण गरिन्छ । एक घन्टा पछि त्यो पर फ्याँकिन्छ । यसप्रकारले यस्ता धेरै अनावश्यक साहित्यले मानिसहरूको ध्यान अर्कोतर्फ मोडेका छन्, त्यसैले उनीहरू ज्ञानको अमूल्य भण्डार श्रीमद्भागवत्बाट ब्रह्मका बारेमा जिज्ञासा राख्न पनि इच्छुक हुँदैनन् । त्यसैले, भागवत्को यो श्लोकले सचेत गराएको छ- **जीवस्य तत्वविज्ञासा नार्थेयस चेह कर्मीमः** "तिम्रो एक मात्र कार्य ब्रह्मका बारेमा जिज्ञासा गर्नु हो ।" ब्रह्म को हुनुहुन्छ भन्ने सन्दर्भमा विस्तृत वर्णन अब आउने श्लोकमा गरिएको छ । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

6

ब्रह्मको परिभाषा

वदन्ति तत्तत्त्वविदस्तत्त्वं यज्ज्ञानमद्वयम् ।
ब्रह्मेति परमात्मेति भगवानिति शब्द्यते ॥

ब्रह्मको सत्यताका बारेमा जानेका विद्वान् आध्यात्मवादीहरूले अद्वितीय मुख्यांश ब्रह्म नै परमात्मा वा भगवान् हुनुहुन्छ भनेर भन्दछन् ।

श्रीमद्भागवत् (१.२.११)

ब्रह्म नै विषय (तत्त्व) र पदार्थ हुनुहुन्छ र दुवैको गुणमा कुनै भिन्नता छैन । त्यसकारण ब्रह्म, परमात्मा र भगवान् गुणले एक र समान हुनुहुन्छ । त्यही मुख्यांशलाई उपनिषद्का विद्यार्थीले अवैयक्तिकको रूपमा, हिरण्यगर्भ वा योगीले स्थिर परमात्माको रूपमा र भक्तहरूले भगवान्को रूपमा अनुभूति गर्दछन् । अर्को शब्दमा भन्दा भगवान् ब्रह्म जसरी सूर्य देवताका किरण हुनुहुन्छ, त्यसरी नै भगवान्को प्रकाशले युक्त ज्योति हुनुहुन्छ । कमबुद्धि भएका पछिल्ला दुईवटा विद्यालयका विद्यार्थीहरूले आफ्नो पक्षको अनुभूतिका बारेमा दाबी वा बहस गर्दछन् तर जुन व्यक्ति ब्रह्मको सत्यताका बारेमा पूर्ण द्रष्टा छ, उसलाई माथिका ब्रह्मको सत्यता सम्बन्धी तीन वटै रूपको बारेमा ज्ञान हुन्छ र त्यस्तो तीन भिन्नता केवल आफ्नो दृष्टिको भिन्ताले गर्दा भएको हो भन्ने जानकारी हुन्छ ।

भागवत्को पहिलो स्कन्धको पहिलो अध्यायको पहिलो श्लोकमा वर्णन गरिएको छ- परम् सत्य, स्वतः प्रकाशित, ज्ञाता र भ्रमको सम्वन्धबाट मुक्त हुनुहुन्छ भनिएको छ । भौतिक जगत्मा ज्ञाता र ज्ञान बीच भिन्नता हुन्छ तर ब्रह्ममा ज्ञान र ज्ञाता समान हुनुहुन्छ । यस जगत्मा ज्ञाता भनेको आत्मा वा उच्चस्तरको शक्ति हो र ज्ञान निष्क्रिय पदार्थ वा निम्नस्तरको शक्ति हो । त्यसैले, निम्नस्तर र उच्चस्तरका शक्तिमा द्वैधता हुन्छ तर ब्रह्मको राज्यमा ज्ञाता र ज्ञान दुवै समान उच्चस्तरका शक्ति हुन्छन् । सर्वोच्च शक्तिमा, त्यहाँ तीन प्रकारका शक्ति छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शक्तिमान् र शक्तिमा भिन्नता हुँदैन तर शक्तिको गुणमा भने भिन्नता हुन्छ। ब्रह्म राज्य र जीव दुवै उच्चस्तरको शक्ति हुन् तर यो भौतिक जगत् भने तल्लोस्तरको शक्ति हो। जीवन यो तल्लो स्तरको शक्तिको सम्पर्कमा आएपछि भ्रमित हुन्छ, त्यसैले, यस भौतिक जगत्मा सम्बन्धको विचार उत्पन्न हुन्छ तर ब्रह्ममा ज्ञाता र ज्ञान बीचको भिन्नताको विचार हुँदैन त्यसैले, त्यहाँ सबै ब्रह्म नै हुन्छन्।

माथि भनिए अनुसार सूर्य र सूर्यको प्रकाशको दृष्टान्तबाट ब्रह्म, परमात्मा र भगवान् ब्रह्मका तीन पक्ष हुनुहुन्छ भन्ने कुरा बुझ्न सहायता हुन्छ। जसरी सूर्य, सूर्यको परीधि र सूर्यको प्रकाशमा भिन्नता छैन, त्यसरी नै ती तीन बीच पनि कुनै भिन्नता छैन। सूर्य मण्डलका निवासीमध्ये नेतृत्व गर्ने विवस्वान्को शरीर आगोको हुन्छ त्यसैले, सूर्यमा स्थित हरेक वस्तु चम्किलो हुन्छ। टाढाबाट हामीले सूर्यलाई चम्किलो गोलो मण्डल जस्तो, देख्दछौं र सूर्यको प्रकाश पनि चम्किलो नै हुन्छ।

त्यसकारण, ब्रह्म सूर्यको प्रकाश जस्तै, परमात्मा सूर्यको गोलाकार जस्तै र भगवान् स्वयं सूर्यदेव जस्तै हुनुहुन्छ। तिनीहरू हेर्दा एउटै देखिन्छन्। ब्रह्मको शुद्ध उज्यालो जस्तै तर पनि तिनीहरूमा भिन्नता भने छ। यदि तिमी सूर्यको प्रकाशमा उभियौ भने त्यसको अर्थ तिमीले सूर्यको गोलाकारलाई छोयौ वा विवस्वान् सूर्यको आधिकारिक मूर्तिको दर्शन गऱ्यौ भन्ने होइन। त्यसरी नै ब्रह्मलाई बुझ्नका लागि विभिन्न तरिका प्रयोग भएकाले अनुभूति पनि भिन्न नै हुने गर्दछ। यदि कसैले केवल मनको कल्पनाले ब्रह्मको अनुभूति गर्न खोजेमा उसले अवैयक्तिक ब्रह्मको अनुभूति गर्दछ। अर्को व्यक्ति जसले ध्यान योगद्वारा ब्रह्मको अनुभूति गर्न खोज्दछ उसले परमात्माको अनुभूति गर्दछ र जसले भक्तियोगको अभ्यास गर्दछ उसले ब्रह्मको बारेमा पूर्णता प्राप्त गर्दछ र जो सबैको मूल स्रोत हुनुहुन्छ, त्यस्ता अध्यात्मिक रूप भगवान्को अनुभूति गर्दछ।

यहाँ धेरै यस्ता दर्शनिकहरू छन् जसले सबैको मूल स्रोतलाई प्राप्त गर्ने प्रयास गर्दछन्। वैज्ञानिकहरू पनि मूल स्रोतको खोजीमा प्रयत्नशील छन्। तिनीहरूले पदार्थबाट नै सबै वस्तु उत्पन्न हुन्छन् भनेर निष्कर्ष निकालेका छन्। यो नै रासायनिक विकासको सिद्धान्त हो। तथाकथित वैज्ञानिकहरूको सिद्धान्त जीवनसहित सबै वस्तु पदार्थबाट उत्पन्न हुन्छन् भन्ने छ तर तिनीहरू रसायनबाट जीवनको उत्पादन गर्न सक्षम भएका छैनन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेदान्तसूत्रले हामीलाई सम्पूर्ण वस्तुको मूल स्रोतरूपी ब्रह्मको खोजी गर्न निर्देशन दिएको छ तर सम्पूर्ण वैदिक ज्ञानको निष्कर्ष त्यो स्रोत भनेको जीव हो पदार्थ होइन भन्ने छ । कठोपनिषद्मा भनिएको छ- **नित्यो नित्यानां चेतनसऽचेतनाम् एको बहुनां यो विदधाति कामान्**- "सम्पूर्ण चेतन जीवहरूमध्ये एउटा सर्वोच्च जीव हुनुहुन्छ, जसले सबैलाई आवश्यक वस्तु प्रदान गरिरहनुभएको छ ।" भगवद्गीता (१०.८) भगवान् श्रीकृष्ण भन्नुहुन्छ- मनै सर्वोच्च हूँ - **अहं सर्वस्य प्रभवो मत्त सर्वं प्रवर्तते।** " म नै सबैको स्रोत हूँ ।" यहाँ **अहं** भनेको भगवान् श्रीकृष्ण हुनुहुन्छ, उहाँ नै सर्वोच्च जीव हुनुहुन्छ मृत हुनुहुन्न । यसरी केही अघि भगवद्गीता (७.७) मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ–

मत्तः परतरं न्यान्यत् किञ्चिदस्ति घनञ्जय ।
मयि सर्वमिदं प्रोतं सूत्रे मणि गणा इव ॥

"हे धनञ्जय ! मभन्दा ठूलो कुनै सत्य छैन । सबै ममा स्थित छन् । जसरी मोतिहरू एउटा धागोमा बाँधिएका हुन्छन् ।"

त्यसैले, भगवान् श्रीकृष्ण नै ब्रह्मकालागि अन्तिम शब्द हुनुहुन्छ भनेर हामीले बुझ्नुपर्दछ । भगवद्गीता (१४.२७) मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ, अवैयक्तिक ब्रह्म उहाँमा स्थित हुन्छन् । (**ब्रह्मणे हि प्रतिष्ठाहम्**) । जसरी सूर्यको प्रकाश सूर्यबाट आउँदछ, त्यसरी नै ब्रह्मको प्रकाश, जुन सम्पूर्ण ब्रह्माण्डमा फैलिन्छ, त्यो भगवान् श्रीकृष्णबाट नै आउँदछ । ब्रह्मसंहिता (५.४०)मा त्यसको वर्णन गरिएको छ ।

यस्य प्रभा प्रभवतो जगदण्डकोटि
कोटिष्वशेषवसुधादि विभूतिभिन्नम् ।
तद् ब्रह्म निष्कलमनन्तमशेषभूतं
गोविन्दमादिपुरुषं तमहं भजामि ॥

ब्रह्मको प्रभा भगवान् श्रीकृष्णको तेज हो, जसलाई ब्रह्मज्योति भनेर चिनिन्छ । यो भौतिक जगत् त्यो प्रभाभन्दा बाहिर छ । भगवद्गीता (९.४) मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ- **मया ततमिदं सर्वं जगद्व्यक्तिमूर्तिना** । "मेरो अवैयक्तिक रूपी ब्रह्मप्रभा सर्वत्र फैलिएको छ ।"**मत्स्थानि सर्वभूतानि** - "सम्पूर्ण वस्तु ब्रह्मको त्यो प्रभामा स्थित हुन्छ ।" **न चाहं तेष्ववस्थितः** "तर म व्यक्तिगत रूपमा त्यहाँ छैन ।" यो नै ब्रह्मसम्बन्धी सत्य ज्ञान हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यदि, हामीले हाम्रो कल्पनाको शक्तिले ब्रह्मका बारेमा जान्ने प्रयास गर्‍यौं भने हामी केवल अवैयक्तिक सम्म पुग्न सक्दछौं, जसरी हामीले आफ्नो व्यक्तिगत शक्तिद्वारा सूर्यको बारेमा बुझ्ने प्रयास गर्‍यौं भने हामी केवल सूर्यको प्रकाश देख्न सक्दछौं तर यदि हामी सूर्यमण्डलबाट सूर्यको प्रमुख विग्रहका बारेमा बुझ्ने प्रयास गर्‍यौं भने त्यो विषय भिन्दै हो । त्यसको लागि केवल सूर्य प्रकाशले सहायता गर्न सक्दैन । त्यसको लागि तिमीले अन्य प्रक्रिया अपनाउनुपर्दछ, जसले गर्दा तिमी सूर्यमण्डलमा पुग्न सक्दछौ र सूर्य देवसँग भेट्न सक्दछौ । त्यसै गरेर तिमीले आफ्नो कल्पनाको ज्ञानशक्तिले अवैयक्तिक ब्रह्मका बारेमा बुझ्न सक्दछौ । तर तिमीले परमात्मा, जो प्रत्येकको हृदयमा बिस्तार भएर विराजमान् हुनुहुन्छ, भगवान् र मूल ब्रह्म परमात्मालाई बुझ्न सक्दैनौ ।

भगवान् श्रीकृष्णका बारेका ज्ञानमा सबै समाहित हुन्छ त्यो सत्य हो । त्यसैले, वेदमा भनिएको छ- **कस्मिन् तु भगवोविज्ञानते सर्वं इदं विज्ञानातं भवति**– यदि तिमीले भगवान् श्रीकृष्णका बारेमा बुझ्न सक्यौ भने, तिमीले स्वतः ब्रह्मको रूप र परमात्माको रूपका बारेमा बुझ्न सक्नेछौं । तिमीले ब्रह्म र परमात्माका बारेमा अलग अलग बुझ्ने प्रयास गर्नुपर्दैन किनभने भगवान् श्रीकृष्णलाई बुझेपछि ती दुवैलाई सजिलौ बुझ्न सकिन्छ ।

यहाँ अर्को उदाहरण छ– यदि तिमीले पहाडलाई टाढाबाट हेर्‍यौ भने केही बादल, र अस्पष्ट स्वरूप देख्नेछौ तर यदि तिमी पहाडको नजिक गयौ भने तिमीले पहाडलाई हरियो रङ्गमा र विशालरूपमा देख्नेछौ । यदि तिमी पहाडमा चढ्यौ भने त्यहाँ तिमीले पशु, मानिस, घर, रुख आदि देख्नेछौ । त्यो वस्तु उही नै हो तर त्यसलाई विभिन्न स्थानबाट हेर्दा त्यसको रूप भिन्नभिन्न हुन्छ ।

त्यसैले, भगवान् श्रीकृष्णलाई बुझ्ने भनेको ब्रह्म र परमात्मालाई बुझ्नु हो । तर, हामीले भगवान् श्रीकृष्णलाई सत्यतापूर्वक बुझ्नुपर्दछ । भगवद्गीता (४.९) मा भगवान् श्रीकृष्णभन्नुहुन्छ–

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः ।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ॥

"जसले मेरो जन्म र कर्मका दिव्य प्रकृतिका बारेमा जान्दछ, उसले शरीर त्याग गरेपछि पुनः यस भौतिक जगत्मा जन्म लिनुपर्दैन । उसले मेरो सनातन धाम प्राप्त गर्दछ, हे अर्जुन ! यहाँ **तत्त्वतः** शब्द प्रयोग भएको छ किनभने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हामीले भगवान् श्रीकृष्णको तत्त्वका बारेमा बुझ्ने प्रयास नै गर्दैनौ र उहाँलाई साधारण मानव ठान्दछौं । यसो ठान्नु मूर्ख र दुष्टको विचार हो । **अवजानन्ति मां मूढा** (भगवद्गीता ९.११) तर भगवान् श्रीकृष्ण यस भौतिक जगत्का हुनुहुन्न । वास्तवमा जसले भगवान् श्रीकृष्णलाई ब्रह्म भनेर बुझ्दछ, जान्दछ, उसले आफ्नो जीवनको उद्देश्य पूर्णरूपले सम्पन्न गरेको हुन्छ यस जीवनको अन्त्यपछि उसले पुनः यस जगत्मा जन्म लिनुपर्दैन, ऊ भगवद्धाम फर्कन्छ । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

7
भगवान्‌लाई आफूभित्र दर्शन गर्नु

तच्छ्रद्दधान मुनयो ज्ञानवैराग्ययुक्तया ।
पश्यन्त्यात्मनि चात्मानं भक्त्या श्रुतगृहीतया ॥

जुन ऋषि वा विद्यार्थी जिज्ञासाका लागि गम्भीर छ, ऊ ज्ञान वैराग्यले युक्त भएर वेदान्त र श्रुतिबाट जे सुनेको छ, त्यसअनुसार भक्तिमय सेवा गर्दै ब्रह्मको अनुभूति गर्दछ ।

श्रीमद्‌भागवत् (१.२.१२)

पूर्णरूपले भक्तिमय सेवाको प्रक्रियाबाट नै भगवान् परब्रह्मको अनुभूति गर्न सकिन्छ ।

भगवान् श्रीवासुदेव नै पूर्णरूपले परब्रह्म हुनुहुन्छ । ब्रह्म उहाँको दिव्य शरीरको तेज र परमात्मा उहाँको अंशको प्रतिनिधि हुनुहुन्छ । हुनत ब्रह्म वा परमात्माको अनुभूति गर्नु परब्रह्मको अनुभूति नै हो तर त्यो केही भागको मात्र अनुभूति हो । चार प्रकारका मानव हुन्छन्– कर्मी, ज्ञानी, योगी र भक्त । कर्मीहरू भौतिकवादी हुन् अन्य तीन उत्कृष्ट हुन् । पहिलोस्तरको उत्कृष्ट व्यक्ति भक्त हो जसले परम पुरुषको अनुभुति गरेको हुन्छ र दोस्रोस्तरको उत्कृष्ट व्यक्ति त्यो हो, जसले परब्रह्मको अंशावतारको केही मात्रामा मात्र अनुभूति गर्दछ । तेस्रोस्तरका उत्कृष्ट व्यक्तिले परमपुरुषका बारेमा धेरै थोरै अनुभूति गर्न सक्दछ ।

भगवद्‌गीता र अन्य वैदिक साहित्यमा भनिएको छ– परम पुरुषको अनुभूति केवल ज्ञान र भौतिक सङ्गतबाट वैरागी भएर गरिने भक्तिमय सेवाबाट मात्र हुन सक्दछ । हामीले पहिला नै चर्चा गरिसक्यौं भक्तिमय सेवा केवल ज्ञान र भौतिक सङ्गतको वैराग्यले मात्र हुन सक्दछ । ब्रह्म र परमात्माको अनुभूति भनेको परब्रह्मको पूर्ण अनुभूति होइन । त्यसैले, परब्रह्मको अनुभूति गर्नका लागि गरिने ज्ञान र योगको मार्ग पनि अपूर्ण उपाय हो । ज्ञान र भौतिक सङ्गतबाट वैराग्य भएर, जुन कुरालाई वेदसूत्रले पनि पुष्टि गरेर स्थापित गरेको छ, त्यो नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पूर्ण प्रक्रिया हो । त्यसैले, गम्भीरतापूर्वक लागेको विद्यार्थीले यही प्रक्रियाबाट परब्रह्मको अनुभूति गर्न सक्दछ ।

कम ज्ञान भएको स्तरका अन्तर्ज्ञानवादी व्यक्तिका लागि भक्तिमय सेवा होइन । भक्तहरू पहिलो, दोस्रो र तेस्रोस्तरका गरि तीन प्रकारका हुन्छन् । तेस्रो स्तरका वा नवभक्त, जोसँग ज्ञान छैन र भौतिक सङ्गतबाट मुक्त पनि भएका छैनन् जो मन्दिरमा भगवान्‌का अर्चाविग्रहको पूजासेवाको प्रारम्भिक प्रक्रियाबाट आकर्षित हुन्छन्, ती तेस्रो स्तरका भक्त हुन् । तिनलाई भौतिक भक्त भनिन्छ । भौतिक भक्तहरू दिव्य लाभ भन्दा भौतिक लाभ तर्फ आसक्त हुन्छन् । त्यसैले, त्यस्ता भौतिक भक्तले भौतिक भक्ति सेवाबाट दोस्रोस्तरको भक्तिसेवाको अवस्थामा पुग्नका लागि असीमित प्रगति गर्नुपर्दछ । दोस्रो स्तरको भक्तले भक्तिमय पथका चार सिद्धान्तलाई देख्न सक्छ । ती सिद्धान्त हुन्– भगवान्, उहाँका भक्तहरू, अज्ञानता र ईर्ष्या । मानिसले आफूलाई सकेसम्म दोस्रोस्तरको भक्त बनाउनु पर्दछ, जसले गर्दा उसले परब्रह्मको बारेमा जान्न सक्ने योग्यता प्राप्त गर्दछ ।

त्यसैले, तेस्रोस्तरको भक्तले आधिकारिक स्रोतरूपी भागवत्‌का निर्देशनको अनुसरण गर्नुपर्दछ । पहिलो भागवत् भक्तका लागि स्थापित व्यक्तित्व हो । दोस्रो भागवत् भगवान्‌को सन्देश हो । त्यसैले तेस्रोस्तरको भक्त व्यक्तिगतरूपले भक्तकहाँ जानपर्दछ र भक्तिमय सेवाका बारेमा दिइएको निर्देशनको अध्ययन गर्नुपर्दछ । यस्ता भक्तहरू व्यावसायिक होइनन् र उनीहरूले भागवत्‌लाई पेसा बनाएर आफ्नो जीवन निर्वाहका लागि केही आम्दानी पनि गर्ने होइनन् । यस्ता भक्तहरूले शुक गोस्वामी र सूत गोस्वामीका प्रतिनिधिजस्ता बनेर सम्पूर्ण प्राणीको सर्वाङ्गीण लाभका लागि भक्तिमय सेवाको प्रचार गर्दै त्यसको विकास गर्नुपर्दछ । नयाँ भक्तलाई आधिकारिक व्यक्तिबाट दिइएको निर्देशन सुन्ने कम इच्छा हुन्छ । त्यस्ता नयाँ भक्तले आफ्ना इन्द्रियहरूलाई सन्तुष्ट गर्नका लागि व्यावसायिक व्यक्तिहरूबाट सुन्ने इच्छा गर्दछन् । त्यस्ता व्यक्तिबाट सुन्ने र कीर्तन गर्नाले सबै कुरा नष्ट हुन्छ । त्यसैले, यस्ता दोषले युक्त प्रक्रियाप्रति धेरै नै सर्तक हुनुपर्दछ । भगवान्‌का पवित्र सन्देश भगवद्‌गीता र भागवत्‌मा समावेश गरिएका छन् र ती विषय उत्कृष्ट र दिव्य छन् । तर, ती दिव्य भए पनि त्यस्ता दिव्य विषयहरू व्यावसायिक व्यक्तिबाट ग्रहण गर्नुहुन्न किनभने जसरी सर्पको जिब्रोले स्पर्श गरेको दूध विषालु हुन्छ त्यसरी नै ती दिव्य विषय पनि नष्ट हुन्छन् ।

त्यसैले, निष्कपट भक्तले उपनिषद्, वेदान्त र अन्य साहित्यहरू, जुन पूर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu. Collection.

आधिकारिक व्यक्ति वा गोस्वामीहरूले छोडेर जानुभएको छ, ती सबै आफ्नो लाभ र प्रगतिका लागि श्रवण गर्न तयार हुनुपर्दछ । यस्ता साहित्यहरूको श्रवण नगरेसम्म भक्तले वास्तविक प्रगति गर्न सक्दैन । यसरी, श्रवण गर्दै ती निर्देशनको पालन नगरे भक्तिमय सेवा निरर्थक हुन्छ । त्यसैले भक्तिमय सेवाको मार्गमा अवरोध पनि उत्पन्न हुन्छ । जबसम्म श्रृति, स्मृति, पुराण र पञ्चरात्रका आधिकारिक सिद्धान्तअनुरूपको भक्तिमय सेवा स्थापित हुँदैन, तबसम्म यो देखावटी भक्तिमय सेवातुरुन्त त्याग गर्नुपर्दछ । अनधिकृत भक्त कहिल्यै पनि शुद्ध भक्त भनेर चिनिदैन । वैदिक साहित्यका यस्ता सन्देशलाई अत्मसात गरेपछि भक्तले भगवान्को सर्वव्यापकता स्थापित भएको आफूभित्र नै निरन्तर देख्न सक्दछ । यसलाई नै समाधि भनिन्छ ।

यहाँ श्रीमद्भागवत्मा समाधिका लागि पहिलो आवश्यकता भनेको श्रद्धा हो भनेर भनिएको छ । चैतन्य चरितामृत (मध्य २२.६२) मा श्रद्धाको परिभाषा यसरी दिइएको छ-

श्रद्धा शब्देविश्वास कहे सुदृढ निश्चय
कृष्णे भक्ति कैले सर्व कर्म कृत होय

यदि तिमी दृढविश्वासका साथ भगवान् श्रीकृष्णको भक्त बन्दछौ भने तिमीले सम्पूर्ण पूर्णता प्राप्त गर्दछौ । त्यो नै सहि विश्वास वा श्रद्धा हो । भगवद्गीता (१८.६६) को उपदेशको अन्त्यमा भगवान् श्रीकृष्ण भन्नुहुन्छ-

सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वां सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥

"निःस्वार्थ भावले मेरो शरणमा आऊ म तिम्रो संरक्षण गर्नेछु । म तिमीलाई तिम्रा पापका प्रतिफलबाट बचाउने छु, चिन्ता नगर ।" जसले यो निर्देशलाई स्वीकार गर्दै भगवान् श्रीकृष्णको शरणमा पर्दछ त्यो नै श्रद्धा हो । यदि तिमीमा यस्तो विश्वास र श्रद्धा छ र भगवान् श्री कृष्णका शरणमा पर्दछौ भने तिमी मुनि वा महात्मा बन्दछौ र तिमी ज्ञान र वैराग्यले युक्त हुन्छौ । **तच्छ्रद्दधान मुनयो ज्ञानवैराग्ययुक्तया** । (भागवत् १.२.१२) मानव जीवनको लक्ष्य भनेको नै ज्ञान र वैराग्य प्राप्त गर्नु हो । जबसम्म वैराग्य हुँदैन, तबसम्म ज्ञान एक्लै अर्थहीन हुन्छ । त्यसैले, मायावादी विद्यालयका संस्थापक श्रीपाद शंकराचार्यले आफ्ना अनुयायीलाई भन्नुभएको छ– "पहिला सन्यासी बन अनि मात्र तिमी बोल्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सक्नेछौं ।" जुन व्यक्ति वास्तवमा ज्ञानी छ, ऊ स्वतःवस्तुवाट विरक्त भएको वैरागी पनि हुनुपर्दछ। श्रद्धा, शरण, ज्ञान र वैराग्यको फलस्वरूप **पश्यन्ति आत्मनी चत्मानं** अर्थात् भक्तले आफ्नो मन र आफूभित्रको परमात्माको दर्शन गर्दछ । श्रीमद्भागवत् (१२.१३.१) मा सर्वत्र यसको पुष्टि गरिएको छ-**ध्यानवस्थित तद् गतेन मनसा पश्यन्ति यं योगिनः** । "पूर्ण योगीले सधैँ आफूभित्र भगवान्को दर्शन गरिरहन्छ ।"

जसको भगवान् श्रीकृष्णसँग शुद्ध प्रेम हुन्छ, त्यो नै पूर्ण योगी हो ब्रह्म संहिता (५.३८) मा भनिएको छ - **प्रेमाञ्जनच्छुरितभक्तिविलोचनेन सन्तः सदैव हृदयेषु विलोकयन्ति** । "जुन भक्तले आफ्ना आँखामा भगवान्को प्रेम रूपी गाजल लगाएको छ, उसले भगवान् श्रीकृष्णको श्याम वर्णको रूपको दर्शन आफ्नो हृदयमा गर्दछ ।" भगवान् श्रीकृष्ण कति सुन्दर हुनुहुन्छ भन्ने कुराको हामीले कल्पना पनि गर्न सक्दैनौं । भगवान् श्रीकृष्णको शरीर करोडौं कामदेवको रूपभन्दा पनि सुन्दर छ भनेर भनिएको छ । **कन्दर्पकोटिकमनीय विशेषशोभं** (ब्रह्मसंहिता ५.३०) । कामदेव सुन्दर छन् तर यस्ता लाखौं कामदेव संयुक्त गरेपनि त्यो सुन्दरताले भगवान् श्रीकृष्णको सुन्दरतासँग तुलना गर्न सक्दैन । यो विषयका बारेमा जबसम्म आफ्ना आँखामा भगवान्को प्रेमको गाजल लगाईदैन, तबसम्म बुझ्न सकिंदैन ।

हाम्रा अहिलेका धार रहित भौतिक इन्द्रिय, जो सधैं भौतिक तृप्तिमा लागिरहेको छन्, तीबाट भगवान्का बारेमा बुझ्न सकिंदैन । भगवान् श्रीकृष्ण जो आध्यात्मिक हुनुहुन्छ उहाँलाई यस्ता इन्द्रियले कसरी बुझ्न जान्न सकिन्छ ? त्यो सम्भव नै छैन । त्यसैले, भक्तिको प्रक्रियाद्वारा हामीले हाम्रा इन्द्रियहरूलाई शुद्ध पवित्र बनाउनुपर्दछ ।

अतःश्रीकृष्णनामादि न भवेदग्रा ह्यमिन्द्रियैः
सेवोन्मूखे हि जिह्वादौ स्वयमेव स्फूरत्यदः

(चैतन्य चरितामृत मध्य १७.१३६)

"भगवान् श्रीकृष्णका नाम, रूप, गुण र लीलाका उत्कृष्ट दिव्य प्रकृतिका बारेमा कसैले पनि आफ्ना दूषित इन्द्रियद्वारा बुझ्न सक्दैन ।" मानिस भगवान्को उत्कृष्ट दिव्य सेवामा लागेर आध्यात्मिक स्तरमा परिपूर्ण हुन्छ अनि उसमा भगवान्का दिव्य नाम, रूप, गुण र लीला प्रकट हुन्छन् । (भक्ति रसामृत सिन्धु १.२.३४)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जब मानिसले आफूलाई भगवान्‌को सेवामा लगाउँदछ, त्यसले उसलाई ज्ञान र वैराग्यको स्तरमा पुर्‍याउन सहायता गर्दछ । अनि **अहं ब्रह्मास्मि** भन्ने ज्ञानमा स्थिर हुन्छ अर्थात् "म यो भौतिक शरीर होइन म आत्मा हूँ ।" अहिले हामीले आफूलाई शारीरिक सम्बन्धमा स्थापित उपाधिमा स्थिर गरेका छौं । हामीले सोच्दछौं- " म अमेरिकन हूँ । म भारतिय हूँ । म ब्राह्मण हूँ । म कालो । म सेतो । म बलियो । म निर्बल । म मोटो र म दुब्लो आदि ।" यी सबै शरीरसँग सम्बन्धित उपाधिहरू हुन् । जब मानिस यस्ता उपाधिहरूबाट मुक्त हुन्छ र सोच्दछ– "म भगवान् श्री कृष्णको शाश्वत सेवक हूँ ।" अनि मात्र उसले सहि ज्ञान प्राप्त गर्दछ ।

अघि भनियो जसले आफूलाई भगवान् श्रीकृष्णको भक्तिमय सेवामा लगाउँदछ, उसले स्वतः ज्ञान र वैराग्य प्राप्त गर्दछ । तर, अहिलेको यो श्लोकमा मानिसले वैदिक साहित्यले निर्देश गरेको अनुसरण गर्दै भक्तिमय सेवा गर्नुपर्दछ भनेर उल्लेख गरिएको छ । भक्तिरसामृत सिन्धु (१.२.१०१) मा श्रीलरूप गोस्वामीले स्पष्ट गर्नुभएको छ ।

श्रृति स्मृति पुराणादि पाञ्चरात्र विधिं विना
एकान्तिकि हरेर भक्तिर उत्पातर्मिव कल्पते

भक्तिरसामृत सिन्धु (१.२.१०१)

"भगवान्‌को भक्तिमय सेवामा लाग्नेहरूले आधिकारिक वैदिक साहित्यहरू उपनिषद, पुराण, नादरपञ्चरात्र, यी सबै समाजका लागि बाधक हुन् भनेर वेवास्ता गर्दैनन् ।"

यस्ता पुस्तकको ज्ञान परम्पराको माध्यमबाट ग्रहण गर्नुपर्दछ । अर्को शव्दमा जसले भक्ति विज्ञानको अध्ययन गर्न चाहन्छ उसले भगवान् श्रीकृष्णको परम्परामा रहेर गुरुलाई स्वीकार गर्नुपर्दछ । उदाहरणका लागि भगवद्‌गीता बुझ्नका लागि जसरी अर्जुनले भगवान् श्रीकृष्णलाई गुरु स्वीकार गरे, त्यसरी नै हामीले पनि सेवा र शरणागतिको माध्यमद्वारा उहाँको प्रतिनिधिलाई स्वीकार गर्नुपर्दछ । अर्जुन पनि परम्पराको एउटा भाग नै हुन् तर परम्पराको क्रम भङ्ग भएको र भगवद्‌गीताको ज्ञान हराएको हुनाले भगवान् श्रीकृष्णले त्यही ज्ञान पुनः अर्जुनलाई भन्नुभयो । यदि जसरी अर्जुनले भगवद्‌गीता र भगवान् श्रीकृष्णलाई बुझेका थिए त्यसरी नै तिमीले पनि बुझ्यौ भने त्यो बुझाई नै पूर्ण हुन्छ तर यदि तिमीले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवद्गीतालाई आफ्नो कल्पनाको अर्थद्वारा बुझ्ने प्रयास गर्‍यौ भने त्यो केवल समय नष्ट गर्नु मात्र हो ।

आफ्नो समय व्यर्थमा नष्ट नगर, भगवान्ले भगवद्गीतामा आफ्नो बारेमा जसरी वर्णन गर्नुभएको छ त्यसरी नै भगवान् श्रीकृष्णलाई बुझ्ने प्रयास गर । यदि भगवान्ले "म यस्तो छु" भन्नुभयो भने तिमीले व्यर्थमा आफ्नै तरिका र उपायले वा अन्य प्रकारले बुझ्ने प्रयत्न नगर । भगवान् श्रीकृष्णलेतिमीलाई अनुयाचना गर्नुभएको – "म भगवान् हूँ । मेरो नाम यो हो । मेरो धाम यो हो । मेरा कार्यहरू यी हुन् ।" सबै कुरा वर्णन गरिएको छ । तिमी भगवान्का बारेमा भगवान्बाट किन बुझ्ने प्रयास गर्दैनौ ? उहाँलाई जान्न र बुझ्नका लागि तिमी किन आफ्नै तरिकामा निर्भर गर्दछौ?

कृष्णभावनामृत आन्दोलनले भगवान्का बारेमा बुझ्नका लागि कुनै अन्य उपायका निर्माण गरेर प्रस्तुत गरेको छैन । हामीले केवल स्तरीय उपाय नै प्रस्तुत गरेको हौं । भगवद्गीतामा भगवान् श्रीकृष्ण भन्नुहुन्छ- **मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु**(भगवद्गीता १८.६५) "मेरो बारेमा सोच, मेरो भक्त बन, मेरो पूजा गर र मलाई नै नमस्कार गर ।" त्यसैले, जसले पनि यसको पालना गर्न सक्दछ । कहिलेकाहीं मानिसहरू मलाई भन्ने गर्दछन्, तपाईंले कृष्णभावनामृत आन्दोलन संसारभरि फैलाउनका लागि अनौठो कार्य गर्नुभएको छ । तर, मैले भने भगवान् श्रीकृष्णजस्तो हुनुहुन्छ त्यसरी नै प्रस्तृत गरेको छु भनेर भन्दछु । त्यो नै रहस्य हो । भगवद्गीता र श्रीमद्भागवत्मा वर्णन गरे अनुसार भगवान् श्रीकृष्णका बारेमा बुझेर मानिसले आफ्नो जीवन पूर्ण बनाउन सक्दछ । अन्यथा भगवान्का बारेमा बुझ्नका लागि अन्वेषण गरिएका अन्य प्रक्रियाहरू केवल व्यर्थमा समय नष्ट मात्र हुन्छ । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४

(पूर्णवर्णाश्रम) सामाजिक व्यवस्था

अतः पुम्भिर्द्विजश्रेष्ठा वर्णाश्रमविभागशः ।
स्वनुष्ठितस्य धर्मस्य संसिद्धिर्हरितोषणम् ॥

हे द्विजहरूमा श्रेष्ठ ! अतः जात र वर्णाश्रमअनुसार तोकिएका कार्यहरू भगवान्लाई प्रसन्न गर्नका लागि सम्पन्न गरेर नै मानिसले उच्चस्तरको पूर्णता प्राप्त गर्दछ भनेर निष्कर्ष निकालिएको छ ।

श्रीमद्भागवत् (१.२.१३)

संसारभरि मानव समाजलाई चार जात र चार वर्णाश्रममा विभाजन गरिएको छ । चार जातमा बुद्धिमान, योद्धा, उत्पादन गर्ने र मजदुरी गर्ने जात । यी चार जात उनीहरूको कार्य र योग्यताअनुसार विभाजन गरिएको हो, जन्मअनुसार होइन । त्यसै गरेर, आश्रम पनि चार प्रकारका छन्– विद्यार्थी, गृहस्थ, वानप्रस्थ र भक्तिमय जीवन । मानव समाजको राम्रोको लागि यस्तो विभाजन आवश्यक छ, अन्यथा कुनै पनि समाजिक संस्था स्वस्थरूपमा अघि बढ्न सक्दैन । माथि उल्लेख गरिएका वर्णाश्रमका प्रत्येकको लक्ष्य नै भगवान्लाई प्रसन्न वा सन्तुष्ट गर्नु हो ।

मानव समाजको संस्थागत कार्यलाई वर्णाश्रम धर्मको पद्धतिले चिनिन्छ, जुन जीवनका लागि अति स्वाभाविक पनि हो । वर्णाश्रम संस्था परब्रह्मको अनुभूति गर्नका लागि निर्माण गरिएको हो । यो एक अर्कालाई थिचोमिचो वा कृत्रिम प्रभुत्व जमाउनका लागि होइन । परब्रह्मको अनुभूति गर्ने जीवनको लक्ष्यलाई विर्सेर इन्द्रियतर्फ प्रीति या अति आसक्त भएपछि (जसको बारेमा यस अघि नै चर्चा गरेका छौं) स्वार्थी व्यक्तिले यो वर्णाश्रम संस्थालाई कृत्रिम तरिकाले निमुखा विभागलाई शक्तिशालीले थिचोमिचो गर्न प्रयोग गरे । यस झगडाले युक्त कलियुगमा यो कृत्रिम प्रभुत्व त छँदैछ । तर, बुद्धिमान् विभागका व्यक्तिलाई यो वर्णाश्रम विभाजन केवल सुमधुर सामाजिक सम्बन्ध, उच्च विचार र आत्मसाक्षात्कारका लागि हो अन्य उद्देश्यका लागि होइन भन्ने जानकारी हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भागवत्‌को यो भनाइले पनि मानिसको जीवनको सर्वोच्च लक्ष्य वा वर्णाश्रम धर्म संस्थाको उच्च पूर्णता भनेको सबै वर्ण र आश्रमका व्यक्तिको एक अर्कामा संयुक्तरूपले सहयोग गर्दै भगवान्‌लाई सन्तुष्ट पार्नु नै हो । यो कुरालाई भगवद्‌गीता (४.१३) मा पुष्टि गरिएको छ ।

यहाँ सूत गोस्वामीले आफ्ना स्रोतालाई द्विज श्रेष्ठ "हे ब्राह्मणहरूमा श्रेष्ठ" भनेर सम्बोधन गर्नुभएको छ । यसले के सङ्केत गर्दछ भने उहाँहरू भगवान् श्रीकृष्णका भक्त र पढेका विद्वान् हुनुहुन्थ्यो । अहिलेको युगमा प्रत्येक व्यक्ति जन्मबाट नै शूद्र (चौथो स्तरको) हुन्छ । (**जन्मना जायते शूद्र**) । सुधारको प्रक्रियाद्वारा तेस्रोस्तरको मानिस द्विज बन्न सक्दछ । (**वेद पढाद भवेद् विप्र**) तर जसले ब्रह्मको बारेमा जान्दछ, ऊ नै पहिलोस्तरको मानिस ब्राह्मण बन्दछ (**ब्रह्म जानातिति ब्राह्मण**) । नैमिषारण्यका ऋषिहरू ब्राह्मणहरूमा श्रेष्ठ हुनुहुन्थ्यो । त्यसैले उहाँहरूलाई ब्रह्म मात्र होइन, भगवान्‌का बारेमा पनि जानकारी थियो ।

ब्राह्मण श्रेणी मानव सभ्यताका लागि आवश्यक छ, जसबाट चार वर्ण र चार आश्रम रहेको समाजिक पद्धतिको वर्णाश्रम सुरु हुन्छ । चार वर्ण भनेका ब्राह्मण (विद्वान् र ज्ञानी), क्षत्रिय (योद्धा र प्रशासक), वैश्य (कृषक र व्यापारी), शूद्र (मानव परिश्रम गर्ने) । चार आश्रम ब्रह्मचारी (ब्रह्मचर्यमा रहेका विद्यार्थी), गृहस्थ, वानप्रस्थ (कार्य निवृत) र सन्यासी । जबसम्म मानव समाजलाई वैज्ञानिक तरिकाले वर्णाश्रम पद्धति अनुसार व्यवस्थित गरिदैन, तबसम्म यो पशुको समाज हुन्छ, यो मानव समाज हुँदैन । पशु समाजमा तिमीले बुद्धिमत्ता, सात्विकपन र भगवान्‌सम्बन्धी ज्ञान प्राप्त गर्न सक्दैनौ र त्यो सम्भव पनि छैन ।

वर्णाश्रम पद्धति स्वाभाविक हो र यो भगवान्‌बाट सृजित हो । जसरी शरीरका चार विभाग– मस्तिष्क, हातहरू, पेट र गोडाहरू छन् , त्यसरी नै समाजका पनि चार विभाग– ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र छन् र त्यो स्वाभाविक पनि हो । यदि शिर नै काटिदियो भने शरीरको के अर्थ हुन्छ ? त्यो मृत शरीर हुन्छ । त्यसै गरेर अहिलेको समयमा समाजमा ब्राह्मण संस्कृति छैन । त्यसैले यो शिरविहीन समाज हो । समाजमा धेरै शक्तिशाली हातको विभाग (क्षत्रिय) होला, सर्व सम्पन्न आर्थिक विभाग (वैश्य) होलान्, धेरै सङ्ख्यामा कामदार विभाग (शूद्र) होलान् तर शिर विभाग (ब्राह्मण) छैन । त्यसैले, यो समाज मृत शरीरजस्तो छ । त्यसैले, प्रत्येक व्यक्ति पीडित छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृष्णभावनामृत आन्दोलनमा हामीले ब्राह्मण हुने तालिम दिइरहेका छौं जसले गर्दा मानव समाज बचाउन सकियोस् । अरू विभाग महत्त्वपूर्ण छैनन् भन्न खोजिएको होइन । शरीरका लागि मष्तिष्क अति नै महत्त्वपूर्ण हुन्छ तर गोडा पनि त्यति नै महत्त्वपूर्ण छ किनभने यदि गोडाले काम गरेन भने तिमी हिँड्न सक्दैनौं र मस्तिष्कले पनि सहायता गर्न सक्दैन । त्यसकारण, शरीरका सबै अंगको एक अर्कामा पूर्ण सहयोग हुनुपर्दछ । हुनत मस्तिष्क शरीरको सबैभन्दा महत्त्वपूर्ण अंग हो तर शरीरलाई गोडा, हात, पेट र अन्य अंग पनि त्यति नै आवश्यक हुन्छ । त्यसै गरेर, सहि तरिकाले समाजले कार्य सम्पन्न गर्नका लागि सबै प्रकारका सामाजिक र आध्यात्मिक श्रेणीहरू वर्णाश्रम पद्धतिमा आवश्यक हुन्छन् ।

हामीले कुनै पनि सामाजिक विभाजनलाई सम्मान नगरेको होइन । हाम्रो भनाइ भनेको सबै विभागले भगवान् श्रीकृष्णको सन्तुष्टिका लागि कार्य गर्नुपर्दछ भन्ने हो । **संसिद्धिर्हरितोषणम** (श्रीमद्भागवत् १.२.१३) त्यसो गरेका समाजका प्रत्येक सदस्यले पूर्णता प्राप्त गर्न सक्दछन् । तिमीले के गर्दछौ, त्यसले केही फरक पार्दैन तर तिम्रा कला र विद्या सबै भगवान् श्रीकृष्णको सन्तुष्टिका लागि प्रयोग गर्नुपर्दछ अर्को शब्दमा भन्नुपर्दा तिम्रा सबै कार्य भगवान्का सन्तुष्टिका लागि हुनुपर्दछ भन्ने हो । अनि मात्र तिम्रो जीवन्पूर्ण हुन्छ । हामी तिमीलाई तिम्रा कार्य नगर भन्दैनौं । आफ्ना कार्य गर तर ती सबै भगवान् श्रीकृष्णका लागि गर । त्यो नै पूर्णता हो । अन्यथा तिमी नर्क जान पर्दछ - **श्रम इव हि केवलं** (श्रीमद्भागवत् १.२.८)

कसैले दाबी गर्न सक्दछ- "म दार्शनिक हूँ । मैले के कर्तव्य पूरा गरिरहेको छु ।" तर के तिमीले भगवान्लाई जान्दछौं ? के तिमीले भगवान्को सेवा गरेका छौ ?

"हो म भगवान्लाई जान्दछु ।" यस्तो मूर्खतापूर्ण कुराले तिमीलाई सहयोग गर्दैन । यदि सामान्य व्यक्तिले "म अमेरिकाको राष्ट्रपति हूँ" भनेर दाबी गर्‍यो भने सबैले त्यसलाई पागल ठान्दछन् । त्यसै गरेर, कुनै दुष्टले "म भगवान् हूँ" भन्यो भने हामीले त्यो पागल हो भनेर बुझ्नुपर्दछ ।

तिमीले आफ्ना कार्यद्वारा सेवा गरेर भगवान्लाई सन्तुष्ट पार्नुपर्दछ उहाँका कार्यको नक्कल गरेर होइन । भगवद्गीतामा भगवान् श्रीकृष्णले 'मेरो अनुसरण वा म जस्तै हूँ भन्ने दाबी गर्ने सल्लाह दिनुभएको छैन । उहाँ भन्नहुन्छ– **सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज** (भगवद्गीता १८.६६) "केवल एक मात्र मेरो शरण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मा आऊ" तर उहाँले "म समान बन" कहिल्यै भन्नुभएको छैन। त्यो मूर्खता हो। जब तिमी भगवान् श्रीकृष्णको शरणमा जान्छौ, उहाँ प्रसन्न हुनुहुन्छ तर झुटो तरिकाले "म कृष्ण हूँ" वा "कृष्णको मृत्यु भइसक्यो त्यसैले म भगवान् भए" वा " भगवान् नै छैन" जस्ता दाबी गरेर होइन । यस्ता दुष्टतापूर्ण विचारले भगवान् श्रीकृष्ण सन्तुष्ट बन्नुहुन्न ।

त्यसैले भागवत्ले निर्देश गरेको छ- **स्वनुष्ठितस्य धर्मस्य संसिद्धिर्हरितोषणम्** (श्रीमद्भागवत् १.२.१३) "जब तिमीले तिम्रा सबै कार्यहरू सहि तरिकाले भगवान् श्रीहरि वा कृष्णको सन्तुष्टिका लागि सम्पन्न गर्दछौ त्यो नै तिम्रो पूर्णता हो ।" समाज र आध्यात्मिक व्यवस्था अनुसारका चार प्रकारका वर्णाश्रम पद्धतिमा सम्पन्न क्रियाकलापहरू कहिलेकाहीं भौतिकजस्ता देखिन्छन् तर ती सबै कार्य यदि भगवान् श्रीकृष्णको सन्तुष्टिका लागि सम्पन्न गरेमा ती भौतिक कार्य रहन्नन् त्यो आध्यात्मिक बन्दछन् । "भौतिक" को साधारण अर्थ भगवान् श्रीकृष्णलाई भुल्नु हो। अन्यथा, कुनै पनि वस्तु भौतिक नै होइनन्। जुन व्यक्ति कृष्णभावनामृत छैन, उसले भात्र भौतिक र आध्यात्मिक भनेर विभेद गर्दछ वा जुन व्यक्ति पूर्णरूपले कृष्णभावनाभावित छ, उसले सबैमा समान भाव राख्दछ । **एकत्वं अनुपस्थतः** (इशोपनिषद ७) यसको अर्थ तिमीले सबै वस्तु कसरी भगवान् श्रीकृष्णसँग सम्बन्धित छन् भनेर हेर्दछौ । भगवान् श्रीकृष्ण सर्वोच्च हुनुहुन्छ । उहाँको शक्तिबाट नै यी विविध वस्तु उत्पन्न हुन्छन्। यसका राम्रा उदाहरण सूर्य हुन्। सूर्यबाट सूर्य प्रकाश उत्पन्न हुन्छ, जुन दुईवटा शक्तिबाट बनेको हुन्छ ताप र प्रकाश । यो सम्पूर्ण भौतिक सृष्टि तिनै ताप र प्रकाशमा आधारित छ । यदि सूर्यसँग ती ताप र प्रकाश नहुने हो भने रुखहरू तत्काल कङ्काल जस्ता हुनेछन् । हामीले सूर्यका ताप शक्ति र प्रकाश शक्तिमा भेद गर्न सक्दछौं तर उच्चस्तरको अवस्थामा तिनीहरू एक हुन् ती दुवै सूर्यका प्रकाशका भाग हुन् ।

त्यसैगरी यस भौतिक जगत्मा भगवान् श्रीकृष्णका दुई शक्तिले कार्य गरिरहेका छन्– भौतिक शक्ति र आध्यात्मिक शक्ति । भौतिक शक्ति- पृथ्वी, पानी, आगो, हावा, आकाश, मन, बुद्धि र अहंकार यी आठले युक्त हुन्छ भने आध्यात्मिक शक्ति प्राणीले युक्त हुन्छ । **जीवभूतां महाबाहो ययेदं धार्यते जगत्**(भगवद्गीता७.५) । त्यसैले यो भौतिक जगत् भगवान् श्रीकृष्णका आध्यात्मिक र भौतिक शक्तिको मिश्रण हो । ९९.९ प्रतिशत प्राणीले भगवान्लाई भुलेका छन् । त्यसैले, भौतिक र आध्यात्मिक शक्ति बीच भेद देखेका छन् । तर, जब तिमी आध्यात्मिक ज्ञानमा

CC-0, Nepal Sanskrit Academy, Kathmandu Collection

अघि बढद्छौ र कृष्णचेतनाले युक्त हुन्छौ, त्यसपछि तिमीले भौतिकता केही पनि देख्दैनौ, सबै वस्तु आध्यात्मिक देख्नेछौ– **सर्वं खलु इदं ब्रह्म** । चैतन्यचरितामृतमा श्री चैतन्य महाप्रभुले भन्नुभएको छ- (मध्य ८.२७४)

स्थावर जङ्गम देखे ना देखे तार मूर्ति
सर्वत्र हय निज इस्तदेवस्तुफूर्ति

"आध्यात्ममा अघि बढेको र कृष्ण चेतनाले युक्त भएको व्यक्तिले सम्पूर्ण हिँडडुल गर्ने र हिँड्डुल गर्न नसक्ने सबै देख्दछ तर तिनीहरूको रूपलाई देख्दैन । उसले जता पनि हेर्दा आफ्ना आराध्यदेवको प्राकट्य मात्र देख्दछ ।" अनिश्वरवादीको दृष्टि जहिले पनि विरोधी हुन्छ । ऊ मन्दिर आएर भगवान् श्रीकृष्णको अर्चाविग्रहको दर्शन गर्दा पनि उसले केवल ढुङ्गामात्र देख्छ । तर, आध्यात्ममा विकसित व्यक्तिले अर्चाविग्रहमा भगवान् श्रीकृष्णलाई व्यक्ति रूपमानै दर्शन गर्दछ । जब चैतन्य महाप्रभु पुरीको मन्दिरमा प्रवेश गर्नुभयो र भगवान् जगन्नाथको अर्चाविग्रहको दर्शन गर्नुभयो उहाँ तुरुन्त मुर्च्छित हुनुभयो र त्यसपछि ठूलो स्वरले "मेरो कृष्ण यहाँ हुनुहुन्छ" भन्ने उद्गार व्यक्त गर्नुभयो ।

त्यसैले भगवान् श्रीकृष्णलाई जसरी भुलिएको छ, त्यसबाट पारपाउन हामीले उहाँलाई सन्तुष्ट गर्नका लागि कार्य गर्नुपर्दछ । **संसिद्धिर्हरितोषणम** (श्रीमद्भागवत् १.२.१३) यदि तिम्रो लक्ष्य नै भगवान् श्रीकृष्णलाई सन्तुष्ट गर्ने छ भने मात्र तिम्रो जीवन पूर्ण हुन्छ । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

9
भगवान्लाई जान्ने सहि मार्ग

तस्मादकेन मनसा भगवान् सात्वातां पतिः ।
श्रोतव्यः कीर्तितव्यश्च ध्येयः पूज्यश्च नित्यदा ॥

(श्रीमद्भागवत् १.२.१४)

यदि जीवनको मुख्य उद्देश्य भनेको परब्रह्मको अनुभूति गर्नु हो भने हामीले त्यो कार्य जसरी भए पनि सम्पन्न गर्नुपर्दछ। माथि भनिएका वर्ण र आश्रममा जुनसुकै व्यक्तिका लागि स्तुति गर्ने, सुन्ने, स्मरण गर्ने र पूजा गर्ने जस्ता यी चार प्रक्रिया साधारण कर्तव्य नै हुन्। यस्तो जीवनका सिद्धान्तरहित मानिस बाँच्न नै सक्दैनन्। यी विभिन्न प्रकारका चारवटा जीवनका सिद्धान्तमा आफूलाई लगाउनु नै प्राणीका क्रियाकलाप हुन् । विशेष गरेर आधुनिक समाजमा सबै क्रियाकलापहरू धेरैथोरै सुन्ने र प्रशंसा गर्ने कार्यमा निहित छन्। जुनसुकै सामाजिकस्तरको मानिस होस्, यदि उसका गुणगान प्रशंसा सहि वा गलत तरिकाले जसरी पनि होस् दैनिक समाचारपत्रमा प्रकाशित भएपछि ऊ धेरै थोरै समयमा नै मानव समाजमा प्रख्यात हुन पुग्दछ। कहिलेकाहीं कुनै एउटा पार्टीको राजनैतिक नेताका बारेमा पत्रिकाद्वारा विज्ञापन प्रचार गरिन्छ । यसरी गरिएको प्रशंसाले गर्दा एउटा साधारण व्यक्ति पनि थोरै समयमा महत्त्वपूर्ण व्यक्ति बन्दछ ।

तर यसरी अयोग्य व्यक्तिको झुटो प्रशंसा गरेर प्रचार गरेमा त्यसबाट त्यस व्यक्ति र समाज दुवैलाई केही पनि राम्रो हुँदैन । त्यसबाट क्षणिक प्रतिफल केही हुन सक्दछ तर त्यसको स्थायी असर केही पनि हुँदैन। त्यसकारण त्यस्ता कार्यहरू सम्पन्न गर्नु भनेको समय नष्ट गर्नु मात्र हो। वास्तवमा प्रशंसा केवल भगवान्को मात्र गर्नुपर्दछ जसबाट हाम्रा सामु प्रकट सबै वस्तु उहांका नै सृजना हुन् । हामीले यस विषयका तथ्यका बारेमा विस्तृत चर्चा सुरु देखि **जन्माद्यस्य** (श्रीमद्भागवत् १.१.१) श्लोकबाट गर्दै आएका छौं । कसैको प्रशंसा गर्नु वा कसैबाट सुन्नुजस्ता प्रवृत्तिलाई सहि वस्तुको प्रशंसा गर्नेतर्फ लैजानुपर्दछ । त्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सहि वस्तु भगवान् हुनुहुन्छ अनि त्यसो गर्नाले त्यसले सुख प्रदान गर्दछ ।

जब तिमीले भगवान्लाई सन्तुष्ट पार्दछौ अनि मात्र सहि सन्तुष्टि प्राप्त गर्दछौ। त्यो कसरी सम्पन्न गर्न सकिन्छ ? प्रथमतः आफ्नो मनलाई एउटा विन्दुरूपी (**एकेन मनसा**) भगवान्मा स्थित गर्नुपर्दछ। तिमीले आफ्नो मनलाई धेरै विषयमा भौंतारिन दिनुहुँदैन, केवल भगवान्मा आफ्नो मन स्थिर गर्नुपर्दछ । यसअघि भागवत्ले भनेको ब्रह्म (भगवान्को अवैयक्तिक प्रकाश), परमात्मा, र भगवान् हुनुहुन्छ । उहाँ परब्रह्म हुनुहुन्छ भन्ने कुरा सिकाएको छ । तर, जब मानिसले आफ्नो ध्यान परम ब्रह्ममा केन्द्रित गर्न खोज्दछ भने उसले त्यो ध्यान भगवान्मा केन्द्रित गर्नुपर्दछ । अन्यथा हामीले हाम्रो ध्यान कसरी केन्द्रित गर्न सक्दछौं ? निराकार वा सर्वोच्च आत्मामा ध्यान स्थिर गर्न ज्यादै कठिन हुन्छ । निराकार परब्रह्म लाई दार्शनिक कल्पनाले मात्र बुझ्न सकिन्छ र सर्वोच्च आत्मालाई ध्यानद्वारा बुझ्न सकिन्छ तर यी दुवै प्रक्रिया धेरै कठिन छन् तर भगवान्मा मनस्थिर गर्ने प्रक्रिया सरल र व्यावहारिक छ ।

हामीले आफ्नो मन भगवान् श्रीकृष्णमा स्थिर गर्न सक्दछौं । जस्तै, मन्दिरमा उहाँको विग्रहमा, भगवद्गीतामा उहाँले दिनुभएका निर्देशनहरू पढेर, उहाँका पवित्र नाम, कीर्तन गरेर, सुनेर र अन्य विभिन्न उपायद्वारा । यसो गर्न कुनै समस्या नै छैन तर यदि तिमीले आफ्नो मन निराकार ब्रह्म वा सर्वोच्च आत्मामा तन्मय पार्ने प्रयास गऱ्यौ भने त्यो धेरै कठिन हुन्छ । भगवद्गीता (१२.५) मा भगवान् श्रीकृष्णले भन्नुभएको छ- **क्लेशोऽधिकतरस्तेषां अव्यक्तासक्तचेतसाम्**- "निराकार ब्रह्ममा आसक्त व्यक्तिलाई त्यसमा अघि बढ्न ज्यादै दुःख हुन्छ।" तर भगवान् श्रीकृष्णका भक्तलाई भने मानोरञ्जनपूर्वक हरेकृष्ण मन्त्रको कीर्तन, परमानन्दले युक्त नृत्य र स्वादिष्ट कृष्ण प्रसादम् प्राप्त हुन्छ ।

यदि तिमीले निराकार ब्रह्मलाई प्राप्त गर्ने दुःखदायी मार्गको अवलम्बन धेरै-धेरै जन्मसम्म गऱ्यौ भने पदार्थ र आत्मालाई अलग गर्न ज्यादै कठिन हुन्छ र मानसिक कल्पनाबाट नेति नेति "यो ब्रह्म होइन, त्यो ब्रह्म होइन" भन्ने प्रक्रिया अपनाएर पनि अन्त्यमा तिमीले सफलता प्राप्त गर्न भगवान् श्रीकृष्णको शरणमा आउन नै पर्दछ। **बहूनां जन्मनामन्ते ज्ञानवान् मां प्रपद्यते** (भगवद्गीता ७.१९)

अब कसैले भन्न सक्दछ, "यहाँ धेरै भगवान्हरू छन्, त्यसैले मेरो ध्यान कुनैमा पनि स्थिर गर्न सक्दछु।" अहिले मानिसले धेरै भगवान्हरू उत्पादन गरेका छन् तर यहाँ भगवान्ले भन्नुभएको छ–**भगवान् सात्वताम् पतिः**- "तिमीले तिम्रो मन भगवान्मा स्थिर गर्नुपर्दछ, जसलाई भक्तहरूले ईश्वर भनेर स्वीकार गरेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन् ।" धेरै भगवान् हुन सक्दछन् तर केवल भगवान् श्रीकृष्णलाई नै सबैले भगवान् भनेर स्वीकार गरेका छन् । जस्तै दृढ प्रतिज्ञा भएको भक्त, आचार्यहरू, र ब्रह्मा र शिवजस्ता गुरुहरू सबैले स्वीकार गर्नुभएको छ । जनताले साधारण व्यक्तिलाई भगवान् भनेर स्वीकार गर्दै यस्तो घोषणा गर्ला– "उहाँ भगवान्का अवतार हुनुहुन्छ ।" तर त्यो मूर्खता पूर्ण कार्य हो । भगवान् श्रीकृष्ण भगवान् हुनुहुन्छ र भगवद्गीता (७.७ र १०.८) मा उहाँले आफैं घोषणा गर्दै भन्नुभएको छ– **मत्तः परतरं न्यान्यत्**- "म भन्दा पर अरू केही छैन ।" **अहं सर्वस्य प्रभवोः** - "मनै सबैको मूल हूँ" , **मत्तः सर्व प्रवर्तते**- "मबाट नै सबैको उत्पति हुन्छ ।" **इति मत्वा भजन्ते मां बुधा भावसमन्विता**- "जुन व्यक्ति विद्वान् छ, उसले म नै सबैको स्रोत हूँ भन्ने जान्दछ, त्यसकारण ऊ मेरो भक्त बन्दछ ।"

ब्रह्म संहिता (५.१) मा वर्णन गरिएको छ ।

ईश्वरः परमः कृष्ण सच्चिदानन्दविग्रह
अनादिरादिर्गोविन्दः सर्वकारणकारणम् ॥

"सर्वोच्च देवता भगवान् श्रीकृष्ण हुनुहुन्छ । उहाँको शाश्वत विग्रह आनन्द र ज्ञानलेयुक्त छ ।" धेरै देवताहरू र नियन्त्रकहरू छन् तर भगवान् श्रीकृष्णसर्वोच्च देवता हुनुहुन्छ । उहाँभन्दा माथि अरू कोही पनि छैन । त्यसैले, उहाँ नै अनादि अर्थात् मूल (आदि) हुनुहुन्छ । उहाँ गोविन्द नामले चिनिनुहुन्छ । उहाँ आनन्दका सागर हुनुहुन्छ र उहाँसबै कारणका कारण हुनुहुन्छ (**सर्व कारण कारणं**) । (ब्रह्म संहिता ५.१)

अब कसैले सोध्न सक्दछ- "भगवान्मा मैले आफ्नो मन कसरी स्थिर गर्ने हो ?

भगवान्ले उत्तर दिंदै भन्नुहुन्छ **स्रोतव्य**- "तिमीले मेरा बारेमा वर्णन गरेका कुरा सुन्नपर्दछ ।"

"कसले भनेको सुन्नु पर्दछ ?"

सुन्नका लागि सबैभन्दा उत्तम व्यक्ति स्वयं भगवान् श्रीकृष्ण हुनुहुन्छ । उहाँले कृपा गरेर भगवद्गीतामा सबै वर्णन गर्नुभएको छ । यदि तिमीले मेरो बारेमा केही जान्न चाह्यौ भने, तिमीले मेरा मित्रसँग सोध्न सक्नेछौ र उनले मेरा बारेमा केही भन्ने छन् । तर, जब मैले नै मेरा बारेमा वर्णन गरे भने त्यो पूर्ण हुन्छ । त्यसै गरेर यदि तिमीले भगवान्का बारेमा जान्ने इच्छा गऱ्यौ भने सर्वोत्तम उपाय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनेको उहाँबाट सिधै सुन्नु हो तर यदि तिमीले यो प्रक्रियालाई त्यागेर कल्पनाद्वारा .गवान्लाई जान्ने प्रयास गरियो भने त्यो कार्य असफल हुन्छ किनभने तिम्रा इन्द्रिय र मन अपूर्ण छन् ।

अर्को प्रक्रिया भनेको भागवत्ले सिफारिस गरेको कीर्तन (**कीर्तित व्यसच**) गर्नु हो । यदि तिमीले भगवान् श्रीकृष्णका बारेमा केही सुनेर आफूले सुनेको अरूलाई सुनाएनौ भने तिमीले भगवान्लाई बुझ्ने कार्यमा धेरै चाँडो प्रगति गर्न सक्दैनौ । तिमीले जे सुन्दछौ वा पढ्दछौं, त्यसको वर्णन अरूलाई पनि गर्नुपर्दछ । त्यो नै पूर्णता हो । त्यसै कारण, हामीले भगवद्दर्शन नाम गरेको पत्रिकाको स्थापना गरेका छौं । दिनहुँ हाम्रा विद्यार्थीहरूले भगवान् श्रीकृष्णको चेतनाको विज्ञान्का बारेमा केही लेख्ने गर्दछन् । कसैले यदि भगवान् श्रीकृष्णका बारेमा केही भन्दछ वा लेख्दछ भने उसले उहाँका बारेमा स्वाभाविकरूपले नै सोच्दछ (**धेय**) । अन्त्यमा भागवत्ले भगवान्को पूजा गर्ने सिफारिस गर्दछ (**पुज्य**) त्यसकारण हामी निरन्तर मन्दिर जानुपर्दछ । त्यहाँस्थित अर्चाविग्रहको पूजा गर्नुपर्दछ । भागवत्मा भनिएको छ हामीले एकाग्रताले युक्त ध्यान गर्दै भगवान्का बारेमा सुन्ने, उहाँको कीर्तन गर्ने, उहाँको बारेमा सोच्ने र उहाँको पूजा गर्ने गर्नुपर्दछ । यो सबै नित्य गर्नुपर्दछ । यो नै भक्ति योगको प्रक्रिया हो । जो कसैले पनि यो प्रक्रियालाई अपनाएर परम् ब्रह्मलाई बुझ्न सक्दछ । श्रीमद्भागवत्को यो श्लोकले स्पष्टसँग यही कुराको घोषणा गरेको छ । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

10
सम्झनारूपी तरवार

यदनुध्यासिना युक्ताः कर्मग्रन्थिनिबन्धनम् ।
छिन्दन्ति कोविदास्तस्य को न कुर्यात्कथारतिम् ॥

"बुद्धिमान् व्यक्तिले भगवान्को स्मरण गर्दै आफ्नो हातमा रहेको तरवारद्वारा कर्म फलको गाँठोलाई काट्दछ । त्यसकारण, कसले यो सन्देशप्रति ध्यान दिंदैन र ?"

(श्रीमद्भागवत् १.२.१५)

आध्यात्मिक झिल्कोको सम्बन्ध भौतिक तत्त्वसँग हुन्छ । त्यसले, गाँठो पर्दछ । त्यसैले जुन व्यक्तिकर्मको फल र प्रतिफलबाट मुक्त हुन इच्छुक छ, उसले यो गाँठोलाई काट्नुपर्दछ । मुक्तको अर्थ कर्म फलको चक्रबाट मुक्त हुनु हो । जसले भगवान्का दिव्य लीलाको निरन्तर स्मरण गर्दछ, उसले स्वतः मुक्ति प्राप्त गर्दछ किनभने भगवान्का लीला भौतिक शक्तिका गुणभन्दा दिव्य हुन्छन् । आध्यात्मिक क्रियाकलापहरू आकर्षक हुन्छन् त्यसकारण भगवान्का त्यस्ता आध्यात्मिक क्रियाकलापसँगको निरन्तर सङ्गतले बद्ध जीव बिस्तरै आध्यात्मिक बन्दै जान्छ र अन्त्यमा उसले भौतिक बन्धनको गाँठोलाई काट्न सक्दछ ।

भौतिक बन्धनबाट मुक्ति पाउनु भनेको भक्तिमय सेवाको उप-उत्पादन हो । आध्यात्मिक ज्ञान प्राप्त गर्नु नै मुक्तिका लागि पर्याप्त हुँदैन । त्यस्तो ज्ञानलाई भक्तिमय सेवाले ढाक्नुपर्दछ । अन्त्यमा भक्तिमय सेवाको मात्र एकल प्रभुत्व रहन्छ, अनि मात्र मुक्ति सम्भव हुन्छ । कर्मीहरूका कर्मको प्रतिफलले पनि मुक्ति प्रदान गर्न सक्दछ । यदि त्यस्तो कर्मलाई भक्तिमय सेवाले ढाक्न सकियो भने त्यसलाई कर्म योग भनिन्छ । त्यसै गरेर, व्यावहारिक अनुभवद्वारा प्राप्त ज्ञानलाई भक्तिमय सेवाद्वारा ढाकियो भने त्यसलाई ज्ञान योग भनिन्छ तर, शुद्ध भक्ति भने यस्ता कर्म र ज्ञानबाट स्वतन्त्र हुन्छ किनभने भक्तिले बद्धजीवलाई मुक्ति प्रदान गर्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मात्र होइन, भगवान्प्रतिको दिव्य प्रेमले युक्त सेवा पनि प्रदान गर्दछ ।

त्यसैले, सामान्य व्यक्ति भन्दा माथि रहेको संवेदनशील व्यक्ति जसको ज्ञान कम छ, उसले निरन्तर विना अवरोध भगवान्को स्मरण गर्दै उहाँका बारेमा सुन्ने उहाँको स्तुति गर्ने, उहाँको स्मरण गर्ने, र सदैव पूजा गर्ने गर्नुपर्दछ । त्यसो गर्नु नै भक्तिमय सेवाको पूर्णता हो । चैतन्य महाप्रभुद्वारा अधिकार प्राप्त वृन्दावनका गोस्वामीले पनि भक्तिको प्रचार र विकास गर्नका लागि यही नियमको दृढतापूर्वक पलना गर्नुभयो र हाम्रो लाभका लागि दिव्य विज्ञानले युक्त साहित्यको संयोजन गर्नुभयो । उहाँहरूले श्रीमद्भागवत् र अन्य आधिकारिक साहित्यको यस्तो रूपरेखा तयार गर्नुभयो, त्यसलाई सबै वर्गका वर्ण र आश्रमका व्यक्तिले अनुसरण गर्न सक्दथे ।

जब सम्म हामीले यी साहित्यको अध्ययन गर्दैनौं, सुन्दैनौं र त्यसको स्मरण गर्दनौं, तब सम्म हामीले कर्मफलको बन्धनलाई काट्न सक्दैनौं । उदाहरणका लागि यदि कुनै मानिसका हात, गोडा बलियो डोरीले बाँधिएको छ भने ऊ स्वतन्त्रतापूर्वक चल्न सक्दैन । त्यसै गरेर, हामी पनि भौतिक प्रकृतिको नियमले बाँधिएका छौं । हामी जति पापी छौं । हामीलाई भौतिक प्रकृतिले त्यति नै धेरै बाँध्दछिन् । उदाहरणको लागि हामीहरू राज्यको नियम वा आपराधिक नियम वा सामाजिक नियमले सदैव बाँधिएका छौं । यदि आपराधिक नियमको उल्लङ्घन गर्‍यौं भने हामीलाई भयानक सजाय दिइन्छ । यदि हामीले सामाजिक नियमको उल्लघङ्न गर्‍यौं भने हामीलाई कम सजाय हुन्छ तर जुनसुकै अवस्थामा हामीले सजाय भोग्नु नै पर्दछ ।

बद्ध जीवका लागि यो भौतिक जगत् र उसको शरीर दुवै सजाय नै हो तर मानिसलाई यस विषय केही ज्ञान छैन, त्यसैले ऊ सुँगुरजस्तै शरीरले मनोरञ्जन गर्ने प्रयास गर्दछ । गाउँको सुँगुरलाई आफ्नो यस्तो घिनलाग्दो सुँगुरको शरीर किन छ र यस्तो दुर्गन्धित स्थानमा बसेर दिसा खान परिरहेछ भन्ने ज्ञान नै हुँदैन । ऊ केवल सुँगुरनींसँग मैथुन गरेर सुखी हुन्छ । त्यो आफ्नै दिदी-वहिनी, आमा वा छोरी नै भए पनि कुनै सरोकार गर्दैन । दिसा खानु र मैथुन गर्नु नै सुँगुरको जीवन हुन्छ । हामीलाई उसको यस्तो घिनलाग्दो अवस्थाको बारेमा थाहा छ तर पनि उसले भने यस्तो सोच्दछ– "मेरो जीवन कति सुखमय छ । मैले पहिलोस्तरको खाना खान पाइरहेको छु र बिनानियन्त्रण मैथुन गर्न पाईरहेको छु यो जीवन हो ।"

वास्तवमा यो भ्रम हो । मायाका दुई शक्ति छन्– आवरणात्मिक शक्ति र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रक्षेपात्मिका शक्ति । आवर्णात्मिक शक्तिले मानिसलाई अज्ञानताले ढाकेर राख्दछ । ऊ अति निन्दनीय जीवनमा बाँचिरहेको छ तैपनि उसले सोच्दछ– "म धेरै सुखी छु, म ठिकै छु ।" किनभने उसको वास्तविक ज्ञान ढाकिएको हुन्छ । प्रक्षेपात्मिका शक्तिले प्राणीलाई भौतिक अस्तित्वको सागरमा फ्याँकिदिन्छ र त्यहीँ राखिराख्दछ । जब कुनै व्यक्ति कृष्णभावनामृतमा आउन चाहन्छ, तब प्रक्षेपात्मिका शक्तिले आदेश दिन्छ– "तिमी किन कृष्णभानामृतसङ्घमा जान लागेको ? त्यहाँ धेरै अवरोध नियम र विधान छन् । त्यसैले, त्यसलाई त्याग्नु नै वेश हुन्छ ।" त्यसपछि बद्धजीवले सोच्दछ– "ठिक हो । कृष्णभावनामृत मूर्खतापूर्ण छ म त्यो छोड्दछु ।"

जो बढी पापी छ त्यसलाई मायाले कृष्णचेतनामा जान रोक्दछ । त्यो मायाको धन्यवाद रहित कार्य हो । माया प्रहरी विभाग जस्तै हुन् । प्रहरीको कोही पनि शत्रु छैनन् तर कसैले अपराध गऱ्यो भने प्रहरीले त्यसलाई समात्दछ, झ्यालखानामा राख्दछ रसजाय दिन्छ । त्यसैगरी मायाले सर्वोच्च अधिकारी भगवान् श्रीकृष्णसँग संलग्न रहेर पापी प्राणीलाई सजाय दिन्छिन् ।

भैतिक जीवनको गाँठो ज्यादै बलियो हुन्छ र त्यस गाँठोको सुरुवात मैथुनपूर्ण जीवनबाट हुन्छ । यो सम्पूर्ण जगत् प्रकृतिको भौतिक नियममा बाँधिएको छ किनभने प्राणीमा मैथुनको बलियो कामना हुन्छ । मानव समाज र पशु समाज दुवैमा मैथुन नै मुख्य केन्द्रविन्दु हुन्छ । मानिसहरू धन कमाउन धेरै परिश्रम गर्दछन् किनभने त्यसबाट सम्भोग गरेर मनोरञ्जन गर्न चाहन्छन् । हिप्पीहरू पनि त्यसलाई त्याग्न चाहँदैनन् । तिनीहरूले बुवाको सम्पत्ति, सुखी जीवनले युक्त घर त्याग गर्दछन् तर मैथुन जीवनलाई त्याग गर्न सक्दैनन् ।

हुनत भौतिक जीवनको गाँठो चुँडाल्न ज्यादै कठिन हुन्छ तर भागवत्ले हामीलाई यो उपाय दिएको छ– **यद् अनुध्यासिना युक्तः कर्म ग्रन्थी निवन्धनम् दिन्दती**– "भगवान् श्रीकृष्णको स्मरणरूपी तरवारद्वारा यस भौतिक जीवनको बलियो गाँठो काट्नुपर्दछ ।" भगवान् श्रीकृष्णको स्मरण गर्नु सबैभन्दा राम्रो मार्ग भनेको सदैव **हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे/हरे राम हरे राम राम राम हरे हरे,** मन्त्रको जप गर्नु हो । यो युगमा महामन्त्रको जपरूपी तरवारद्वारा यस भौतिक जगत्को गाँठो काट्नुपर्दछ ।

भौतिक जीवन भनेको फलसहितको कर्म हो । यस जीवनमा फल सहितको कर्म गर्नाले मानिसले अर्को जीवनका लागि शरीरको प्रबन्ध गर्दछ । जसले पापपूर्ण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्म गर्दछ, उसले कुकुरको शरीर सुँगुरको शरीर वा रूखरूपी शरीर प्राप्त गर्दछ भने पुण्य कर्म गर्नेले देवताको शरीर प्राप्त गर्न सक्दछ तर त्यस्तो शरीर पनि गाँठो वा बन्धन नै हो किनभने देवताहरू पनि स्वतन्त्र छैनन् । ब्रह्माण्डको जुनसुकै व्यक्तिले जति भौतिकताको विकास गरुन् तैपनि तिनको मृत्यु निश्चित छ ।

मानिसहरू भौतिक उन्नति गरेर सुखी हुन चाहन्छन् तर तिनीहरूलाई मानव जीवनको लक्ष्य भनेको कृष्णचेतना प्राप्त गर्नु हो भन्ने जानकारी नै छैन । (**न ते विदु स्वार्थ गतिम् हि विष्णुं**- भागवत् ७.५.३१)- उनीहरूले सोच्दछन्, "मोटरहरूको सङ्ख्या बढाएर हामी सुखी हुन्छौ ।" यो माया हो । मोटरकारले तिमीलाई सुखी बनाउन सक्दैन । यो मोटरकारको सभ्यता सय वर्ष पश्चात समाप्त हुन्छ। हामीले तथाकथित साम्राज्य, तथाकथित भौतिक सभ्यता वा अन्य कुनै, जुन निर्माण गरेको छौं त्यो सबै एक दिन समाप्त हुन्छ । यस्तो विषयले हाम्रो हृदयमा धेरै गाँठोहरू निर्माण गर्दछ अनि हामीलाई यस्तो कुरा सोच्न बाध्य बनाउँदछ – "कृष्णभावनामृतको के प्रयोजन छ ? हामीसँग तीन दर्जन मोटर कार हुनुपर्दछ, तीन दर्जन रक्सीको बोतल हुनुपर्दछ अनि हामी सुखी भइहाल्दछौं ?" यो सबै भ्रम हो ।

मायाले भ्रमित भएकालाई देखेर नरोत्तम दास ठाकुर यसरी गाउनुहुन्छ

सतसँग छाडी कैन अस्ते विलास
ते कारणे लागिला ये कर्म वन्धफाँस

"अहो ! मैले भगवान् श्रीकृष्णका भक्तको सङ्गत छोडे किनभने मैले भ्रमले युक्त भौतिक सुखमा मनोरञ्जन गर्ने इच्छा गरें । त्यसैले म कर्मको बन्धनमा आकर्षित भएँ ।" यहाँ नरोत्तमले सत्सङ्ग भन्ने शब्द प्रयोग गर्नुभएको छ जसको अर्थ "भगवान् श्रीकृष्णका भक्तसँगको सङ्गत हो" यस्तो सङ्गत कृष्णभावनामृत आन्दोलनमा प्राप्त गर्न सकिन्छ, जहाँ श्रीमद्भागवत्को श्रवण गर्ने, हरेकृष्ण मन्त्रको जप र कीर्तन गर्ने र कसरी शुद्ध भइन्छ भन्ने अभ्यास गर्ने गरिन्छ । त्यसको विपरीत असत्सँग अर्थात् नराम्रो सङ्गत जसले नशाको कुलत, परस्त्री परपुरुष गमन, रक्सी पिउनु, र अन्य पापपूर्ण कर्मको अभ्यासतर्फ डोऱ्याउँदछ । विज्ञापन असतसङ्ग हो, जस्तैः "आऊ कुल नाम गरेको चुरोट पिएर आफ्नो मस्तिष्क शितल बनाऊ ।" दुष्टहरू, कसरी कुनै व्यक्तिले चुरोट पिएर उसले शीतलता

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्राप्त गर्न सक्दछ ? चुरोटको आगो पिएर कसरी शितल हुन सकिन्छ र ? तैपनि विज्ञापनहरू अहिले पनि छन् र मूर्खहरू त्यसबाट आकर्षित भएर शीतल पाइन्छ भन्ने चुरोट पिइरहेका छन् । यो सबै माया हो ।

अलिकति पनि बुद्धि भएको मानिसले तुरुन्त विज्ञापनको विरोधाभास देखेर सोच्दछ– "यो विज्ञापनले मैले चुरोट पिए म शीतल हुन्छ भनेर दावी गरेको छ ? यो कस्तो मूर्खता हो ?" त्यसै गरेर, बुद्धिमान् व्यक्तिले भने यो सबै मायाको धोखा हो भन्ने बुझ्दछ र उनको आकर्षणको विरोधाभास पनि देख्दछ ।

त्यसैले यहाँ भागवत्मा कोविद् अर्थात् विद्वान् भन्ने शब्द प्रयोग गरिएको छ । यदि कोही पनि वास्तवमा विद्वान् बन्दछ भने उसले सोध्नुपर्दछ– "म किन यो दुःखले युक्त जीवनमा आएको छु ? म मर्न चाहन्न तर मृत्यु निश्चित छ । किन ? म निरोगी हुन चाहन्छु तर रोग आउँदछ, किन ? म बुढो हुन चाहान्न तर बलपूर्वक मलाई बुढो बनाईन्छ, किन ?" विद्वान् व्यक्तिले यी सबै किन भन्ने प्रश्न गर्नुपर्दछ । जब सनातन गोस्वामी चैतन्य महाप्रभुकहाँ जानुभयो उहाँले गुरुसँग कसरी सही तरिकाले प्रश्न गर्नुपर्दछ भनेर देखाउनु भयो– **के आमि केने आमायजारे ताप त्रय** । "म को हूँ ? भनेर प्रश्न गर्नुभयो ।" म यो दुःखले युक्त जीवनमा किन परे ? हे मेरा प्रिय भगवान् ! हुनत म राजाको मन्त्री हूँ र मैले केही संस्कृत र अरबी भाषा पनि जान्दछु । साधारण मानिसले मलाई पण्डित भन्दछन् तर तपाईंलाई स्पष्ट भन्दछु– यदि मैले म को हूँ, मैले किन दुःख पाइरहेको छु भन्ने कुरा जान्दिन भने मैले प्राप्त गरेको शिक्षाको के अर्थ भयो ?" यो नै विद्वत्ता हो ।

आफूलाई नियन्त्रणमा राख्न सकेमात्र विद्वता देखिन्छ । बिरालो र कुकुरमा आफूलाई नियन्त्रण गर्ने क्षमता छैन । यदि साँढेले बिरालो वा कुकुरले गाई, बिराली र कुकर्नीलाई देखे भने बलपूर्वक मैथुन गर्दछ र त्यसो गर्दा तिनीहरूलाई सजाय पनि हुँदैन तर यदि मानिसले त्यो कार्य बाटोमा गऱ्यो भने उसलाई तुरुन्त पक्राउ गरिन्छ । यस्तो बलपूर्वक मैथुन गर्ने तर्फ झुकाव पशु र मासिस दुवैमा हुन्छ तर मानिसले आफूलाई नियन्त्रणमा राख्न सक्दछ । त्यसैले मानव जीवन यस्तै नियन्त्रणका लागि हो । जति तिमीले आफूलाई नियन्त्रणमा राख्न सक्दछौं, त्यति नै तिमीपूर्ण मानव बन्दछौ र जति तिमीले आफ्ना इन्द्रियलाई स्वतन्त्र गर्दछौ, त्यति नै तिमी पशुजस्तो बन्दछौ । जनतालाई यसबारे जानकारी छैन । उनीहरू स्वतन्त्रता चाहन्छन् तर स्वतन्त्रताको नाममा उनीहरू पशुसमान भइरहेका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छन् । उनीहरूको यो तथाकथित सभ्यता हो ।

त्यसकारण, हामीले भागवत्का निर्देशनको पालना गर्दै कोविद वा विद्वान् बन्नुपर्दछ । विद्वान् व्यक्तिले तरवाररूपी स्मरणको माध्यमले भगवान् श्रीकृष्णको सम्झना गर्दै (**अनुध्यासिना**) भौतिक मनोरञ्जनतर्फको आसक्तिको गाँठो वा बन्धनलाई काट्नुपर्दछ । **अनुध्यासिना** शब्दमा अन भन्ने शब्द उपसर्गको रूपमा प्रयोग गरिएको छ, जसको अर्थ पालना गर्नु हो । यसले के सङ्केत गर्दछ भने हामीले सही आध्यात्मिक गुरु वा आचार्यहरूको पदचिन्हको अनुसरण गर्नुपर्दछ । आचार्यहरूले जे शिक्षा दिनुहुन्छ, जस्तो आदर्श देखाउनु हुन्छ हामीले त्यसको अनुसरण गर्नुपर्दछ । अन को अर्थ "सदैव" पनि हो । यदि आफ्नो कर्मको बन्धन, जसले हामीलाई यस भौतिक जगत्को जन्म मृत्युमा बाधेर राखेको छ, त्यसलाई काट्नु छ भने हामीले सदैव भगवान् श्रीकृष्णको स्मरण गरिरहनु पर्दछ ।

कर्मको गाँठोले नै हामीलाई एक शरीरबाट अर्को शरीरमा प्रवेश गरिरहन बाध्य गर्दछ । डार्विनको सिद्धान्त यो होइन– 'प्रकृतिको कारणले बिस्तारै शरीरको विकास हुन्छ ।' प्रत्येक आत्माले उसको यस जन्मको कर्मअनुसार उसको भविष्यको शरीर कस्तो हुन्छ भनेर निर्धारण गर्दछ । शरीर पहिलादेखि नै त्यहाँ हुन्छ, प्राणी आफ्नो कर्मअनुसार निश्चित शरीरमा प्रवेश गर्दछ । यदि अहिले मैले घृणित कार्य गरे भने अर्को जीवनमा मैले कुकुर भएर दुःखदायी सजाय भोग्नुपर्दछ । त्यसपछि मैले कुकुर्नीको गर्भासयमा प्रवेश गर्नुपर्दछ अनि उसले मलाई कुकुरको शरीर दिन्छे । त्यसपछि म बाहिर आउँदछु र कुकुरको शरीरको अनुभव गर्दछु । यो नै कर्मको नियम हो ।

त्यसैले, तिमी कुकुर पनि हुन सक्दछौ वा देवता पनि बन्न सक्दछौ । मानव भएको हुनाले तिमी जे हुन चाहन्छौ, त्यो बन्न सक्ने सुविधा तिमीलाई छ । तिमीले केवल रोज्नुपर्दछ । भगवद्गीता (९.२५) मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ–

यान्ति देवव्रता देवान् पितॄन् यान्ति पितृव्रताः ।
भूतानि यान्ति भूतेज्या मद्याजिनोऽपि माम् ॥

"जसले देवताको पूजा गर्दछ, ऊ देवता भएर जन्मन्छ । जसले पितृको पूजा गर्दछ ऊ पितृकहाँ जान्छ । जसले भूतप्रेतको पूजा गर्दछ, उसले भूतप्रेतकहाँ जन्म लिन्छ र जसले मेरो पूजा गर्दछ, ऊ मसँग बस्दछ ।" जसरी पानीमा बस्न चाहनेको माछाको शरीर हुनुपर्दछ, त्यसै गरेर, भगवान्सँग आध्यात्मिक जगत्मा बस्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चाहनेको शरीर पनि भगवान्‌को जस्तै हुनुपर्दछ। तिमी भगवान्‌सँग बस्न चाहदैनौ र तिमीले बिना अवरोध इन्द्रियको मनोरञ्जन गर्न चाहन्छौ भने तिमीले सुँगुरको शरीर धारण गरे हुन्छ। प्रकृतिले मानवलाई उसको इच्छा अनुसारको भविष्य प्राप्त गर्ने अवसर प्रदान गर्दछिन्। कसैलाई पनि बल प्रयोग गरिदैन।

त्यसैले, मानिसले बुद्धिमान् भएर प्रश्न गर्नुपर्दछ – "म कसरी भौतिक बन्धनबाट मुक्त हुन सक्दछु ?" यसको उत्तर दिंदै भगवद्‌गीतामा (४.९) मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ

जन्म कर्म च मे दिव्यं एवं यो वेत्ति तत्त्वतः।
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन॥

"हे अर्जुन ! जसले मेरो जन्म र कर्मका दिव्य प्रकृतिका बारेमा जान्दछ उसले यो शरीर त्याग गरेपछि यस भौतिक जगत्‌मा जन्मनु पर्दैन। ऊ मेरो सनातन धाममा आउँदछ।" यहाँ भगवान् श्रीकृष्णले आफ्नो तत्त्वका बारेमा जान्नु पर्दछ भनेर भन्नुभएको छ। त्यस्तो ज्ञान आधिकारि शास्त्र जस्तै, भगवद्‌गीता, श्रीमद्‌भागवत्‌बाट प्राप्त हुन्छ। तर, आजकाल धेरै दुष्टहरूले प्रचार गर्दछन्– "तिमीले कुनै पनि पुस्तकबाट भगवान्‌का बारेमा जान्न आवश्यक छैन। केवल मलाई नै भगवान् स्वीकार गर।" जनता यति मूर्ख छन् उनीहरूले त्यही दुष्टलाई भगवान् स्वीकार गर्दछन्।

वैज्ञानिक संसारका सबै दाबीहरू पुस्तकद्वारा समर्थित हुन्छन्। उदाहरणका लागि– कुनै व्यक्ति रूख छेऊ, आउँछ र यो आँपको रूख हो भनेर दाबी गर्दछ। अर्काले त्यो दाबी जाँच्नका लागि वनस्पति विज्ञानको पुस्तकमा आँपको रूखको लक्षणहरूका बारेमा पढ्दछ। जस्तैः यसको पातको बनोट कस्तो छ ? फलको स्वाद कस्तो छ ? आदि। यही अवस्था रसायन, भौतिक र अन्य विज्ञानमा पनि सत्य छ।

त्यसरी नै व्यक्ति भगवान् हो वा होइन भन्ने जाँच गर्ने प्रक्रियामा छ। जब चैतन्य महाप्रभुलाई कुनै व्यक्ति भगवान् हो वा होइन भनेर कसरी जाँच्ने भनेर प्रश्न गर्दा उहाँले भन्नुभयो– "शास्त्रमा भगवान्‌का लक्षणका बारेमा वर्णन गरिएको छ। कसैसँग त्यस्तो लक्षण छ भने उहाँ भगवान् हुनुहुन्छ।" त्यसै गरेर हामीले भगवान् श्रीकृष्णलाई भगवान् भनेर स्वीकार गरेका छौं। त्यसै अन्धो भएर होइन किनभने उहाँका लक्षण र क्रियाकलापका बारेमा शास्त्रमा उल्लेख गरिएको छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसै गरेर, हामीले कुनै पनि व्यक्ति वास्तविक आध्यात्मिक गुरु हो वा होइन भनेर परीक्षा गर्न त्यही प्रक्रिया अपनाउनुपर्दछ, अन्धविश्वास गरेर होइन शास्त्रलाई प्रमाण मानेर वास्तविक गुरुका बारेमा श्रीमद्भागवत् (११.३.२१) मा भनिएको छ-

तस्माद गुरुं प्रप्द्येत जिज्ञासुः श्रेय उत्तमम्
शब्दे परे च निस्नातं ब्रह्मण्य उपास्माश्रयम् ।

"जुन व्यक्ति वास्तविक सुखका लागि गम्भीर भएर इच्छा गर्दछ, ऊ वास्तविक आध्यात्मिक गुरुको आश्रयमा जानुपर्दछ । वास्तविक गुरुको योग्यता भनेको त्यस्तो हुनुपर्दछ, जसले शास्त्रको सारलाई अनुभूति गरेको, प्रवचनद्वारा यो सारलाई सबैलाई बुझाउन सकोस् । सबै भौतिक वस्तुबाट अलग बस्ने भगवान्को पूर्ण शरणमा परेको यस्ता महान् व्यक्तिलाई वास्तविक आध्यात्मिक गुरु हुनुहुन्छ भनेर बुझ्नुपर्दछ ।"

त्यसैले, बुद्धिमान् भएर वास्तविक गुरुको शरणमा जानुपर्दछ जसले गर्दा भगवान् श्रीकृष्णको स्मरणरूपी हतियारद्वारा भौतिक जीवनको गाँठो काट्न सकिन्छ । त्यो कठिन कार्य होइन । मानिसले भगवान् श्रीकृष्णका बारेमा सुन्ने बानीको विकास गर्नुपर्दछ (कथा रतिम्) । तिमीले एम.ए वा पि.एच.डी जस्ता परीक्षा उत्तिर्ण गर्न अवश्यक छैन । सबै विषय यी ग्रन्थमा छन् । तिमीले केवल श्रवण गर्ने कार्यमा आफ्नो बुद्धि आसक्त गर्नुपर्दछ । बारम्वार श्रवण गर्नाले तिमी भगवान्को विज्ञानका बारेमा विज्ञ हुनेछौ । चैतन्य महाप्रभुले यो प्रक्रियालाई स्वीकार गर्नुभएको छ– **स्थाने स्थितः श्रुति गतम् तनु वानमनोभिः** । आफ्नो सामाजिक स्थानमा बस तर अनुभूति गरेका व्यक्तिबाट दिव्य सन्देश श्रवण गर्ने प्रयास गर । तिमी बिस्तारै ज्ञानको प्रकाशले युक्त हुनेछौ । त्यसपछि भौतिक वन्धनको गाँठोलाई काट्न सक्नेछौ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

11
विश्वासपूर्वक भगवान् श्रीकृष्णका बारेमा श्रवण गर्ने

शुश्रूषोः श्रद्दधानस्य वासुदेवकथारुचिः ।
स्यान्महत्सेवया विप्राः पुण्यतीर्थनिषेवणात् ॥

"हे विप्र ऋषिहरू ! सम्पूर्ण दुर्गुणहरूबाट पूर्णरूपले मुक्त भक्तहरूको सेवा गर्नु नै महान् सेवा हो । यस्तो सेवाबाट भगवान् श्रीवासुदेवका सन्देश श्रवण गर्नेतर्फ आकर्षण बढ्दछ ।"

श्रीमद्भागवत् (१.२.१६)

भगवान्सँगको विद्रोहको कारणले प्राणीले यो बद्ध जीवन प्राप्त गरेको हो । केही मानिस देव हुन्छन् भने कोही भगवान्को आधिकारिकताको विरूद्धमा हुन्छन् । त्यस्तालाई असुर भनिन्छ। भगवद्गीतामा (सौह्रौं अध्याय) असुरका बारेमा विभिन्न प्रकारले वर्णन गरिएको छ । त्यहाँ भनिएको छ- असुरहरूलाई अज्ञानताले युक्त तल्लोस्तरको योनिमा पठाइन्छ अनि अनेक जन्मपछि ऊ पशु योनिमा जान्छ जहाँ उसले परमब्रह्म भगवान्का बारेमा केही जानकारी पाउन सक्दैन । भगवान्का इच्छाअनुसार र भगवान्का कृपाले गर्दा उहाँका मुक्त सेवकहरू विभिन्न देशमा गएर त्यस्ता असुरलाई भगवान्का चेतनाको बारेमा वर्णन गरेर बिस्तारै उनीहरूमा सुधार वा परिशोधन गरिदिनुहुन्छ। यस्ता भगवान्का भक्तहरू भगवान्का गोपनीय सहयोगी हुन्छन् र जब नास्तिकताको भय हुन्छ, उहाँहरू मानवसमाजको रक्षा गर्न आउनुहुन्छ । त्यससमय उहाँहरूलाई भगवान्को शक्तिशाली अवतार वा भगवान्का पुत्र वा भगवान्का सेवक वा भगवान्का सहयोगी भनिन्छ तर उहाँहरूले आफूलाई कृत्रिम तरिकाले भगवान् हूँ भनेर दाबी गर्नुहुन्न । यसो भन्नु असुरहरूले घोषणा गरेको ईश्वरीय निन्दा हो र यस्ता असुरहरूका अनुयायी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राक्षसहरूले यस्ता छद्मभेषीलाई भगवान् वा उहाँका अवतार भनेर स्वीकार गर्दछन् । भगवान् प्रदत्त शास्त्रहरूमा भगवान्का अवतारका बारेमा स्पष्ट जानकारी दिइएको छ । जबसम्म भगवान् प्रदत्त शास्त्रले पुष्टि गर्दैन, तबसम्म कसैलाई भगवान् वा भगवान्को अवतार भनेर स्वीकार गर्नुहुँदैन । जुन भक्त भगवान्को धाम जान वास्तवमा इच्छुक छ, उसले भगवान्का सेवकलाई भगवान्लाई सरह सम्मान प्रदान गर्नुपर्दछ । त्यस्ता भगवान्का सेवकलाई महात्मा वा तीर्थ भनिन्छ र उहाँहरूले निश्चित समय र स्थानमा प्रचार प्रसार गर्नुहुन्छ । त्यस्ता सेवकले जनतालाई भगवान्को भक्त बन्न आग्रह गर्नुहुन्छ । उहाँहरू आफूलाई भगवान् भनिएको सहन सक्नुहुन्न । भगवान् प्रदत्त शास्त्रको सङ्केत अनुसार श्री चैतन्य महाप्रभु स्वयं भगवान् हुनुहुन्थ्यो तर उहाँले एउटा भक्तको जस्तो कार्य गर्नुभयो । जुन व्यक्तिलाई उहाँ भगवान् हुनुहुन्थ्यो भन्ने जाकारी थियो तिनले उहाँलाई भगवान् भनेर सम्बोधन गर्दथे तर उहाँले अरूका दुवै कान हातले बन्द गरिदिनुहुन्थ्यो र आफूले भगवान् श्री विष्णुका नामको कीर्तन गर्नुहुन्थ्यो । निसन्देह उहाँ स्वयं भगवान् हुनुहुन्थ्यो तैपनि आफूलाई भगवान् भन्ने कुराको दृढतापूर्वक विरोध गर्नुहुन्थ्यो । अनैतिक व्यक्तिलाई भगवान् भनेर सम्बोधन गरिएपछि उसले त्यसको आनन्द लिन नपाओस् भनेर सतर्क गराउन उहाँले यस्तो व्यवहार गर्नुभएको हो ।

भगवान्का सेवक भगवान्को चेतनाको विकास गर्नका लागि आउनुहुन्छ । त्यसैले, बुद्धिमान् व्यक्तिले हरेक प्रकारले उहाँलाई सहयोग गर्नुपर्दछ । भगवान्को सोझै सेवा गरेरभन्दा भगवान्का सेवकको सेवा गरेर भगवान्लाई बढी प्रसन्न गर्न सकिन्छ । आफ्ना सेवकको सहि तरिकाले सम्मान गरेको देखेर बढी प्रसन्न हुनुहुन्छ किनभने त्यस्ता सेवक भगवान्का सेवाका लागि सम्पूर्ण खतराहरूको सामना गर्न तत्पर रहन्छन् । त्यसैले, तिनीहरू भगवान्का अतिप्रिय हुन्छन् । भगवद्गीता (१२.६९) मा भगवान्ले घोषणा गर्नुभएको छ जसले सबै प्रकारका खतराहरूको सामना गर्दै मेरो महिमाको प्रचार गर्दछ, त्यो मेरो अति प्रिय हुन्छ । भगवान्का सेवा गर्नाले बिस्तारै त्यस्ता सेवकको गुण त्यस सेवा गर्ने मानिसले पनि प्राप्त गर्दछ, त्यसपछि ऊ भगवान्का महिमाहरू सुन्नका लागि योग्य हुन्छ । भक्तको पहिलो योग्यता भनेको भगवान्का बारेमा सुन्न उत्सुक हुनु हो, जसले गर्दा ऊ भगवान्को साम्राज्यमा प्रवेश पाउन योग्य हुन्छ ।

भागवत्को यो श्लोकमा पनि वर्णन गरिएको छ – यसको उत्सुकता महात्मा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वा महान् आत्माको सेवा गर्नाले उजागर हुन्छ । महान् आत्मा को हुन् ? जसले दिनको चौबीस घण्टा आफूलाई भगवान्को सेवामा संलग्न गराउँदछ, ऊ नै महान् आत्मा हो । भगवद्गीता (९.१३) मा भगवान् श्रीकृष्णले महात्माका बारेमा व्याख्या गर्नुभएको छ-

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः ।
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥

"जो भ्रमित छैनन्, उनीहरू मेरो दैवी प्रकृतिको संरक्षणमा बस्दछन् । तिनीहरूलाई म भगवान् र अव्यय हूँ भन्ने जानकारी हुन्छ । त्यसैले, उनीहरू सम्पूर्णरूपले मेरो सेवामा संलग्न रहन्छन् ।"

हरे कृष्णले "दैवी प्रकृति" भन्ने शब्द प्रयोग गर्दछ । भगवद्गीतामा भगवान् श्रीकृष्णले दुई प्रकारका प्रकृतिका बारेमा व्याख्या गर्नुभएको छ । दैवी वा परा प्रकृति उहाँको दिव्य प्रकृति हो र अर्को अपरा प्रकृति उहाँको भौतिक प्रकृति । भक्तहरू भगवान् श्रीकृष्णको व्यक्तिगत प्रकृति श्रीमती राधारानीको मार्गदर्शन अन्तर्गत रहने प्रयास गर्दछन् । भौतिकवादीहरू भने भगवान्का व्यक्तिगत अपरा शक्ति काली वा दुर्गाको नियन्त्रण अन्तर्गत रहन्छन् । हामीले भगवान् श्रीकृष्णका बारेमा श्रवण गर्न तीव्र इच्छाको विकास गर्नुपर्दछ (वासुदेव कथा रुचि) त्यसका लागि हामीले भगवान् श्रीकृष्णको दिव्य प्रकृतिको संरक्षण र पथप्रदर्शनमा रहेको व्यक्तिको सेवा गर्नुपर्दछ ।

त्यस्तो **शुश्रूषोः श्रद्दधानस्य** (श्रीमद्भागवत् १.२.१६) बाट सुरु हुन्छ । श्रद्धा विना तिमीले प्रगति गर्न सक्दैनौ । श्रीलरूप गोस्वामीले **आदौश्रद्धा** भनेर लेख्नुभएको छ– "आध्यात्मिक जीवनको सुरु श्रद्धाबाट हुन्छ ।" कृष्णभावनामृतको प्रशंसा गर्नु पनि एक प्रकारको श्रद्धा हुन सक्दछ । भक्तियोगको प्रक्रियामा नलागे पनि यदि कसैले सोच्दछ- "हरे कृष्णका भक्त असल छन्" यस्तो प्रशंसाले उसलाई आध्यात्मिक जीवनको स्पर्श प्राप्त हुन्छ । यसरी प्रशंसा गर्ने प्रक्रियाले बिस्तारै उसको आध्यात्मिक जीवनको विकास हुन्छ ।

अर्को अवस्था साधुसँग (चैतन्य चरितामृत मध्य २२.८६) अर्थात् भगवान् श्रीकृष्णका भक्तसँगको सङ्गत हो । यो अवस्थामा सोध्न सकिन्छ- "भक्तहरू हरे कृष्णको कीर्तन गर्दछन् र भगवान्का बारेमा चर्चा गर्दैछन् । त्यो राम्रो हो । म मन्दिर जान्छु र बसेर त्यो सुन्दछ ।" तेस्रो अवस्था भजन क्रिया हो अर्थात् भक्तिमय

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेवा गर्ने प्रक्रियाको सुरुवात हो । त्यसपछि, भक्तहरूको सङ्गत गर्दै, केही समय भए पनि आफूलाई भक्तिमय सेवामा संलग्न राख्दै, हरे कृष्ण मन्त्रको कीर्तन गर्दै, नियम सिद्धान्तको पालना गर्दै जाँदा उसले स्वतः महसुस गर्नेछ– "किन आध्यात्मिक गुरुको शिष्य नबन्ने ?" त्यसैले, हामीले धेरै निवेदनहरू प्राप्त गरेका छौं- "श्रील प्रभुपाद, कृपया मलाई आफ्नो शिष्यको रूपमा स्वीकार गर्नुहोस् ।"

त्यसपछि, आउँछ **अनर्थ निवृत्ति** अर्थात्, अनावश्यक बानीको त्याग गर्नु । अनावश्यक बानी मध्ये एउटा अवैध यौन सम्बन्ध हो । हामीले हाम्रो सङ्घमा यस्तो कार्यलाई निषेध गरेका छौं । यदि हाम्रा सदस्यले मैथुन गर्न चाहेमा उनीहरूले विवाह गर्न सक्दछन् तर विवाहित वाहेकको अन्य अवैध यौन सम्बन्ध निषेध गरिएको छ किनभने यो केवल अनर्थ वा दुष्टतापूर्ण कार्य हो । अर्को अनर्थ मादक पदार्थ सेवन हो । मादक पदार्थ सेवनको के प्रयोजन छ ? त्यसको आवश्यकता नै छैन । हाम्रो सङ्घ यस्ता कुनै पनि प्रकारका मादक पदार्थ सेवनलाई निषेध गर्दछ । हामीले कफी, चिया, चुरोट पिउन अनुमति दिंदैनौं । के हामी चिया चुरोट पिउन पाउनका लागि मरेका छौं ? छैनौं । न हामी मासु खान वा जुवा तास खेल्नका लागि मरेका छौं । ती पनि हामीले निषेध गरेका छौं । त्यसकारण यी सबै अनर्थ हुन् ।

त्यसैले, भगवान् श्रीकृष्णका बारेमा श्रवण गर्ने कार्यको विकास गर्नु पहिलो स्तरको प्रशंसाको कार्य हो, दोस्रो स्तर भक्तहरूको सङ्गत, तेस्रो स्तर भक्तिमय सेवामा संलग्न हुनु र चौथो स्तर- वास्तविक आध्यात्मिक गुरुको मार्गदर्शन वास्तवमा नियम र सिद्धान्तको पालना गर्दै भक्तिमय सेवामा लागेर अनावश्यक इच्छा र बानीवाट मुक्ति प्राप्त गर्नु हो । त्यसपछि, निष्ठा अर्थात् कृष्णभावनामृतमा दृढ विश्वास हुनु हो । छैटौंस्तर रूचि अर्थात् भगवान् श्रीकृष्णका बारेमा श्रवण गर्ने, कीर्तन गर्ने उहाँको सेवा गर्ने आदि कार्यमा आस्वादन गर्नु हो ।

कल्पना गरौं, कुनै व्यक्ति कमलपित्त रोगले दुःखित छ भने उसलाई मिठाइको स्वाद तितो लाग्दछ तर त्यही मिठाइ उसका लागि औषधी हो । यदि उसले त्यो मिठाइ खायो भने बिस्तारै उसको रोग निर्मुल हुन्छ अनि ऊ त्यस्तो अवस्थामा आइपुग्दछ । त्यही मिठाइ उसलाई मीठो लाग्न थाल्दछ । त्यसै गरेर, वासुदेव कथा रूचि (भागवत् १.२.१६) को अवस्था अर्थात् भगवान् श्रीकृष्णका महिमाका वारेमा सुन्न रूचि हुने अवस्थामा आउनका लागि माथि भनिएका पाँच स्तरवाट पार हुनुपर्दछ तर ती स्तर कुनै समय तीतो लाग्न सक्दछन् । तर, यदि तिमीले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रद्धा र प्रशंसाले युक्त भएर भगवान् श्रीकृष्णका बारेमा निरन्तर श्रवण गर्‍यौ भने निश्चय नै त्यसको आस्वादन प्राप्त हुने अवस्था आउँदछ । त्यसपछि अघिल्लो श्लोकमा भनिए जस्ता **यद अनुध्यासिग** अर्थात् भगवान् श्रीकृष्णको स्मरणरूपी तरवार प्राप्त गर्नेछौ । यदि तिमीमा भगवान् श्रीकृष्णका बारेमा सुन्ने र निरन्तर **हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे हरे राम हरे राम राम राम हरे हरे** मन्त्रको कीर्तन गर्‍यौ भने तिमीले भगवान् श्रीकृष्णको स्मरण सजिलै गरिरहन सक्दछौ ।

त्यसैले, तिमीले कृष्णचेतनाको तरवार लिएर भौतिक आसक्तिको गाँठोलाई काट्नु पर्दछ । यो कृष्णभावनामृत आन्दोलनले मानिसहरूमा कसरी यो तरवार प्राप्त गर्न सकिन्छ भन्ने ज्ञान फैलाउँदै आएको छ । मैले यो आन्दोलन १९६६ मा न्युयोर्कमा प्रारम्भ गरेको थिएँ । मसँग त्यस्तो कुनै तरवार थिएन जसरी अन्य प्रचारकहरूको नियन्त्रणमा हुने गर्दछ । उनीहरूले एउटा हातमा शास्त्र र अर्को हातमा तरवार लिन्छन् अनि भन्दछन्– “शास्त्रलाई स्वीकार गर अन्यथा म तिम्रो शिर काटिदिन्छु ।” अहँ, यो कृष्णभावनामृत लाई फैलाउने मार्ग नै होइन । तैपनि मसँग एउटा तरवार थियो- त्यो तरवार भनेको भगवान् श्रीकृष्णको स्मरण जुन मैले यहाँका मानिसहरूलाई भगवान्‌का बारेमा श्रवण गर्ने अवसर स्वरूप त्यसको शिक्षा प्रदान गरे । भगवान्‌का बारेमा सुनेर त्यसको असर कस्तो हुन्छ भन्ने बारेमा अब आउने श्लोकमा व्याख्या गरिएको छ । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

12
भगवान्का बारेमा सुनेर हृदय शुद्ध गर्ने

श्रृण्वतां स्वकथाः कृष्णः पुण्यश्रवणकीर्तनः।
हृद्यन्तःस्थो ह्यभद्राणि विधुनोति सुहृत्सताम्॥

"भगवान् श्रीकृष्ण परमात्मा स्वरूपमा सबैको हृदयमा निवास गर्नुहुन्छ। जुन भक्त उहाँको सन्देश श्रवण गर्न उत्सुक रहन्छ त्यस्तो भक्तका हृदयमा रहेको भौतिक मनोरञ्जन गर्ने इच्छालाई सफा गरेर हटाइदिनुहुन्छ। सहि तरिकाले श्रवण गर्ने र कीर्तन गर्ने भक्त नैतिक वा कर्तव्य परायण हुन्छन्।

श्रीमद्भागवत् (१.२.१७)

भगवान् श्रीकृष्णका सन्देश भगवान् स्वयं भन्दा भिन्न छैनन्। त्यसैले जब मानिसले निरपराध श्रवण र भगवान्का महिमालाई जिम्मेवारी पूर्वक वहन गर्दछ, त्यससमय भगवान् श्रीकृष्ण ती दिव्य ध्वनिको रूपमा, जुन भगवान् स्वयं सरह शक्तिशाली छन्। त्यहाँ उपस्थित हुनुहुन्छ भनेर वुझ्नुपर्दछ। श्रीचैतन्य महाप्रभुले आफ्नो शिक्षाष्टकमा स्पष्टसँग घोषणा गर्नुभएको छ– भगवान्का पवित्र नाममा भगवान्ले आफ्नो सम्पूर्ण शक्ति प्रदान गर्नुभएको छ र आफ्ना यस्ता अनगिन्ती नाम सबैमा समान शक्ति प्रदान गर्नुभएको छ। पवित्र नामको जप वा कीर्तन गर्नका लागि कुनै निश्चित समय तोकिएको छैन। केवल ध्यानपूर्वक र सम्मानपूर्वक आफ्नो सहज समयमा गर्न सकिन्छ। भगवान् कृपालु हुनुहुन्छ, त्यसैले उहाँ स्वयं आफैं हाम्रा अघि दिव्य ध्वनिको रूपमा उपस्थित हुनुहुन्छ तर दुर्भाग्य, हामीमा भगवान्का नाम क्रियाकलापका बारेमा श्रवण गर्ने र प्रशंसा गर्ने रूचि नै छैन। हामीले पवित्र ध्वनि श्रवण गर्ने वा कीर्तन गर्ने रूचि नै छैन भन्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयमा छलफल गरिसक्यौं । यो कार्य हामीले भगवान्का शुद्ध भक्तको सेवाको माध्यमबाट सम्पन्न गर्न सक्दछौं ।

भगवान् आफ्ना भक्तका प्रत्युत्तरमा पारस्परिक व्यवहार गर्नुहुन्छ । जब आफ्नो भक्त पूर्णरूपले हृदयदेखि नै भगवान्को सेवा गर्न इच्छुक भएको वा आफ्ना विषयमा श्रवण गर्न उत्सुक भएको देख्नुहुन्छ अनि भगवान्ले भक्तको हृदयमा यस्तो कार्य गरिदिनुहुन्छ जसले गर्दा ऊ सजिलै भगवान्कहाँ जान सक्दछ । हामीले जति इच्छा गर्दछौं, त्योभन्दा बढी भगवान् स्वयं हामीलाई आफ्नो साम्राज्यमा लैजान व्यग्र रहनुहुन्छ । हामीमध्ये धेरै भगवान्को धाम फर्कन त्यति इच्छुक हुँदैनौं । धेरै कम भक्त मात्र भगवान्को धाम फर्कन इच्छुक हुन्छन् तर जुनसुकै भक्त भगवान्को धाम फर्कन इच्छा गर्दछ, भगवान्ले उसको सबै प्रकारले सहयोग गर्नुहुन्छ ।

जबसम्म सबै प्रकारका पापबाट पूर्णरूपले निर्मूल भइँदैन, तबसम्म कसैले पनि भगवान्को राज्यमा प्रवेश पाउन सक्दैन । भौतिक पापहरू हामीले भगवान्सँग इच्छा गरिएको भौतिक प्रकृतिका उत्पादनहरू हुन् । भगवान्को धाम फर्कने मार्गमा धन र स्त्री भक्तका लागि विकासमार्गमा धेरै कठिन समस्या हुन् । कति दृढ निश्चय भएका पनि भक्ति मार्गबाट विभिन्न मोहित गर्ने वस्तु तर्फ आकर्षित भएर त्यसको सिकार बन्दछन् र भक्तिको मार्गबाट पछि हट्दछन् । तर, जसलाई भगवान् स्वयंले सहायता गर्नुहुन्छ उसका लागि सबै प्रक्रियाहरू अति सरल बन्दछन्, जसरी भगवान्का कृपा प्राप्त गरे पछि हुने गर्दछन् ।

स्त्री र धनसँगको सम्पर्कले मानिस व्याकुल हुन्छ, त्यो कुनै आश्चर्यको विषय होइन किनभने प्राणीहरूको त्यस्तो सम्बन्ध अनादि काल, व्यावहारिक रूप स्मरण गर्ने र सकिने समयदेखि नै भएको हो । त्यसैले, त्यस्ता बाहिरी प्रकृतिबाट छुट्कारा पाउने केही समय अवश्य लाग्दछ । तर, जसले भगवान्का महिमाको श्रवण गर्नमा आफूलाई संलग्न गराउँदछ, उसले बिस्तारै आफ्नो सहि अवस्थाका बारेमा अनुभूति गर्न थाल्दछ । भगवान्का कृपाले त्यस्ता भक्तहरू बिस्तारै त्यस्ता बाधा र बाधा उत्पन्न गर्ने तत्त्वलाई आफ्नो मनबाट हटाउन प्रशस्त शक्ति प्राप्त गर्दछ ।

भगवान्का महिमाका बरेमा श्रवण गर्न ज्यादै सजिलो छ किनभने उहाँले विभिन्न प्रकारका क्रियाकलापहरू र लीलाहरू गर्नुभएको छ । त्यसलाई आधिकारिक साहित्यहरू, जस्तै महाभारत र श्रीमद्भागवत्मा विस्तृतरूपमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुरक्षित राखिएको छ । पूरै भागवत्मा भगवान् श्रीकृष्णका लीलाहरूको विस्तृत वर्णन गरिएको छ । यिनीहरू केवल श्रवणका लागि पवित्र बनाउने नभएर आस्वादनका लागि पनि उपयक्त छन् । मानिसहरू धेरै जस्तो काल्पनिक कथा पढ्ने गर्दछन् । त्यसको सट्टामा श्रीमद्भागवत्को अध्ययन गरेमा अध्ययन गर्दा रसास्वादन प्राप्त हुन्छ भने त्यही समयमा आत्मसाक्षात्कार पनि हुन्छ ।

श्रीमद्भागवत्को श्रवण गरेपछि महाराज परीक्षितले भने– **निवृत्ततर्षैरुपगीयमानाद्भवौषधाच्छ्रोत्रमनोऽभिरमात्** (भागवत् १०.१.४) "भौतिक अस्तित्वमा दु:ख पाइरहेकाहरूका लागि भगवान् श्रीकृष्णका बारेमा गरिएको व्याख्या नै सहि औषधी हो । जुन व्यक्ति भौतिक वस्तु प्राप्त गर्ने तीव्र इच्छावाट मुक्त हुन्छ, उसका लागि यस्ता व्याख्याहरू श्रवणका लागि आनन्ददायक र रूचि पूर्ण हुन्छन् ।

जबसम्म तिमी भौतिक अस्तित्वमा रहिरहन्छौं, तबसम्म तिमीमा वस्तु प्राप्त गर्ने तीव्र इच्छा र शोक रहिरहन्छ किनभने यो संसार मूख्यत: रज र तम गुणले सञ्चालित छ । त्यसैले साधारणतया हामीमा कुनै वस्तु प्राप्त गर्ने तीव्र इच्छा रहन्छ र त्यो वस्तु जसरी पनि प्राप्त गर्दछौं कसैगरी त्यो वस्तु हरायो भने हामी दु:खित हुन्छौं । तीव्र इच्छा हुनु र शोक गर्नु वा अन्य असरहरू प्रकृतिको तल्लोस्तरका गुणहरू हुन् र त्यसलाई **अभद्राति** वा हृदयको फोहोर भनिन्छ तर श्रीमद् भागवत्को यो श्लोकमा सूत गोस्वामी भन्नुहुन्छ– यदि तिमीले भगवान् श्रीकृष्णका बारेमा श्रवण गर्‍यौ भने भगवान् स्वयंले तिम्रो हृदयमा रहेको फोहोरलाई बिस्तारै हटाइदिनुहुन्छ ।

महाराज परीक्षितले भने- 'भगवान् श्रीकृष्णका बारेमा गरिएका वर्णन विशेष गरेर जुन व्यक्ति तीव्र इच्छा र दु:खबाट माथि उठेर दिव्य स्थितिमा पुगेको छ, उसलाई मात्र रूचिपूर्ण हुन्छन् ।' फेरि उनले भने- सामान्य व्यक्तिका लागि यो व्याख्या- **भवउस्यधाच ओत्र मत्र मिराभात**- कान र हृदयका लागि आनन्ददायक छ र यो नै भौतिक जीवनको रोग निमूल गर्ने औषधी पनि हो ।

त्यसकारण कृष्णभावनामृत आन्दोलनको कार्यक्रम भनेको नै जनतालाई भगवान् श्रीकृष्णका बारेमा श्रवण गर्ने अवसर प्रदान गर्नु हो । यो नै हाम्रो उद्देश्य हो । यो हामीलाई चैतन्य महाप्रभुले प्रदान गर्नुभएको हो । चैतन्य महाप्रभुले (चैतन्य चरितामृत ७.१२८) मा भन्नुभएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योर देख तारे कह कृष्ण उपदेश
आभार आज्ञा गुरु हन्या तार इदेश

"मेरो आदेशअनुसार आध्यात्मिक गुरु बन र जसलाई पनि भेट्दछौं उसलाई कृष्ण कथाको उपदेश दिने प्रयास गर।" कृष्ण कथाको अर्थ हो भगवान् श्रीकृष्णले भन्नुभएका कुरा जस्तैः भगवद्गीता र भगवान् श्रीकृष्णका बारेमा भनिएका शब्द जस्तैः श्रीमद्भागवत्। चैतन्य महाप्रभुले यी दुई प्रकारका कृष्ण कथा संसारभरि वितरण गर्ने आदेश दिनुभएको छ।

कसैले मलाई सोध्न सक्दछ- " आध्यात्मिक गुरु हुने तिमीसँग के योग्यता छ ?" चैतन्य महाप्रभुको सर्वोच्च आदेशअनुसार शिष्यपरम्परामा रहेको हुनाले मैले कृष्ण कथाको प्रचार गर्ने प्रयास गरिरहेको छु। यो नै मेरो योग्यता हो। कृष्णभावनामृतको प्रक्रिया मैले निर्माण गरेको होइन। म केवल सन्देशदाता हूँ। मेरो काम भगवान् श्रीकृष्णका सन्देश यथारूप वितरण गर्नु हो। त्यसैले यो सन्देश प्रभावकारी छ किनभने यसमा मैले अन्य कुरा थपेको छैन। भगवद्गीतामा भगवान् श्रीकृष्णले भन्नुभएको छ– **सर्वधर्मान् परित्यज्य मामेकं शरणं व्रज** (भगवद्गीता १८.६६) "तिम्रा सबै मूर्खतालाई त्यागेर केवल मेरो शरणमा आऊ।" मैले भगवान् श्रीकृष्णका सन्देशमा कुनै मिसावट गरेको छैन र गलत अर्थ पनि लगाएको छैन। त्यसैले निश्चय नै कुनै सन्देह छैन, मैले उहाँको इच्छालाई सहि प्रतिनिधित्व गरिरहेको छु। त्यसैले, त्यो सन्देश प्रभावकारी छ भन्ने प्रमाण दिइरहेको छ।

म आउनुभन्दा पूर्व, पश्चिम जगत्मा भारतबाट धेरै आएर भगवद्गीताको बारेमा व्याख्या गरेका थिए। तीमध्ये केही गुरुहरू महान् विद्वान् थिए तर तिनीहरूले भगवान् श्रीकृष्णको सन्देश यथारूप वर्णन नगरेका हुनाले पश्चिमीहरूले भक्तियोग वा कृष्णभावनामृतको सिद्धान्तलाई स्वीकार गरेनन्। तर, अहिले हजारौं पश्चिमीहरूले यसलाई स्वीकार गरेका छन्। विशेष गरेर युवाहरूले आपनाइरहेका छन्। तीमध्ये धेरै भौतिक विकासप्रति अनिच्छुक छन्, तिनीहरूले त्यसको स्वाद लिइसकेका छन् र त्यसबाट असन्तुष्ट छन्। अहिले तिनीहरू आध्यात्मिक विकासतर्फ हेरिरहेका छन् वा लागिरहेका छन्। वेदान्तसूत्रमा सुरुमा वर्णन गरिएअनुसार **"अथातो ब्रह्म जिज्ञासा-** "अहिलेको यो मानवरूपमा आएपछि उसले परम सत्यका बारेमा जिज्ञासा राख्न पर्दछ।" अहिले उनीहरू यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्तरमा आईसकेका छन् । जब उनीहरूले यस्तो जिज्ञासा राख्दछन्, हामीले तुरून्त स्पष्ट गर्दछौं- "भगवद्गीता अनुसार परम् सत्य भनेको भगवान् श्रीकृष्ण हुनुहुन्छ ।" जव अर्जुनलाई भगवान् श्रीकृष्ण को हुनुहुन्छ भन्ने जानकारी भयो उनले तुरून्त घोषणा गरे- **परं ब्रह्म परं धाम पवित्रं परमं भवान्** । (भगवद्गीता १०.१२) । "हजुर परम् ब्रह्म, परम् धाम, पवित्र र परमात्मा हुनुहुन्छ ।" जब परम् सत्यका बारेमा प्रश्न गरिन्छ, हामीले उनीरूको सन्तुष्टिका लागि कृष्ण कथा प्रदान गर्दछौं ।

त्यसैले, प्रत्येकव्यक्ति कृष्णभावनामृत आन्दोलनमा सहभागी हुनुपर्दछ । केवल कृष्ण कथा श्रवण गर्ने र त्यो ज्ञान अन्यलाई वितरण गर्ने गर्नुपर्दछ, जुन चैतन्य महाप्रभुको आदेश हो । त्यसको परिणाम कस्तो हुन्छ भन्ने कुरा सूत गोस्वामीले श्रीमद्भागवत्मा भन्नुभएको छ– **श्रृण्वतां स्वकथाः कृष्णः पुण्यश्रवणकीर्तनः ।** (भागवत् १.२.१७) कृष्ण कथा यति असल छ, केवल श्रवण गर्नाले पनि मानिस पवित्र बन्दछ । यदि कसैले भगवान् श्रीकृष्ण को हुनुहुन्छ ? भन्ने बुझ्न सक्दैन भने पनि केवल पवित्र नामको ध्वनि सुन्दछ- **हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे, हरे राम हरे राम राम राम हरे हरे** भने पनि ऊ पवित्र बन्दछ । चैतन्य महाप्रभुले आफ्नो शिक्षाष्टकमा भन्नुभए जस्तै– **चोतोदर्पणमार्जनं** (चैतन्य चरितामृत, अन्त्य २०.१२) । कृष्ण कथा हृदय सफा गर्न ज्यादै प्रभावकारी छ । भगवान् श्रीकृष्ण हाम्रो हृदयमा परमात्मा भएर निवास गर्नुभएको छ । जब उहाँले हामी उहाँका बारेमा श्रवण गर्न गम्भीर भएर लागेका छौं भन्ने थाहा पाउनुहुन्छ, उहाँले हाम्रो हृदय सफा गर्न सहयोग गर्नुहुन्छ ।

हाम्रो हृदयमा रहेको फोहोरलाई सम्बोधन गर्न यहाँ निश्चित शब्द अभद्रानि प्रयोग गरिएको छ, अर्थात् "नीच वा अप्रतिष्ठित" भद्र भनेको प्रतिष्ठित वा ख्याति प्राप्त हो अभद्र भनेको अप्रतिष्ठित हो । हाम्रो हृदयमा रहेको त्यो अप्रतिष्ठित वस्तु के हो ? त्यो भनेको भगवान्‌को सम्पत्तिलाई आफ्नो सम्पत्ति हो भनेर दावी गर्नु हो । यसको राम्रो उदाहरण- राष्ट्रवाद हो, जुन आजभोलि यसलाई महत्त्वपूर्ण मानेर दावी गरिन्छ, राष्ट्रवादलाई आजको आधुनिक युगमा बढी गुणगान गरिन्छ तर वास्तवमा यो नै अभद्रता हो । यो कसरी भन्न सकिन्छ ? इषोपनिषद् (इशो मन्त्र) को शक्तिले भन्न सकिन्छ–

इश्वाइयाम इदं सर्वं यत् जगत्यां जगत्
तेना त्क्तेन भुञ्जिथा मा गृध्यः कस्मविद धनं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

"यस ब्रह्माण्डमा रहेका सवै चर अचरहरू भगवान्को स्वामित्वमा छन् र उहाँबाट नियन्त्रित छन्। त्यसैले, मानिसले आफूलाई आवश्यक वस्तु मात्र स्वीकार गर्नुपर्दछ, जुन उसका लागि भनेर निश्चय गरेर एक तर्फ छुट्टाईएको हुन्छ । अन्य वस्तु अरूहरूका लागि छुट्टाइएको हो भनेर त्यस्ता वस्तु स्वीकार गर्नुहुँदैन ।"

"यहाँ इशोपनिषदमा भनिएको छ। सबै वस्तु भगवान्को स्वामित्वमा छन्। त्यसो हो भने हामीले "यो अमेरिकाको जमिन हो, यो हाम्रो भारत भूमी हो।" भनेर कसरी गर्न सक्दछौं ?" यो सवै भ्रम हो- जुन तिम्रो होइन, त्यो नै तिमी मेरो हो भनेर दावी गरिरहेका छौ। तिम्रो शरीर पनि तिम्रो होइन। प्रकृतिले तिम्रो कर्म अनुसार तिंमीलाई शरीर दिएकी छिन् तर वास्तवमा तिम्रो शरीर पनि भगवान् श्रीकृष्णको नै हो। उदाहरणका लागि मैले जुन घर भाडामा लिएको छु त्यो घर मेरो होइन घर धनीको हो र त्यो सत्य पनि हो तर, म त्यो घरमा वस्नका लागि गएँ र "यो मेरो घर हो" भनेर दाबी गरें भने म समस्यामा पर्नेछु। त्यसै गरेर हामीले हाम्रो सुख र जीवन यापनका लागि जे जति वस्तु प्रयोग गरेका छौं। ती सबै भगवान्ले हामीलाई प्रदान गर्नुभएको हो । यो शरीर भगवान्ले प्रदान गर्नुभएको हो र यसको पालनपोषणका लागि आवश्यक वस्तु पनि भगवान्ले नै प्रदान गर्नुभएको हो । तिमीले तिम्रो शरीर पालन पोषणका लागि, फल, अन्न, दूध र मासु आदि खान्छौ । त्यो सबै वस्तु कसले प्रदान गरेको हो ? ती वस्तु तिमीले तिम्रो कारखानामा उत्पादन गर्न सक्दैनौ । वेदमा भनिएको छ- **एको वहूनां विदधाति कामान् ।** प्रत्येकलाई आवश्यक वस्तु भगवान्ले प्रदान गर्नुभएको छ ।" सम्पूर्ण वस्तु भगवान्का हुन् भनेर बुझ्नु कृष्णचेतना वा कृष्णभावनामृत हो ।

अहिले हाम्रो हृदयमा धेरै प्रकारका अभद्र वस्तु छन्– जस्तै, भगवान्को सम्पत्तिलाई आफ्नो हो भनेर झुटो दाबी गर्नु तर भगवान् श्रीकृष्ण हाम्रो हृदयमा विराजमान हुनुहुन्छ । जब हामी कृष्णकथा श्रवण गर्न गम्भीर र नियमित छौं भनेर देख्नुहुन्छ अनि उहाँले हाम्रा त्यस्ता अभद्र वस्तुहरू पखालिदिनुहुन्छ। त्यसैले, यो कृष्णभावनामृत आन्दोलन ले सवैलाई श्रीमद्भागवत् भगवद्गीता र अन्य कथाका स्रोतहरू श्रवण गराउने अवसर प्रदान गरेको छ र मानव समाजलाई पवित्र वनाएर शान्ति, सुख र समृद्धिसहित जीवन यापन गर्न सहयोग गरिरहेको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

13
हानिकारक इच्छाको नियन्त्रणबाट छुटकारा

नष्टप्रायेष्वभद्रेषु नित्यं भागवत्सेवया ।
भगवत्युत्तमश्लोके भक्तिर्भवति नैष्ठिकी ॥

निरन्तर भागवत् कक्षामा उपस्थित हुने र शुद्ध भक्तको सेवा गर्नाले हृदयका दुःखरूपी सबै विषयलाई पूर्णरूपले नष्ट गर्न सकिन्छ जसको दिव्य गीतहरूले प्रशंसा गर्दछन्, त्यस्ता भगवान्को प्रेममा सेवा गर्नाले भगवान्प्रतिको अटल सत्य स्थापित हुन्छ ।

श्रीमद्भागवत् (१.२.१८)

यहाँ आत्मसाक्षात्कारको मार्गमा अवरोधरूपी हृदयमा रहेका सम्पूर्ण अपवित्र वस्तुहरूलाई हटाउने समाधान दिइएको छ । भागवत्हरूसँगको सङ्गत नै समाधान हो । भागवत् दुई प्रकारका हुन्छन् । भागवत् नाम गरेको पुस्तक र भक्त भागवत् । दुवै भागवत् समाधान गर्न सक्षम छन् । दुवै वा कुनै एउटा पनि अवरोध हटाउन पूर्ण छन् । भक्त भागवत् भागवत् पुस्तक समान नै असल हुन्छन् किनभने भक्त भागवत्ले पुस्तक भागवत्मा भनिएअनुसार आफ्नो जीवनलाई त्यसतर्फ उन्मुख गरेका हुन्छन् । पुस्तक भागवत् भगवान् र उहाँका शुद्ध भक्तका सूचनाले भरिएका छन् र ती शुद्ध भक्त भागवत् नै हुन् । पुस्तक भागवत् र व्यक्ति समान नै हुन् ।

शुद्ध भक्त भागवान्का सिधैं प्रतिनिधि हुन् । भक्त भागवत्लाई प्रसन्न गरेर मानिसले पुस्तक भागवत्बाट हुने लाभ प्राप्त गर्न सक्दछ । भक्त भागवत् र पुस्तक भागवत्को सेवा गर्नाले मानिसले भक्तिको मार्गमा कसरी प्रगति गर्न सक्दछ भन्ने कुरा बुझ्न मानव तर्क र बुद्धि पराजित हुन्छ । वास्तवमा यी तथ्यका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बारेमा श्रील नारददेव, जो पहिलो जन्ममा एउटी सेविकाका छोरा थिए, उनले व्याख्या गरेका छन् । सेविकाले ऋषिहरूको दासरूपी सेवा गर्दथिन् । त्यसकारण, उनी पनि उहाँहरूको सम्पर्कमा आए ।

यसरी केवल उहाँहरूका सम्पर्कमा आएर र उहाँको उच्छिष्ट भोजन ग्रहण गरेर सेविकाका छोरालाई महान् भक्त र श्रील नारददेव जस्तो व्यक्तित्व प्राप्त गर्ने अवसर प्राप्त भयो । भगवान्सँगको सङ्गतबाट यस्तो आश्चर्यजनक प्रभाव भयो । यस्ता व्यावहारिक प्रभावका बारेमा बुझ्न भागवत्को इमानदारिका साथ सङ्गत गर्नुपर्दछ । त्यसो गरेमा उसले धेरै सजिलोसँग निश्चय नै दिव्य ज्ञान प्राप्त गर्दछ र त्यसको परिणामस्वरूप मानिस भगवान्को भक्तिमय सेवामा स्थिर हुन्छ । भागवत्को मार्गदर्शनमा मानिसले जति धेरै प्रगति गर्न सक्दछ, त्यति नै ऊ भगवान्को दिव्य प्रेमले युक्त सेवामा स्थिर हुन सक्दछ । त्यसैले, पुस्तक भागवत्को सन्देश भक्त भागवत्बाट प्राप्त गर्नुपर्दछ यसरी दुवै भागवत्को सम्मीश्रणले नयाँ भक्तलाई प्रगति गर्न सहयोग गर्दछ ।

साधारणतया मानिसले आध्यात्मिक प्रगति गर्नुपर्दछ र आफ्नो हृदयमा रहेका सम्पूर्ण फोहोर वस्तु (**अभद्रानी**) सफा गर्नुपर्दछ भनेर बुझ्न सक्दैनन् । भौतिक जीवन भनेको प्रदुषण युक्त जीवन, असभ्य जीवन हो तैपनि उनीहरूले सोच्दछन् हामीसँग राम्रा वस्त्र छन्, राम्रो घर छ र ठीकसँग नुहाएको शरीर छ । त्यसैले, हामी सभ्य हौं । तर, उनीहरूलाई आफ्नो हृदयमा कति प्रदुषण छ, त्यसले कति आक्रमण गरेको छ भन्ने थाहा नै छैन ।

सभ्यताको नाममा मानिसले धेरै अनावश्यक वस्तुहरूको सृजना गरेको छ त्यसलाई अनर्थ भनिन्छ । उदाहरणका लागि हजारौं वर्ष पहिले वैदिक युगमा अहिलेको जस्तो तथाकथित विकसित सभ्यता थिएन । तर, त्यस समयमा मानिसहरू चाँदी वा सुनले बनेको वा अन्य धातुले बनेको भाँडामा भोजनग्रहण गर्दथे । अहिलेका मानिस प्लाष्टिक प्रयोग गर्दछन् तैपनि सभ्यता विकसित भएको छ भनेर घमण्ड गर्दछन् । वास्तवमा प्लाष्टिकका भाडाँहरू आवश्यक नै छैनन् । अर्को उदाहरण दुई सय वर्षअघि भारतमा उद्योग थिएनन् । मानिसहरू सुखि नै थिए । मानिसलाई दुई सय माइल वा पाँच साय माइल घरभन्दा टाढा गएर जीवन निर्वाहका लागि धन कमाउन यात्रा गर्नुपर्दैनथ्यो । युरोप अमेरिकामा मानिसहरू दिनहुं हवाइजहाजमा उडेर जीवन यापनार्थ आवश्यक धनका लागि विभिन्न स्थानमा गएको मैले देखेको छु । तिनीहरू टोरन्टो वा मोन्ट्रियलबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

करिब पाँच सय माइल उडेर जान्छन् । करिब पचास माइल प्रत्येकले यात्रा गर्नुपर्दछ । न्युयोर्कमा पनि मानिसहरू धेरै टाढा लामो द्विपबाट नदी पार गरेर आफ्नो कार्यालय बसमा चढेर जाने गर्दछन् । यो सबै यात्रा आवश्यक नै छैन ।

पण्डित चाणक्यलाई सोधियो– "को सुखी छ ? उनले उत्तर दिए- "जुन व्यक्ति घरभन्दा पर गएर कार्य गर्दैन र जसको ऋण छैन ।" ज्यादै सजिलो कुरा छ । तर, अहिले व्यवहारमा भने मानिस घरभन्दा पर गएर काम गर्दछन् र सबै ऋणी छन् । त्यसैले, को सुखी हुन सक्दछ र ? अमेरिकामा बैङ्कले प्रचार गर्दछन्– "हामीबाट पैसा लैजानू अनि मोटरकार खरिद गर, घर खरिद गर जहिले पारिश्रमिक प्राप्त गर्दछौं अनि हामीलाई देऊ ।" अथवा उनीहरू भन्दछन् "यो वैङ्क कार्ड लैजाऊ ।" त्यो "टाट पल्टेको कार्ड हो" भनेर जाने हुन्छ । तिमीले त्यो कार्ड लिन्छौ, बैङ्कमा पैसा जम्मा गर्दछौ अनि त्यो कार्डको माध्यमले आफूलाई इच्छा भएको वस्तु खरिद गर्दछौ । तर, जब तिम्रो धन सकिन्छ अनि केवल त्यो कार्ड मात्र बाँकीरहन्छ ।

यस्ता अनर्थहरू तुरुन्त समाप्त हुन्छन् जसले भक्तियोग वा कृष्णभावनामृतका प्रक्रियालाई अपनाउँदछ । **अनर्थोपशमं साक्षाद्भक्तिर्योगमधोक्षजे ।** (भागवत् १.७.६) त्यसको राम्रो उदाहरण हाम्रो कृष्णभावनामृत आन्दोलनका विद्यार्थी हुन् । तीमध्ये धेरै अमेरिका र युरोपका छन् र तिनीहरूलाई यस्ता अनर्थ कसरी वृद्धि गर्न सकिन्छ भन्ने जानकारी थियो । तर, जब तिनीहरू हाम्रो सङ्घमा प्रवेश गरे, त्यसपछि तिनीहरूले सिनेमाको लागि पैसा तिर्नुपरेको छैन । जुवा र अन्य कार्यकालागि रकम भुक्तान गर्नुपरेको छैन । के कुनै पनि व्यक्ति चुरोट नपिई मर्दछ ? यो अनर्थ हो । चुरोट पिउने लतका कारण खराव सङ्गतले हो । **सङ्गत सन्जायते कामः** किनभने खराब सङ्गतले नै मानिसले कसरी चुरोट पिउने, कसरी जुवा खेल्ने, कसरी मांसाहारी बन्ने र कसरी नशा लिने भन्ने सिक्दछ । अमेरिकाको सरकारसँग युवाहरूलाई नशाको लतबाट कसरी मुक्त गर्ने भन्ने जानकारी नै छैन । यहाँ त्यसको समाधान छ– त्यो कृष्णभावतनामृत हो, जुन व्यावहारिक पनि छ । कसैले पनि यदि गम्भीरतापूर्वक कृष्णभावनामृत प्रक्रिया अपनायो भने उसले तुरुन्तै सबै खराव लतसहित नशा लिन पनि छोड्दछ । तैपनि सरकारले कृष्णभावनामृत आन्दोलनलाई संरक्षण दिँदैन यद्यपि तिनीहरू अन्य अनावश्यक कार्यक्रममा प्रशस्त रकम खर्च गर्दछन् ।

आधुनिक मानिसहरूलाई यस्ता सम्पूर्ण अनावश्यक वस्तुको नियन्त्रणबाट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

कसरी मुक्त हुने भन्ने जानकारी नै छैन । विद्वान् श्रील व्यासदेवले श्रीमद्भागवत्मा लेख्नुभएको छ– **लोकस्यज्ञायते विद्याम चक्रे सात्वत सम्हितां**– श्रीमद्भागवत्को शरणमा जाउ अनि तिम्रा अनावश्यक वस्तुलाई कसरी नष्ट गर्ने भन्ने बारे पूर्णरूपले अध्ययन गर । यस अघिको श्लोकमा (भागवत् १.२.१७) यस सम्वन्धी सरल प्रक्रिया दिइएको छ ।

श्रृण्वतां स्वकथाः कृष्णः पुण्यश्रवणकीर्तनः ।
हृद्यन्तःस्यो ह्यभद्राणि विधुनोति सुहृत्सताम् ॥

यदि तिमीले केवल भगवान् श्रीकृष्णका बारेमा श्रीमद्भागवत् वा भगवद्गीतावाट श्रवण गऱ्यौ भने, भगवान् श्रीकृष्ण स्वयंले यी अनर्थलाई सफल गरिदिनुहुन्छ । भगवद्गीतामा भगवान् श्रीकृष्णले आफ्नो बारेमा वर्णन गर्नुभएको छ । तर, उहाँका शब्दको गलत व्याख्या नगर, जसरी अर्जुनले श्रवण गरेका थिए, त्यसरी नै श्रवण गर । कसैले भन्न सक्दछ- “अर्जुनले भगवान् श्रीकृष्णबाट सोझै श्रवण गरेका थिए तर अहिले भगवान् श्रीकृष्ण उपस्थित हुनुहुन्न । त्यसैले, अर्जुनले जस्तै गरेर कसरी श्रवण गर्न सक्दछौं ?” भगवान् श्रीकृष्ण परम हुनुहुन्छ र उहाँ आफ्ना शब्दभन्दा भिन्न हुनुहुन्न । त्यसैले, भगवद्गीता, शिष्य परम्परामा रहेर त्यसको अध्ययन गर । त्यसो गरेमा जसरी अर्जुनले सोझै भगवान् श्रीकृष्णबाट श्रवण गरेका थिए, त्यसरी नै तिम्रो अध्ययन पनि राम्रो हुन्छ तर तिमीले भगवद्गीतामा आफ्नै व्याख्या वा अर्थ निकाल्यौ भने वा अभक्तद्वारा गरिएको व्याख्या श्रवण गऱ्यौ भने तिमी दुष्ट वा मूर्ख नै रहने छौ ।

सनातन गोस्वामीले हामीलाई अभक्तहरूबाट भगवान् श्रीकृष्णका बारेमा श्रवण गर्न प्रतिबन्ध लगाउनु भएको छ।

अवैष्णव मुखोदगृणम् पुतम् हरिकथामृतम्
श्रवणं नैव कर्तव्यं सोर्पोच्छिष्ट यथा पयाः

“कसैले पनि अभक्तहरूबाट भगवान् श्रीकृष्णका बारेमा श्रवण गर्नुहुँदैन । जसरी सर्पको ओठले स्पर्श गरेको दूध विषालु हुन्छ, त्यसरी नै अवैष्णवहरूले गरेको भगवान् श्रीकृष्ण सम्बन्धी कुराहरू पनि विषालु हुन्छन् ।” भारतमा कहिलेकाहीं केही व्यक्तिहरूले वैष्णव सिद्धान्त र आचरणको पालन गर्दैनन् । तर, सार्वजनिकरूपले भागवत् सप्ताहको अयोजना गरेर श्रीमद्भागवत्को व्यावसायिक कथा वाचक बन्दछन् । त्यस प्रकारका श्रीमद्भागवत् श्रवण गर्न निषेध गरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ । अहिलेको श्लोकले सिफारिस गरेको छ– **नित्यं भागवत् सेवया**– "नित्य भागवत्को श्रवण गर ।" तर सप्ताह भागवत् सेवा अर्थात् एक सप्ताहसम्म भागवत् श्रवण गर्ने होइन । भागवत् त्यस्तो वस्तु होइन जुन केवल एक सप्ताहामा नै सबै बुझ्न सकियोस् । तिमीले एक हप्तामा भागवत्को एक शब्द पनि बुझ्न सक्दैनौ भने अठार हजार श्लोक कसरी बुझ्न सक्दछौ ? सम्पूर्ण वैदिक ज्ञान भागवत्मा समाहित छ- **निगम कलपतरु गलितं फलं** (भागवत् १.१.३) । केवल एक हप्ताको अध्ययन गरेर तिमीले के नै बुझ्न सक्दछौ ?

सहि निर्देशन यहाँ दिइएको– **नियं भागवत् सेवया** । प्रत्येक दिन तिमीले भागवत् श्रवण गर्नुपर्दछ । प्रत्येक क्षण भागवत् स्मरण गर्नुपर्दछ । त्यसपछि **नष्ट प्रायेसु अमदेशु**(भागवत् १.२.१८) तिम्रो हृदयमा रहेको फोहोर वस्तु नष्ट हुन्छ । कृष्णभावनामृतको सार भनेको नै यो हो– तिमीलाई भगवान् श्रीकृष्णको बारेमा धैर्यपूर्वक श्रवण गर्ने अवसर प्रदान गर्नु हो, जसले गर्दा तिम्रो हृदयको फोहोर सफा हुनेछ । ती फोहोर वस्तु के हुन् भन्ने बारेमा अब आउने श्लोकमा उल्लेख गरिएको छ– काम, लोभ र अन्य रज र तमो गुणका असर हुन् **रजस तमो मावाह** (भागवत् १.२.१९) ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

14
भक्ति योग– शान्ति र परम् सुख प्राप्त गर्ने सबैभन्दा तीव्र मार्ग

तदा रजस्तमोभावाः कामलोभादयश्च ये ।
चेत एतैरनाविद्धं स्थितं सत्त्वे प्रसीदति ॥

जब हृदयमा भगवान्प्रतिको अटल प्रेमपूर्ण सेवा स्थापित हुन्छ, प्रकृतिका गुण रज र तमबाट उत्पन्न हुने काम, इच्छा, उत्कण्ठा जस्ता सबै हृदयबाट हराउँदछन् । त्यसपछि, भक्त सत्त्व गुणमा स्थापित हुन्छ अनि ऊ पूर्णरूपले सुखी हुन्छ ।

श्रीमद्भागवत् १.२.१९

प्राणी जब उसको आफ्नो स्वाभाविक अवस्थामा रहन्छ, त्यहाँ ऊ आध्यात्मिक सुखले पूर्ण सन्तुष्ट हुन्छ । यस अवस्थामा रहनुलाई ब्रह्मभूत(भागवत् ४.३०.२०)वा आत्मानन्दी वा आफूमा नै सन्तुष्ट रहने भनिन्छ । यो आत्मसन्तुष्टि भने सक्रिय नरहने मूर्खले प्राप्त गर्ने सन्तुष्टि भन्दा भिन्न हो । त्यस्ता निष्क्रिय मूर्खहरू मूर्खतापूर्ण अज्ञानको अवस्थामा हुन्छन् भने आत्मसन्तुष्ट आत्मानन्दीहरू दिव्य भौतिक अवस्थामा रहन्छन् । जब अटल भक्तिमय सेवामा स्थित हुन्छ, मानिसले यो पूर्णताको अवस्था प्राप्त गर्दछ । भक्तिमय सेवा भनेको निष्क्रियता होइन, यो आत्माको अहैतुकी सक्रियता हो ।

आत्माको सक्रियता पदार्थसँगको सम्पर्कमा आएपछि दूषित हुन्छ अनि त्यस्ता रोगी क्रियाकलापहरू, काम, वासना, उत्कण्ठा, निष्क्रियता, मूर्खतापूर्ण रज र तमगुणका असरहरू पूर्णरूपले देखा पर्दछन् । भक्तिमय सेवाको प्रतिफल स्वरूप रजा र तमागुणका असरहरू पूर्णरूपले नष्ट हुन्छन् । जब भक्त सत्त्व गुणको अवस्थामा एक पटक स्थिर हुन्छ अनि उसले अझ अघि प्रगति गरेर ऊ वासुदेवको वा अमिश्रित सत्त्वको अवस्थामा वा शुद्ध सत्त्वको पदमा पुग्ने प्रयास गर्दछ । केवल यस्तो शुद्ध सत्त्वको अवस्थामा भक्तले भगवानप्रतिको शुद्ध अनुरागको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माध्यमले सदैव भगवान् श्रीकृष्णलाई आफ्ना आँखाले प्रत्यक्ष दर्शन गर्न सक्दछ।

भक्त जहिले पनि अहैतुकी सत्त्व गुणमा रहने हुनाले उसले कसैलाई हानि गर्दैन। तर, अभक्त जति पढेको व्यक्ति भए पनि ऊ सदैव हानिकारक हुन्छ। भक्तहरू मूर्ख पनि हुँदैनन् र रजोगुणी पनि हुँदैनन्। अरूलाई हानी गर्ने, मूर्ख र रजोगुणी भगवान्का भक्त हुन सक्दैनन्। तर, उनीहरूले भक्तका जस्ता वस्त्र लगाएर आफूलाई भक्त हूँ भनेर प्रचार भने गर्ने गर्दछन्। भक्त जहिले पनि भगवान्का असल गुणले युक्त हुने हुनाले योग्य हुन्छन्। यस्तो योग्यता परिमाणमा धेरैथोरै हुन सक्दछ, तर गुणात्मकरूपमा भने भगवान् र भक्तमा समान हुन्छ।

अभक्तहरूले प्रकृतिका तीन गुण सत्त्व, रज र तमोगुणको सम्मीश्रणको प्रभावमा कार्य गर्दछन्। यी गुणहरूले अनगिन्तीरूपमा मिश्रित भएर अनगिन्ती किसिमका मानिसहरू उत्पन्न गराउँदछन्। जब मानिस सत्त्व गुणको स्तरमा पुग्नका लागि प्रयासरत रहन्छ, उसको विकसित जीवन प्रारम्भ हुन्छ। जसरी निरक्षर, असभ्य, पशुसमान मानिस पनि प्रशिक्षण पश्चात् असल भए जस्तै मानिस प्रशिक्षणबाट माथि भनिएको अवस्थामा पुग्दछ। कुकुर, बिरालो, बाघ जस्ता जनावर पनि तालिम पश्चात् आज्ञाकारी बन्दछन्। यो हाम्रो व्यावहारिक अनुभव हो।

मानिसलाई शुद्ध सत्त्वगुणको अवस्थामा विकसित गर्ने दुई प्रकारका तालिम छन्। एउटा निश्चित कार्य तालिका अनुसार विस्तारै दिइने प्रक्रिया- **तपसा ब्रह्मचर्योण शमेन च दमेन च** (भागवत् ६.१.१३)। यो प्रक्रिया अन्तर्गत मानिसलाई विभिन्न प्रकारका तपस्या, मैथुन अभ्यासमा नियन्त्रण ब्रह्मचर्य र मन इन्द्रियलाई नियन्त्रण (शम, दम) गर्न सिकाइन्छ। कसैले धन दान गर्न पनि सक्दछ (त्याग)। यी सबै विस्तारै उन्नत हुने प्रक्रिया हुन्।

तर अर्को प्रक्रिया पनि छ त्यो– भक्ति योग वा कृष्णभावनामृत हो। यदि तिमीलाई दस तला भएको घरको सबैभन्दा माथिल्लो तलामा जानुपर्‍यो भने तिमीले प्रत्येक सिढी चढेर विस्तारै चढ्ने एउटा उपाय हो वा लिफटमा चढेर तुरुन्त चढ्ने अर्को उपाय हो। भक्तियोग भनेको लिफट जस्तो हो। यदि तिमीले यो प्रक्रिया अपनायौ भने तिमी धेरै चाँडो माथिल्लो तलामा पुग्दछौ। अन्यथा, तिमीले प्रत्येक खुड्कीलो चढ्न जानुपर्नेछ। हुनत दुवै प्रक्रियाद्वारा अन्त्यमा माथिल्लो तलामा पुग्न सकिन्छ तर एउटा ज्यादै ढिलो र अर्को ज्यादै चाँडो प्रक्रिया हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भक्तियोग भगवान् श्रीकृष्णका बारेमा श्रवण गरेर प्रारम्भ हुन्छ । त्यसको बारेमा भागवत्को अहिलेको श्लोकमा वर्णन गरिएको छ । भगवान् श्रीकृष्णका बारेमा निरन्तर श्रवण गर्नाले हृदयमा रहेका फोहोर प्रायः नष्ट हुन्छन् । **नष्ट प्रायेषु अभद्रेषु** (भागवत् १.२.१८) त्यसपछि मानिस विस्तारै भक्तिमय सेवामा अघि बढ्दछ अनि उसले रजो र तमो गुणलाई पार गरेर सत्त्व गुणको स्तरमा पुग्दछ । (**स्थितिम् सत्त्वे प्रसिदति**) जब तिमी सत्त्व गुणको स्थितिमा पुग्दछौं अनि तिमी लोभ, कामनाबाट मुक्त भएर तल्लो स्तरका रज र तम गुणको प्रभावबाट पनि मुक्त हुन्छौं ।

यो सम्पूर्ण विश्व काम र लोभको मानसिक उत्तेजनाबाट घुमिरहेको छ । जुन व्यक्ति प्रकृतिका तल्लो स्तरका गुणबाट प्रभावित छ, ऊ कहिल्यै पनि सन्तुष्ट हुँदैन- "मलाई धेरै देऊ, मलाई धेरै देऊ, मलाई धेरै देऊ ।" यसरी जति धेरै प्राप्त गरे पनि ऊ सन्तुष्ट हुँदैन । मानिसले सोच्दछ- " यदि मैले मेरो आम्दानी महिनाको एक हजार डलर बनाउन सकें म सन्तुष्ट हुने थिएँ ।" तर जब उसले एक हजार डलर प्राप्त गर्न थाल्दछ, फेरी एक लाख डलरको इच्छा गर्दछ । लखपतिहरू पनि सन्तुष्ट छैनन् । मैले पेरिसमा एउटा बुढो कामी पुरुष क्लव जाँदै गरेको देखेको थिएँ । त्यो क्लबमा प्रवेश गर्न पचास डलर भुक्तान गर्नुपर्दछ । त्यहाँ तिनले युवती र रक्सी पाउँदछन् । त्यो नै तिनीहरूको आनन्द हो । एकातिर तिनीहरू लाखौं डलर साथमा हुँदा पनि सन्तुष्ट छैनन् भने अर्कोतिर युवतीसँग मनोरञ्जन गर्न पनि चाहन्छन् । त्यो केवल लोभ र कामवासना हो ।

त्यसैले कृष्णभावनामृतमा आउने भनेको लोभ र कामवासनाबाट मुक्त हुनु हो । **चेत इतैर अनाविधम्** । **विधम्** भनेको प्वाल पार्नु वा छेड्नु हो । लोभ र कामनाले सधैं नै हृदयलाई घोच्ने र चिमोट्ने गर्दछन्– "आऊ मनोरञ्जन गर ।" तर यदि तिमी अलिकति पनि कृष्णचेतनामा अघि बढेको छौ भने त्यस्तो इच्छाले तिम्रो हृदयलाई व्यथित गर्दैन किनभने तिम्रो हृदय निर्मल भइसकेको हुन्छ ।

त्यसपछि तिमी सधैं प्रसन्न हुन्छौं । भगवद्गीता (१८.५४) मा भगवान् श्रीकृष्णले भन्नुभएको छ-

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङ्क्षति ।
समः सर्वेषु भूतेषु मद्भक्तिं लभते पराम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जसले कृष्णभावनामृतलाई साँच्चैमा अध्ययन गरेको छ, उसले बिरालो, कुकुर र मानवलाई समान भावले हेर्दछ। उसले शरीरको बाहिरी आवरणलाई हेर्दैन। उसले आत्मालाई हेर्दछ। "यो आत्मा हो", "यो भगवान् श्रीकृष्णको अंश हो" भन्ने उसले सोच्दछ। त्यो किसिमको सोचाइ नै विश्व भाइचाराको आधार हो। केवल संयुक्त राष्ट्र सङ्घमा प्रस्ताव अनुमोदन गर्दैमा भाइचाराको भावना हुँदैन। त्यो सम्भव नै छैन। तिमी आध्यात्मिक भावनाको धरातलमा आउनुपर्दछ अनि मात्र प्रेम, भाइचारा, समानता र बन्धुत्वको भावना उत्पन्न हुन्छ। अन्यथा ती सबै तथाकथित प्रचार मात्र हुन्छन्।

अन्त्यमा जुन व्यक्ति आध्यत्मिक धरातलमा आइपुग्दछ वा ब्रह्मभूत (भागवत् ४.२०.२०) को अवस्थामा आइपुग्दछ, उसले भगवान् श्रीकृष्णको शुद्ध भक्तिमय सेवालाई प्राप्त गर्दछ। **मद् भक्तिं लभते पराम्** (भगवद्गीता १८.५४)। अर्को शब्दमा भन्दा तिमी भगवान् श्रीकृष्णको सेवा गर्न समर्थ हुन्छौ अनि त्यो समय तिमीले गरेको सेवा भगवान् श्रीकृष्णले स्वीकार गर्नुहुन्छ। यो अवस्थाको बारेमा अरू विस्तृत वर्णन अब आउने श्लोकमा गरिएको छ। ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

15

भक्ति योग विज्ञान हो, भावुकता होइन

एवं प्रसन्नमनसो भगवद्भक्तियोगतः ।
भगवत्तत्त्वविज्ञानं मुक्तसङ्गस्य जायते ॥

जुन व्यक्ति अहैतुकी सत्त्व गुणमा अवस्थित हुन्छ, भगवान्‌को भक्तिमय सेवाको सम्पर्कमा आएपछि उसको मन उत्साहित हुन्छ । त्यसपछि उसले भगवान्‌को सकारात्मक वैज्ञानिक ज्ञान प्राप्त गर्दछ । त्यस अवस्थामा ऊ सम्पूर्ण भौतिक संसर्गबाट मुक्त हुन्छ ।

श्रीमद्भागवत् (१.२.२०)

भगवद्‌गीता (७.३) मा भनिएको छ हजारौं साधारण मानिसमध्ये केही भाग्यमानीले मात्र जीवनमा पूर्णता प्राप्त गर्नका लागि कार्य गर्दछन् । धेरैजसो मानिसहरू रज र तम गुणबाट सञ्चालित हुन्छन् । त्यसैले, तिनीहरू सधैं कामना, इच्छा, तीव्र उत्कण्ठा, अज्ञानता र निद्रामा संलग्न भइरहन्छन् । यस्ता धेरै पशुजस्ता मानिस मध्ये केही वास्तविक मानिस हुन्छन्, जसले जीवनमा पूर्णता प्राप्त गर्नका लागि आफूलाई तोकिएको कार्य गर्दछन् । यस्ता जीवनमा सफलता प्राप्त गरेका हजारौंमध्ये केहीले मात्र भगवान् श्रीकृष्णका बारेमा वैज्ञानिक तरिकाले जानेका हुन्छन् । भगवद्‌गीता (१८.५५) मा पनि भनिएको छ, भगवान् श्रीकृष्णका बारेको वैज्ञानिक ज्ञान केवल भक्तिमय सेवा (भक्ति योग) को प्रक्रियाबाट मात्र बुझ्न सकिन्छ ।

त्यही कुरालाई माथिका शब्दहरूले पुष्टि गरेका छन् । साधारण व्यक्ति वा जीवनमा सफलता प्राप्त गरेका व्यक्ति कसैले पनि भगवान्‌का बारेमा वैज्ञानिकताले वा पूर्णताले बुझ्न सक्दैनन् । जब मानिले आफू पदार्थबाट वनेको होइन र ऊ वास्तविक आत्मा हो भनेर बुझ्दछ अनि मात्र उसले मानव जीवनमा पूर्णता प्राप्त गर्दछ, जब उसले पदार्थसँग उसको कुनै सरोकार छैन भनेर बुझ्दछ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तत्काल उसले भौतिक वस्तुप्रतिको तीव्र उत्कण्ठालाई बन्द गर्दछ अनि ऊ आध्यात्मिक व्यक्ति भएर बाँच्दछ। जीवनको यो सफलता त्यससमय सम्भव हुन्छ जब ऊ रज र तम गुणभन्दा माथि उठ्दछ। अर्को शब्दमा भन्नुपर्दा वास्तवमा जब मानिस योग्यताले ब्राह्मण बन्दछ अनि मात्र सम्भव हुन्छ।

ब्राह्मण भनेको सत्त्व गुणको चिन्ह वा प्रतीक हो। अन्य जो सत्त्व गुणमा छैनन् उनीहरू क्षत्रिय, वैश्य, शूद्र वा शूद्र भन्दा तल्लो स्तरका हुन्। ब्राह्मणको स्तर भनेको मानव जीवनको सर्वोच्च अवस्था हो किनभने ब्राह्मणसँग असल गुण हुन्छन्। जबसम्म थोरै मात्रामा भएपनि ब्राह्मणका गुण हुँदैनन् तबसम्म मानिस भक्त बन्न सक्दैन। भक्तहरू कार्यले नै ब्राह्मण भइसकेका हुन्छन्। त्यो नै सम्पूर्णता भने होइन। माथि भने अनुसार ब्राह्मण वैष्णव बन्नु पर्दछ र वास्तवमा उनी सहि अर्थमा दिव्य अवस्थामा पुगेका हुन्छन्। एउटा शुद्ध वैष्णव मुक्त आत्मा हुन् र ब्राह्मणको अवस्थामा रहेर उनी दिव्य बन्दछन्। भौतिक अवस्थामा ब्राह्मण पनि बद्ध आत्मा हो किनभने उ ब्राह्मणको स्तरमा भएपनि र ब्रह्म वा दिव्यताको अनुभूति गरे पनि उसमा भगवान्को वैज्ञानिक ज्ञानको अभाव रहेको नै हुन्छ। त्यसैले, मानिसले ब्राह्मणको अवस्थालाई पार गरेर वासुदेवको अवस्थामा पुग्न पर्दछ र भगवान्को बारेमा जान्नुपर्दछ।

आध्यात्मिकताको मार्गमा लागेका स्नातकोत्तर तहका विद्यार्थीहरूलाई भगवान्का बारेको वैज्ञानिक ज्ञान अध्ययनको विषय हो। मूर्ख वा अल्पज्ञान भएको व्यक्तिले भगवान्लाई बुझ्न सक्दैन र उसले भगवान् श्रीकृष्णलाई आफ्नो कल्पनाअनुसार व्याख्या गर्दछ। सत्य के हो भने जबसम्म मानिस भौतिक गुणको सङ्क्रमणबाट मुक्त हुँदैन, ऊ ब्राह्मण नै भए पनि उसले भगवान्का बारेमा विज्ञानलाई बुझ्न सक्दैन। जब एउटा योग्य ब्राह्मण वास्तवमा वैष्णव बन्दछ र मुक्तिको अवस्थामा उत्साहपूर्वक पुगेको छ भने उसले वास्तवमा भगवान्का बारेमा जान्न सक्दछ।

भक्तियोग प्रक्रिया कुनै कल्पना वा मनगढन्त होइन, यो विज्ञान हो। यो श्लोकमा भनिएको छ– **भागवत् तत्त्व विज्ञानम्** (भागवत् १.२.२०) "जसले भगवान्का बारेको वैज्ञानिक ज्ञान प्राप्त गर्दछ।" गणितमा "दुईमा दुई जोडे चार हुन्छ" त्यो सधैं सत्य हो। तिमीले आफ्नो कल्पनाले पाँच बनाउन सक्दैनौ किनभने गणित विज्ञान हो र त्यो तिमी अमेरिका, भारत, बेलायत जहाँ गए पनि दुईमा दुई जोडे चार हुन्छ। गणितलाई सबैले स्वीकार गरेको पाउँछौ। त्यसरी नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिमीले आफ्नो मनोमानी अनुसार भगवान्को कल्पना गर्न सक्दैनौ । आजभोली धेरै मानिसले भन्दछन्– "तिमीले आफ्नो भगवान्को कल्पना गर, म मेरो भगवान्को कल्पना गर्दछु ।" अहँ हुँदैन, भगवान्का बारेमा कुनै पनि कल्पना गर्ने प्रश्न नै हुँदैन । यहाँ भनेजस्तै जुन व्यक्ति भौतिक सङ्गतबाट मुक्त छ, उसले मात्र भगवान्को वैज्ञानिक सत्यलाई बुझ्न सक्दछ । त्यस्तो व्यक्ति प्रकृतिको तल्लोस्तरको गुणभन्दा माथि उठेको हुन्छ । त्यसैले, ऊ प्रसन्न र ज्ञानले युक्त हुन्छ । (**प्रसन्न मनसः**) जबसम्म तिमी रज र तम गुणको नियन्त्रण अधिकार क्षेत्रमा हुन्छौं । तब सम्म प्रसन्न र ज्ञानले युक्त हुने प्रश्न नै उठ्दैन । त्यसैले तिमी शुद्ध सत्त्व गुणको स्तरमा आउनुपर्दछ ।

यस अधिको श्लोकमा भनिएको छ– **चेत एतैर अनाविद्धम् स्थितम् सत्त्वे प्रसिदाति** "जब हृदय रज र तम गुणबाट मुक्त भएर सत्त्वगुणमा स्थिर हुन्छ, अनि मानिस प्रसन्न हुन्छ ।" त्यससमय उसले बुझ्न सक्दछ, मानिस कति मूर्ख छ । ऊ भौतिक लाभका लागि कुकुर बिरालोजस्तै भएर कठीन परिश्रम गर्दछ । मानव जीवनको अर्थ भगवान्का बारेमा जान्न बुझ्नका लागि हो । (**अथातो ब्रह्मजिज्ञासा**) मूर्ख पशुले भगवान्लाई बुझ्न सक्दैन तर मानवले बुझ्न सक्दछ किनभने उसको चेतना विकसित हुन्छ ।

त्यसैले, आफ्नो विकसित चेतनाको लाभ लिएर तिमी सत्त्वगुणको स्तरमा उठ्नुपर्दछ । अनि प्रकृतिको अध्ययन गरेपछि मानिसले भौतिक आवश्यकता प्राप्त गर्नका लागि यति कठिन परिश्रम गर्नुपर्ने रहेनछ भन्ने देख्न सक्नेछौ । पशुपक्षीले आफ्नो आहार पाइरहेका छन् । मैथुन गरिरहेका छन् । आफ्नो तरिकाले आफ्नो सुरक्षा पाइरहेका छन् र सुत्नका लागि गुँड वा कुनै प्वाल पाइरहेका छन् । कमिलाले पनि यो सबै पाइरहेको छ । जब हामी बगैंचामा बस्दछौं, हामीले कमिलाको पनि आफ्नो परिवार, घर, आहार र अन्य सबै वस्तु आफ्नै भएको देखेका छौं । कमिलादेखि हात्तीसम्म सबैले आफ्ना जीवनका लागि आवश्यक वस्तु पाइरहेका छन् । त्यो सबै कसले प्रदान गरिरहेको छ ?

जुन व्यक्ति सत्त्व गुणमा स्थित छ उसले प्रश्न गर्दछ– "भगवान्ले चौरासी लाख योनिका सबैलाई जीवनका आवश्यक वस्तु प्रदान गरिरहनुभएको छ भने किन यी तथाकथित सभ्य मानव तिनै वस्तुका लागि यति सङ्घर्ष गरिरहेका छन् ? हाम्रो बौद्धिकता पशुको भन्दा उच्चस्तरको छ त्यसैले जीवनको लागि हुने सङ्घर्ष पनि उनीहरूको भन्दा हाम्रो कम हुनपर्ने हो । तैपनि त्यो धेरै नै छ । यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कस्तो सभ्यता हो ? यो सभ्यता नै होइन । सबैले शान्ति र स्थिरता चाहन्छन् तर आधुनिक मानव समाज भने जीवनका चार मूल आवश्यकता- खानु, सुत्नु, मैथुन र सुरक्षाका लागि दिन रात गधाले जस्तै गरेर कर्म गर्न बाध्य भएको छ । तैपनि ती सबै निश्चित भने छैनन् । मैले अमेरिका धनी देश हो । त्यसैले, त्यहाँका जनतालाई खाने, सुत्ने र अन्य समस्या छैनन् होला भन्ने सोच्दथे । तर, अमेरिकाले यस्तो सभ्यता सृजना गरेको छ, त्यहाँका केही वर्गका मानिसहरू बाटो वा उद्यानमा सुत्न बाध्य छन् तिनीहरूलाई आवश्यक वस्तु प्राप्य छैन, प्रशस्त आहार छैन र निश्चित वैवाहिक जीवन छैन । यस्तो तथाकथित सभ्यतामा मानिसहरू सधैँ अशान्त र पूर्ण चिन्तित रहन्छन्, अनि उनीहरूले कसरी भगवान्लाई बुझ्न सक्दछन् ।

भगवान्लाई बुझ्नका लागि प्रथमतः तिमी शान्त हुने स्थितिमा आउनुपर्दछ । त्यसपछि जब उसले भगवान्लाई बुझ्दछ अनि मात्र ऊ सदैव प्रसन्न (**प्रसन्न मनम्**) हुन्छ । भक्तियोगको अभ्यास गरेर मात्र मानिस प्रसन्न हुन सक्दछ । अन्य प्रक्रियाबाट हुन सक्दैन । यहाँ धेरै प्रकारका योगपद्धति छन्; जस्तै- कर्म योग, ज्ञान योग । ध्यान योग र हठ योग, जुनसुकै कार्य पनि आध्यात्मिक ज्ञान प्राप्तिको लागि हो भने त्यो एक प्रकारको योग नै हो तर वास्तविक योग भनेको भगवद्भक्ति योग अर्थात् भक्तिमय भगवान्को सेवा गर्नु नै हो । त्यसैले, भगवद्गीता (६.४७) मा भगवान् श्रीकृष्ण भन्नुहुन्छ ।

योगिनामपि सर्वेषां मद्गतेनान्तरात्मना ।
श्रद्धावान् भजते यो मां स मे युक्ततमो मतः ॥

"सबै योगीहरूमा जसले पूर्ण विश्वासका साथ ममा निष्ठा राख्दछ, आफूभित्र मेरो बारेमा सोच्दछ र दिव्य प्रेमले युक्त भएर मेरो सेवा गर्दछ– त्यस्तो व्यक्ति घनिष्ठता पूर्वक मसँग योगद्वारा जोडिन्छ । त्यो नै सर्वोच्च अवस्था हो । यो मेरो मत हो ।" त्यसैले, त्यो भक्त पहिलो स्तरको योगी हो, जसले आफ्नो हृदयमा भगवान् श्रीकृष्णको सदैव स्मरण गरिरहन्छ र **हरे कृष्ण हर कृष्ण कृष्ण कृष्ण हरे हरे, हरे राम हरे राम राम राम हरे हरे,** मन्त्रको जप र कीर्तन गरिरहन्छ । यो नै भगवद् भक्तियोग हो । जब भक्तले ठीकसँग प्रगति गर्दछ, सबै नियम र विधानको पालना गर्दछ, अनि कुनै दिन उसले भगवान्को सत्यताको बारेमा जान्दछ र प्रसन्न मन अर्थात् प्रवृद्ध बन्दछ अनि ऊ शोक र तीव्र इच्छाबाट मुक्त हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भगवान् त्यति सस्तो हुनुहुन्न । कुनै ठगले "आऊ म तिमीलाई भगवान्को दर्शन गराउँदछु तिमीले कुनै नियम, विधिको पालन गर्नुपर्दैन भन्दछ ।" जुन व्यक्तिले भगवान् सजिलै प्राप्त गर्न चाहन्छ, ऊ ठगिने स्वतःहुन्छ र त्यस्ता ठगहरू धेरै छन् र उनीहरूले यस्ता व्यक्तिबाट ठग्ने लाभ लिइहाल्दछन् । वास्तवमा भगवान्का बारेमा बुझ्ने प्रक्रिया विज्ञान हो । अनुमान गरौं कसैले भन्न सक्दछ– "मैले तिमीलाई रसायन विज्ञान एक सेकेण्ड वा क्षणमा नै सिकाउन सक्दछु, मलाई केही धन देऊ ।" वा "मैले तिमीलाई गणित एक क्षणमा नै सिकाउन सक्दछु, मलाई केही धन देऊ ।" के तिमी यस्तो असम्भव प्रस्ताव पत्याउँदछौ? त्यसो हो भने यस्ता दुष्ट मानिसलाई गलत निर्देशन गर्दै भगवान् सजिलै बुझ्न सक्दछौ भन्न कसरी अनुमति दियौ ? भक्तियोग विज्ञान हो भावुकता होइन ।

रूप गोस्वामीले हामीलाई आदेश दिनुभएको छ-

श्रुति स्मृति पुराणादि पञ्चरात्र विधिम् विना
ऐकान्तिकि हरेर भक्तिर उत्पातायैव कल्पते

भक्ति रसामृतसिन्धु (१.२.१०)

धेरै दुष्टहरूले वैदिक साहित्य र अन्य ईश्वर प्रदत्त शास्त्रको निर्देशनविना नै भगवान्लाई बुझ्न वा जान्न सकिन्छ भनेर देखावटी गर्दै समाजमा व्याकुलता उत्पन्न गरेका छन् । श्रुतिमा चार वेद र उपनिषद् छन् र स्मृतिमा भगवद्गीता र पुराणजस्तै श्रीमद्भागवत्, पञ्चरात्रजस्तै नारदपञ्चरात्र आदि छन् । भगवान्लाई बुझ्न सक्नु नै महान् विज्ञान हो । तिमीले कसरी ज्ञानले युक्त आधिकारिक पुस्तकको उपेक्षा गरी भगवान्लाई जान्न सक्ने आफ्नै प्रक्रियाको निर्माण गर्न सक्दछौ ?

त्यसकारण, कुनै पनि धर्म वैज्ञानिक र दार्शनिक विचारले भगवान्को जानकारी दिएसम्म त्यो धर्म केवल भावुकता मात्र हुन्छ, त्यो धर्म हुँदैन । धर्म पनि दर्शनरहित छ भने त्यो केवल मानसिक कल्पना मात्र हुन्छ । धर्म र दर्शन संयुक्त हुनुपर्दछ अनि मात्र हामीले वैज्ञानिक तरिकाले भगवान्को हुनुहुन्छ भनेर वुझ्न सक्दछौं, त्यसरी नै भगवान्सँग हाम्रो के सम्बन्ध छ ? भगवान्प्रति हाम्रा कर्तव्य के छन् ? आदि पनि बुझ्न सक्दछौं ।

श्रीमद्भागवत्को प्रारम्भदेखि नै यस्ता तथाकथित ठग धर्मलाई लात हनिएको छ र वर्तमान भागवत् ... वास्तविक भगवान्सम्बन्धी विज्ञानलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वीकार गरिएको छ । यो विज्ञानको अध्ययन गरिनुपर्दछ । त्यसको अभ्यास गरिनुपर्दछ । हामीले त्यही वैज्ञानिक बुझाइलाई कृष्णभावनामृतको रूपमा प्रस्तुत गरेका छौं । यो विज्ञान भावुकतावादीका लागि होइन, यो गम्भीर भएर आफ्नो जीवन पूर्णता तर्फ लैजानेहरूका लागि हो ।

पूर्णतामा पुग्न र भगवान् श्रीकृष्णलाई बुझ्न वा जान्न त्यति सजिलो छैन । त्यसैले, भगवद्गीता (७.३) मा भगवान् श्रीकृष्णले भन्नुभएको छ ।

मनुष्याणां सहस्रेषु कश्चिद् यतति सिद्धये ।
यततामपि सिद्धानां कश्चिन्मा वेत्ति तत्त्वतः ॥

"हजारौं मानिसमध्ये केहीले मात्र सिद्धि पाउन प्रयत्न गर्दछन् । जसले सिद्धि प्राप्त गऱ्यो तीमध्ये केहीले मात्र कठिनताले मेरो सत्यताका बारेमा जान्दछन् ।" तैपनि भगवान् श्रीकृष्णले यस युगका पतित आत्मालाई यति अनुकम्पा गर्नुहुन्छ । त्यसैले, उहाँ स्वयं भगवान् चैतन्यको रूपमा अवतरित भएर आफूलाई सर्वत्र वितरण गर्नुभएको छ । त्यो नै उहाँको विशेष अधिकार हो । यदि भगवान् श्रीकृष्णले आफू स्वयंलाई निःशुल्क वितरण गर्नु चाहनुभयो भने त्यो उहाँको अधिकार हो । त्यसपछि सबै प्रक्रिया ज्यादै सरल र सजिलो भइहाल्दछ । अन्यथा भगवान् श्रीकृष्णलाई बुझ्न त्यति सजिलो हुँदैन । उदाहरणका लागि- लाखौं डलर आम्दानी गर्न सजिलो छैन तर यदि तिमी भाग्यमानी छौ र कुनै यस्तो व्यक्तिलाई भेट्यौ जसले तिमीलाई लाखौं डलर दियो भने त्यो भिन्दै कुरा भयो ।

त्यसैले, रूप गोस्वामीले भगवान् चैतन्यको दानशील वा वदान्य अवतारको प्रशंसा गर्दै भन्नुभएको छ–

नमो महावदान्याय कृष्णकृपा प्रदायते ।
कृष्णाय कृष्ण चैतन्यनाम्ने गौर तुषे नमः ॥

"म भगवान् श्रीकृष्ण चैतन्यलाई सादर प्रणाम गर्दछु । उहाँ अन्य अवतार र भगवान् श्रीकृष्ण स्वयंभन्दा पनि उदार हुनुहुन्छ किनभने उहाँले त्यस्तो शुद्ध कृष्ण प्रेम निःशुल्क कृपापूर्वक सबैलाई प्रदान गर्नुभयो ।" यदि हामी रूप गोस्वामीका चरणचिन्हको अनुसरण गऱ्यौं भने हामीले भगवान् चैतन्यलाई बुझ्न सक्दछौं । यदि हामीले भगवान् चैतन्यको कृपा प्राप्त गर्न सक्यौं भने हामीले भगवान् श्रीकृष्णलाई सजिलै बुझ्न सक्दछौं । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

16

कहिले भगवान् श्रीकृष्णरूपी सूर्य हृदयमा उदाउँला

भिद्यते हृदयग्रन्थिश्छिद्यन्ते सर्वसंशयाः ।
क्षीयन्ते चास्य कर्माणि दृष्ट एवात्मनीश्वरे ॥

हृदयमा रहेको गाँठोलाई छेडेर सबै खराब विचारहरूलाई टुक्रा-टुक्रा पार्नुपर्दछ । त्यसपछि उसले आफूलाई ईश्वर भनेर देख्दछ र कर्मफल सँगको सम्बन्ध तोडिदिन्छ ।

श्रीमद्भागवत् (१.२.२१)

भगवान्का वारेको वैज्ञानिक ज्ञान प्राप्त गर्नु भनेको आफूले आफूभित्र आफूलाई देख्नुसरह नै हो । जहाँसम्म प्राणीको परिचय एउटा आत्मा स्वयंसँग सम्बन्धित छ, त्यसबारेमा धेरै कल्पना र अर्थहरू छन् । भौतिकवादीहरू आत्माको अस्तित्वमा विश्वास गर्दैनन् । अनुभव सिद्ध दार्शनिकहरू आत्माको निराकार अवस्था, जसको एकत्व अस्तित्व छैन भन्ने कुरामा विश्वास गर्दछन् तर परमतत्त्ववादीहरू भने आत्मा र परमात्मा दुई फरक अस्तित्व हुन र तिनीहरू गुण र परिणाममा भिन्न छन् भनेर दृढतापूर्वक स्वीकार गर्दछन् । यस्ता धेरै सिद्धान्त वा वादहरू छन् तर यस्ता विभिन्न कल्पनाहरू सबै भगवान् श्रीकृष्णको सत्यताको बारेमा भक्तियोगको प्रक्रियाबाट अनुभूति गरेपछि हराउँदछन् । भगवान् श्रीकृष्ण सूर्य समान हुनुहुन्छ । परम सत्यका बारेको भौतिक कल्पनामध्ये रात्रीको अन्धकार जस्तै हो । जब भगवान् श्रीकृष्णरूपी सूर्य कसैको हृदयमा उदाउनुहुन्छ, तब परम् सत्यका बारेमा जुन भौतिक कल्पना छ, त्यो सफा हुन्छ वा नष्ट हुन्छ । सूर्यको उपस्थितिमा जसरी अन्धकार रहन सक्दैन, त्यसरी नै अन्धकारको अज्ञानतामा हराएको सत्यता पनि सबैका हृदयमा परमात्मा स्वरूप विराजमान भगवान् श्रीकृष्णको कृपाले उजागर हुनुहुन्छ ।

भगवद्गीता (१०.११) मा भगवान्ले भन्नुभएको छ– आफ्ना शुद्ध भक्तको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हृदयमा रहेको अन्धकाररूपी सबै फोहोर सफा गर्न वा नष्ट गर्नका लागि भक्तको हृदयमा रहेको शुद्ध ज्ञानको ज्योति स्वयं आफैंले बलि दिनुहुन्छ। त्यसैले, जब भगवान् स्वयंले भक्तको हृदयमा प्रकाशित गर्ने जिम्मा लिएपछि त्यो भक्त निश्चय नै भगवान्को दिव्य प्रेमले युक्त सेवामा लाग्दछ। त्यसैले, त्यस्तो भक्त अन्धकारमा रहन नै सक्दैन । उसले परम् र उहाँका सम्वन्धित सबै सत्यका बारेमा जान्दछ । भक्त अन्धकारमा रहन नै सक्दैन किनभने ऊ भगवान्द्वारा प्रवुद्ध बनाइएको हुन्छ । त्यसैले, उसको ज्ञान पूर्ण हुन्छ । तर, यस्तो अवस्था ती भगवान्का बारेमा आफ्नो अल्प शक्तिको पहुँचले कल्पना गर्नेका लागि होइन । पूर्ण ज्ञान भनेको परम्परा हो, जुन ज्ञान प्रामाणिक सेवा र शरणागतिद्वारा जसले आफू भन्दा माथिका परम्परा रहेका आधिकारिक व्यक्तिबाट विनम्रता पूर्वक प्राप्त गर्दछ। कसैले पनि आफूभन्दा माथिको आधिकारीलाई चुनौती दिन सक्दैन र एकै पटकमा उहाँलाई जान्न सक्दैन । उहाँ यस्ता चुनौती दिने पूर्णका सानो झिल्को रूपी व्यक्तिका अघि उजागर हुने नहुने भन्ने अधिकार सुरक्षित राख्नुहुन्छ, किनभने त्यो झिल्कोलाई भ्रामक शक्तिले नियन्त्रणमा राखेको हुन्छ । भक्तहरू विनम्र हुन्छन् । त्यसैले, त्यो दिव्य ज्ञान भगवान्बाट ब्रह्ममा, ब्रह्माबाट उहाँका छोराहरूमा र अन्य शिष्य परम्परा हुँदै आएको हो। परमात्माले ती भक्तहरूका लागि यो प्रक्रियालाई सहयोग गर्नुभएको हो। दिव्य ज्ञानको अध्ययन गर्ने यो नै पूर्ण मार्ग हो।

यस्तो पूर्ण ज्ञानले युक्त भक्तले आत्मा र पदार्थ बीचको अन्तर जान्न सक्दछ किनभने आत्मा र पदार्थ बीचको गाँठो खोल्ने कार्य भगवान्ले गर्नुहुन्छ । यो गाँठोलाई अहंकार भनिन्छ र यसले मानिसलाई 'म पदार्थ हूँ' भन्ने झुटो परिचय दिन बाध्य गराउँदछ । जब यो गाँठो खोलिन्छ, तत्काल शङ्काका बादल नष्ट भएर सफा हुन्छ । जब भक्त आफ्नो गुरुलाई देख्दछ र भगवान्को दिव्य प्रेमले युक्त सेवामा आफूलाई संलग्न गराउँदछ अनि उसले कर्मफलको बन्धनलाई चुँडाल्दछ। भौतिक अवस्थामा प्राणीले आफ्नो कर्मफलको बन्धन आफैंले निर्माण गर्दछ। त्यसबाट प्राप्त हुने असल र खराब प्रतिफललाई एउटा जीवनपछि अर्को जीवनमा आनन्द लिइरहन्छ। जब ऊ भगवान्को दिव्य प्रेमले युक्त सेवामा संलग्न हुन्छ अनि ऊ तुरुन्त कर्मको बन्धनबाट मुक्त हुन्छ। उसका कार्यहरूले प्रतिफल दिन छोड्दछन् ।

यो अवस्था नै सम्पूर्ण मुक्तिको अवस्था हो। यसअघिको श्लोकमा भनिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

भागवत् तत्त्व **विज्ञानम् मुक्त सङ्गस्य जयते** (भागवत् १.२.२०) यसको अर्थ भगवान्सम्वन्धी विज्ञान वा परमसत्यको विज्ञान मुक्त आत्मामा प्रकट हुन्छ। कहिलेकाहीँ कुनै भक्तले आफूलाई महान् भक्त र आध्यात्मिक विषय वुझ्न निकै अघि रहेको देखाउँदछ तर चुरोट पिउन भने छोड्न सक्दैन। त्यसको अर्थ त्यो मुक्त भएको होइन। यदि कुनै व्यक्तिले वास्तवमा आध्यात्मिक जीवनको स्वाद चाखेको हुन्छ भने उसको भौतिक वस्तुतर्फको आसक्ति शून्यमा झर्दछ। यो नै वास्तविक मुक्तिको लक्षण हो।

यो श्लोकको पहिलो भनाइ – **विद्यते हृदय ग्रन्थि**- "भगवान्का बारेमा सत्यतापूर्वक जान्नुले नै हृदयको गाँठोलाई काट्दछ।" भौतिक जीवनको प्रारम्भ नै हृदयको बलियो गाँठोबाट हुन्छ, जसलाई मैथुनको कामना भनिन्छ एउटा पूरुष महिलातर्फ र एउटा महिला पुरुषतर्फ आकर्षित हुन्छिन् अनि उनीहरू दुईको आसक्ति बढ्दछ र उनीहरूको भौतिक जीवन प्रारम्भ हुन्छ। यस्तो केवल मानव समाजमा मात्र होइन, पशुको समाज, पक्षीको समाज, कमिलाको समाजमा पनि हुन्छ र तिमीले यस्तो मैथुनप्रतिको आकर्षण देख्न सक्दछौं। यो नै हृदयग्रन्थिको पहिलो अवस्था हो।

त्यसैले, वैदिक सभ्यतामा विद्यार्थीका लागि पहिलो शिक्षा नै ब्रह्मचर्यमा बस्नु पर्ने हुन्थ्यो। मैथुन जीवनबाट अलग बस्न सजिलो छैन। त्यसका लागि तपस्याको तालिम आवश्यक हुन्छ। कसरी मन र इन्द्रियलाई नियन्त्रणमा राख्ने हो भनेर अभ्यास गर्नुपर्दछ। अहिले तपस्याको अभ्यास गराउने कुरै छैन। बरू विश्वविद्यालयका विद्यार्थीहरूलाई विभिन्न प्रकारका विलासिता प्रदान गरिन्छ। विशेष गरेर पाश्चात्य देशमा युवा युवतीलाई सँगसँगै अध्ययन गराइन्छ र कतै एउटै भवनमा नै बस्ने व्यवस्था गरिन्छ। त्यसो भएर त्यहाँ ब्रह्मचर्यको प्रश्न नै भएन। त्यसैले, तिनीहरूको मैथुनको कामनाको गाँठो अति बलवान् भएर आउँदछ र एक अर्कामा त्यो हृदयको बन्धन अझ बढी सुदृढ हुँदै जान्छ।

त्यसैले, मैथुनको कामनाको गाँठो र हृदयमा रहेको अन्य विषयको गाँठो काट्नका लागि दुई समानान्तर पद्धतिको अनुसरण गर्नुपर्दछ– एउटा मानिसले कृष्णभावनामृतको विकास गर्नुपर्दछ भने अर्को उसले आफ्ना नराम्रा स्वभावहरू त्याग्ने प्रयास गर्नुपर्दछ। यदि अघि बढ्ने इच्छा छ भने यी दुवै पद्धति अपनाउनुपर्दछ। उदाहरणको लागि यदि कुनै व्यक्ति रोगी छ भने चिकित्सकले उसलाई केही औषधी दिन्छ र सँगसँगै उसलाई के खान हुने र के खान नहुने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि निर्देश गर्दछ। यो नै निश्चित उपचारको विधि हो। रोगीले खानेकुरा मनपरी खाने अनि केवल औषधी मात्र खाने हो भने के ऊ रोग मुक्त होला ? त्यसै गरेर, तिमी मनपरी कार्य गर्ने अनि केवल हरे कृष्ण मन्त्र जपेर आध्यात्मिक विकास गरौंला भनेर सोच्नु मूर्खता हो। तिमीले केही अफठ्यारो भए पनि स्वेच्छाले तपस्याको अभ्यास गर्नुपर्दछ। उदाहरणका लागि हामीले हाम्रा कृष्णभावनामृतमा प्रत्येकले – अवैध यौन सम्बन्ध, मांसाहार, नशा सेवन र जुवातास खेल्न छोड्नुपर्दछ भनेर निर्देशन गरेका छौं। त्यो सँगै हाम्रा सबै विद्यार्थीहरू बिहान सबेरै (विहान चार वजे भन्दाअघि) उठ्नुपर्दछ, मङ्गल आरतीमा संलग्न हुनपर्दछ र वैदिक शास्त्रको अध्ययन गर्नुपर्दछ। यी सबै तपस्या हुन र हामीले स्वेच्छाले आफूलाई मन पर्ने वस्तुको त्याग गर्नुपर्दछ र मन नपर्ने वस्तुलाई स्वीकार गर्नुपर्दछ। निश्चय नै यदि कुनै व्यक्तिले कृष्णभावनामृतलाई गम्भीरता पूर्वक स्वीकार गर्दछ भने भगवान् श्रीकृष्णले उसलाई यी सबै कार्यप्रति योग्य बन्न सहायता गर्नुहुन्छ।

यो श्लोकको दोस्रो भनाइ– **छिद्यन्ते सर्व संसया-** सबै शङ्काहरू काटिएर टुक्रा हुन्छन्।" जुन व्यक्ति कृष्णभावनामृतमा अघि बढेको छैन, उसमा धेरै शङ्काहरू हुन्छन्। उसमा 'म आत्मा हूँ' शरीर होइन भन्ने विषयमा पनि शङ्का हुन्छ। तर, जब ऊ भगवान्का विज्ञानका विषयमा निपुण हुन्छ उसका सबै शङ्काहरू हटेर जान्छन् र उसले निश्चिततापूर्वक- "म आत्मा हूँ र भगवान् श्रीकृष्णको नित्य दास हूँ" भन्ने जान्दछ।

भागवत्मा भनिएको छ– **क्षियन्ते चास्म कर्माणी-** "कर्मका फल र प्रतिफलको क्रमलाई भंग गर्ने।" हामी हाम्रा कर्मफलको प्रतिफलका कारणले नै यस भौतिक अवस्थामा बाँधिएका छौं। तिम्रा पूर्वकर्मको प्रतिफलले तिमीले अहिले यो शरीर प्राप्त गरेका छौ, त्यसरी नै अहिले जे कार्य गरिरहेको छौ, त्यसले तिमीले तिम्रो अर्को जन्मको शरीर तयार गरिरहेका छौ। सम्पूर्ण मानव जातिमा केही समान तत्वहरू छन्– दुई हात, दुई गोडा, एउटा शिर- तर सबैका शरीर भिन्न छन् किनभने सबैका कर्म भिन्दाभिन्दै छन्। त्यसैले हामीले यस्तो कर्म गर्न रोक्नुपर्दछ। भगवद्गीता (३.९) मा भगवान् श्रीकृष्णले भन्नुभएको छ।

यज्ञार्थात् कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धनः ॥
तदर्थं कर्म कौन्तेय मुक्तसङ्गः समाचर ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिमीले केवल भगवान् श्रीकृष्णका लागि कार्य गर अनि मात्र तिमी कर्मको बन्धनमा बाँधिने छैनौ । अन्यथा, साधारण सोचाइले तिम्रा कार्य असल वा खराब जे भए पनि कर्मको प्रतिफलमा बाधिने छौं ।

त्यसैले, जुन व्यक्ति वास्तवमा भगवान् श्रीकृष्णको भक्तिमय सेवामा स्थिर छ, ऊ सबै प्रकारका भौतिक बन्धनबाट मुक्त हुन्छ तर जब तिमी भगवान्का भक्तिमय सेवाबाट विमुख हुन्छौं, तब भगवान् श्रीकृष्णको माया शक्तिले तिमीलाई तुरुन्त समाइहाल्छ । श्री चैतन्य महाप्रभुले यस सन्दर्भमा चैतन्य चरितामृतमा (मध्य २२.३१)पूर्ण समानता दिनुभएको छ ।

कृष्ण सूर्य-सम माया हय अन्धकार ।
जहाँ कृष्ण तहाँ नाहि मायार अधिकार ॥

"स्वर्गका राजा इन्द्रदेखि सानो कमिलालाई इन्द्रगोप भनेर जानिन्छ । यी सबै आफ्ना कर्मको फलअनुसार आनन्द वा दु:खको अनुभव गर्दछन् । तर, भक्तको कर्मफलको प्रतिफल भने भगवान् स्वयंले डढाइदिनुहुन्छ ।

जसरी तिम्रो योग्यता छ भने तिमी सर्वोच्च अदालतको न्यायाधीश बन्न सक्दछौं, त्यसरी नै तिमीले आवश्यक पुण्य कार्यहरू गऱ्यौ भने तिम्रो स्वर्गको राजाको पदमा पदोन्नति हुन सक्दछ । सबै महान् देवताहरू- इन्द्र, चन्द्र, सूर्य, ब्रह्मा, उहाँहरू सबैले आफ्ना महान् पुण्य कर्मको फलको रूपमा त्यो पद प्राप्त गर्नुभएको हो । त्यसै गरेर सुँगुर, कुकुर र अन्य पशुहरूले आफ्ना पापकर्मको फलले गर्दा त्यस्तो दु:खदायी शरीर पाएका हुन् । प्रत्येकले आफ्नो कर्मको प्रतिफल अनुसार आनन्द र दु:ख भोगिरहेका छन् । यसरी, यस भौतिक जगत्सँग बाँधिएका छन् । यो बुझ्न ज्यादै सजिलो छ तर **कर्माणि निर्दहति किन्तु च भक्ति भजम् ।** (ब्रह्मसंहित ५.५४) जसले भक्तिमय सेवासहित कृष्णभावनामृत अपनाएको छ, उसका कर्म सबै ड्ढदछन् । अर्को शब्दमा भन्दा भगवान् श्रीकृष्णका भक्तका लागि कर्मका प्रतिफल हुँदैनन् । यदि तिमीले केराउ जमिनमा छऱ्यौ भने त्यसबाट बिरूवा उम्रन्छ तर यदि त्यही केराउ भुटेर जमिनमा छरेमा त्यसबाट केही पनि उम्रदैन । हामीले हाम्रा कर्मफल भक्तिमय सेवाद्वारा भुट्दछौ वा नष्ट गर्दछौ, त्यसैले हाम्रा क्रियाकलापले आफ्ना कर्मका प्रतिफललाई नष्ट गर्दैनन् । जबसम्म तिमीले पूर्णरूपले आफ्ना कर्मका प्रतिफललाई नष्ट गर्दैनौ, तबसम्म तिम्रो आध्यत्मिक जगत्का लागि स्तर वृद्धि हुँदैन । अर्को शब्दमा भन्दा जबसम्म तिमीले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्मफलका लागि निरन्तर कार्य गर्दछौं तबसम्म तिमीले जन्म मृत्यु र कुनै न कुनै प्रकारको शरीर स्वीकार गरिरहनुपर्दछ । त्यसैले भगवान् ऋषभदेवले श्रीमद्भागवत् पाँचौ अध्यायमा भन्नुभएको छ–

नुनाम् पुमत्तः कुरुते विक्रम
यदइन्द्रिय प्रितय आप्रोनिति

"जसलाई आत्माको बारेमा ज्ञान नै छैन, तिनीहरू पागलजस्तै भएर भौतिक क्रियाकलापका पछि लागिरहन्छन् । त्यसकारण, तिनीहरू इन्द्रियतृप्तिका लागि विभिन्न प्रकारका पापमय क्रियाकलाप गर्दछन् । त्यस्ता कर्महरू अपवित्र हुन्छन् र त्यस्तो कर्मले मानिसलाई अर्को जन्ममा घृणित शरीर स्वीकार गर्न बाध्य गर्दछ ।"

भक्तका लागि कुनै कर्म हुँदैन । त्यसैले उसका लागि अन्य कुनै भौतिक शरीर धारण गर्नुपर्ने हुँदैन । भगवद्गीता (४.९) मा भगवान् श्रीकृष्णले यो कुराको सारलाई यसरी पुष्टि गर्नुभएको छ : **त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति** । भक्तले वर्तमान शरीर त्याग गरेपछि उसले अर्को भौतिक शरीर धारण गर्नुपर्दैन, उसले आध्यात्मिक शरीर प्राप्त गरेर आफ्नो घर फर्कन्छ, भगवान्को धाम फर्कन्छ ।

यस्तै विचार भगवान्को यस श्लोकमा पनि वर्णन गरिएको छ– **क्षियन्ते चास्य कर्माणी दृष्ट इमात्मनिश्वरे**- सबै प्रकारका कर्मका प्रतिफलबाट मुक्त भक्तलाई भगवान्सँगको आफ्नो सम्बन्धको पूर्ण अनुभूति हुन्छ र उसले "म भगवान् श्रीकृष्णको नित्य दास हूँ" भन्ने सोचेको हुन्छ । उसलाई आफ्नो वास्तविक परिचयको अनुभूति हुन्छ । त्यसैले ऊ शुद्ध भक्तिमय सेवामा संलग्न रहिरहन्छन् । यो नै जीवनको पूर्णता हो । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लेखक परिचय



श्री श्रीमद् ए.सी. भक्तिवेदान्त स्वामी प्रभुपादको जन्म सन् १८९६ मा भारतको कलकत्तामा भयो । सन् १९२२ मा उहाले आफ्ना गुरुदेव श्रीभक्ति सिद्धान्त सरस्वती गोस्वामीलाई कलकत्तामा पहिलो पटक भेट्नु भयो । श्रीभक्ति सिद्धान्त सरस्वती गोस्वामी त्यससमय भारतभरी चौसठ्ठी गौडीय मठ-मन्दिरहरू स्थापना गरी अत्यन्त चर्चित, सुप्रसिद्ध विद्वान तथा महाभागवतको रूपमा परिचित हुनुहुन्थ्यो । उहाले तत्कालीन सुशिक्षित युवा अभय चरण (स्वामी प्रभुपाद) लाई अत्यन्त मन पराउनु भयो । त्यही पहिलो भेटमा सरस्वती गोस्वामीले अभय चरणलाई वैदिक सनातन धर्मको शाश्वत सन्देश विश्वमा सर्वत्र प्रचार-प्रसार गर्न प्रेरणा प्रदान गर्नु भएको थियो । अभय चरण त्यसरी सरस्वतीपादका अनुयायी बने र एघार वर्ष विते पछि सन् १९३३ मा तीर्थराज प्रयागको अलाहावाद नगरीमा उनले सरस्वतीपादको करकमलबाट दीक्षा ग्रहण गरे ।

सन् १९२२ को पहिलो भेटमै श्रीभक्ति सिद्धान्त सरस्वती गोस्वामीबाट अंग्रेजी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भाषामा वैदिक सनातन धर्मको शाश्वत सन्देश प्रचार-प्रसार गर्ने सत्प्रेरणा पाएको हुदा पछिल्ला वर्षहरूमा श्रील प्रभुपादले भगवद्गीतामा विशद् भाष्य लेख्ने काम सम्पन्न गर्नुका साथै गौडीय मठको प्रचार-प्रसार कार्यक्रममा यथासक्य सहयोग गर्नुभयो । सन् १९४४ मा उहाँ एक्लैले अंग्रेजी पाक्षिक भगवद् दर्शन ९द्यबअप त्य न्यम ज्भवम० पत्रिकाको प्रकाशन आरम्भ गर्नुभयो । उहाँले नै पाण्डुलिपि टङ्कन, परिमार्जन एवं सम्पादन गर्नुका साथै ती पत्रिकाहरू निःशुल्क वितरण गरिए पनि प्रकाशनलाई निरन्तरता दिनु भयो ।

श्रील प्रभुपादको विद्वता र भक्तिभावको सहर्ष सराहना गर्दै सन् १९४७ मा गौडीय वैष्णव समाजले उहालाई "भक्तिवेदान्त" उपाधिद्वारा सम्मानित गऱ्यो । सन् १९५० तिर श्रील प्रभुपाद चौवन्न वर्ष पुगिसक्नु भएको थियो र उहाँले त्यही वर्ष गृह-त्याग गरी अनन्यभावमा भगवद्सेवा गर्ने दृढ संकल्प गर्नु भयो । घर-परिवार छोडेको चार वर्ष बितीसके पछि वानप्रस्थ धारण गरी स्वाध्याय, साधना तथा लेखन कार्यमा बढी समय सदुपयोग गर्ने उद्देश्यअनुरूप उहाँ श्रीकृष्णको पावन लीलास्थली श्रीधाम वृन्दावन तर्फ लाग्नु भयो । श्रीवृन्दावन धाम स्थित ऐतिहासिक राधा-दामोदर मन्दिरको सानो कोठा उहाँको नयाँ निवास बन्यो । राधा-दामोदरजीको सान्निध्यमा रहेका सानो कोठा भित्र श्रील प्रभुपाद केही वर्षसम्म गहिरो चिन्तन-मनन, स्वाध्याय तथा लेखन कार्यको अनन्त यात्रामा व्यस्त रहनुभयो । अनि सन् १९५९ मा उहाले आश्रम-धर्मको सर्वोच्चता मानिने सन्यास आश्रम ग्रहण गर्नु भयो । राधा-दामोदर मन्दिरको सानो कोठामा रहदा श्रील प्रभुपादले 'अन्य लोकहरूको सजिलो यात्रा' नामक'सानो पुस्तक लेख्नु भएको थियो र त्यही कोठामा बसेर उहाँले वैदिक वाङ्मय रूपी कल्पवृक्षमा पाके मिठो फल मानिने अट्ठार हजार श्लोकीय श्रीमद्भागवत ग्रन्थको अंग्रेजी सरलार्थ तथा भावार्थ समेत प्रस्तुत गर्दै बहुखण्डमा भागवत ग्रन्थ तयार पार्ने शुभ कार्य थालनी गर्नुभयो ।

श्रीमद्भागवत्को तीन खण्ड प्रकाशन गरेपछि सन् १९६५ मा श्रील प्रभुपाद आफ्ना गुरुदेवको सदिच्छा पूरा गर्न संयुक्त राज्य अमेरिका आउनु भयो । त्यसपछि श्रील प्रभुपादले भारतीय धर्म-दर्शनको गुढ मर्मलाई आजका मानिसहरूले बुझ्ने गरी करिब असी खण्डमा समयसापेक्ष एवं आधिकारिक अनुवाद र भाष्य सहितको ग्रन्थहरू लेख्नु भयो । मालबाहक पानी जहाजमा दुई महिना लामो यात्रा गरेर न्यूयोर्कमा आईपुग्दा, भनिन्छ श्रील प्रभुपाद अकिञ्चनप्राय: बनिसक्नु भएको थियो-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

उहाको साथमा दुई-चार डलर पनि थिएन । तर यस्तै आकाशवृत्तिमा रहेर पनि निकै आर्थिक कठिनाईहरूको सामना गर्दै लगभग एक वर्ष बिताई सकेपछि सन् १९६६ को जुलाई महिनामा उहाले अन्तर्राष्ट्रिय कृष्णभावनामृत संघ स्थापना गर्नु भयो । सन् १९७७ को नभेम्बर १४ मा उहाँको परमपद हुन अघिका दिनहरूसम्म उहाँकै सक्षम मार्गदर्शनमा संस्थाद्वारा सञ्चालित विश्वव्यापी कृष्णभावनामृत अभियान हुर्क्यो, बढ्यो र परिपुष्ट बन्यो । अत्यन्त छोटो समयमा नै उहाँको कुशल नेतृत्वमा वैदिक सभ्यता र संस्कृतिको इतिहास बोकेका एउटा विश्व संस्था संगठित् भयो, जसमा १०८ भन्दा बढी मन्दिर, आश्रम, विद्यालय र कृषि फार्महरू आज हजारौं दर्शनार्थीहरूको दर्शनीय स्थल बन्न पुगेका छन् ।

सन् १९६८ मा श्रील प्रभुपादले वेष्ट भर्जिनियाको पहाडी भेगमा नव वृन्दावन धामको परिकल्पना गर्नुभयो । हाल आठ हजार रोपनी (एक हजार एकड) को भू-भागमा स्थापित उक्त नव वृन्दावन कृषि समुदायको सफलतालाई दृष्टिगत गरी उहाँका शिष्यहरूले संयुक्त राज्य अमेरिका लगायत अन्यत्र पनि यस्तै अनेकौ समुदायहरू खोलेका छन् ।

सन् १९७५ मा श्रील प्रभुपादको नित्य-निवास मानिने श्रीधाम वृन्दावन भारतमा श्रीश्रीकृष्ण-बलराम मन्दिर तथा अन्तर्राष्ट्रिय अतिथि गृहको समुद्घाटन भयो । सन् १९७८ मा बम्बै जुहुस्थित श्रीश्रीराधा-रासबिहारीजी मन्दिरको समुद्घाटन सम्पन्न भयो । श्रील प्रभुपादले परिकल्पना गर्नु भएको सबभन्दा ठूलो परियोजना पश्चिम बङ्गाल मायापुरको मन्दिर परियोजना हो, जहा पचास हजार भन्दा बढी स्थानीयवासी भक्तजनहरूको बसोबास हुने वैदिक नगरी निमार्ण गर्ने अवधारणा रहेको छ । उक्त परियोजना अन्तर्गत स्वर्ग, मर्त्यादि लोक-लोकान्तर साथै वैकुण्ठ लोकहरूको परिदृष्य समेत प्रस्तुत हुने 'टेम्पल अफ वैदिक प्लानेटेरियम'- श्रीश्री मायापुर चन्द्रोदय मन्दिर प्राचीन वैदिक समुदायको मुकुटमणिको रूपमा रहने छ ।

श्रील प्रभुपादले पाश्चात्य मुलुकमा पनि प्राथमिक तथा माध्यामिक तहको वैदिक शिक्षा पद्धतिको सूत्रपात गर्नुभयो । गुरुकुल विद्यालय परियोजना सन् १९७२ बाट सुरु भएको हो तैपनि हाल विश्वमा सैयौं गुरुकुल विद्यालयहरूमा हजारौं विद्यार्थी वटुकहरू अध्ययनरत रहेका छन् ।

(International Society for Krishna Consciousness)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रील प्रभुपादको सबैभन्दा उल्लेख्य योगदान हो उहाँका ग्रन्थहरू । विद्वद् समुदाय भित्र ती ग्रन्थहरूको प्रामाणिकता, स्पष्टता र गहनतालाई अत्यधिक रूपमा कदर गरिएको छ र कतिपय महाविद्यालय र विश्व विद्यालयहरूमा त तिनलाई नियमित पाठ्यक्रममा समावेश गरिएका छन् । श्रील प्रभुपादका ती कृतिहरू हाल अस्सी भन्दा बढी विश्वभाषाहरूमा रूपान्तरित भएका छन् । श्रील प्रभुपादका कृतिहरू प्रकाशन गर्ने उद्देश्यअनुरूप सन् १९७२ मा स्थापित भएको 'भक्ति वेदान्त बुक ट्रष्ट' आज भारतीय धर्म-दर्शन सम्बन्धी पुस्तकहरू प्रकाशन गर्ने सबभन्दा ठूला प्रकाशक बन्न पुगेको छ । वयोबृद्धावस्थामा पुगिसकेर पनि श्रील प्रभुपादले बाह्र वर्ष भित्र चौध पटक विश्व परिक्रमा गर्नुभयो । त्यो भ्रमण यात्रामा उहाँ छ वटै महादेशहरूमा पुगी वैदिक सनातन धर्मको प्रचार-प्रसार गर्नुभयो । यस्ता व्यस्ततापूर्ण यात्रा र दिनचर्या हुँदाहुँदै पनि श्रील प्रभुपादको लेखन कार्य द्रुततर गतिमा अघि बढ्दै रह्यो । उहाँका रचना र कृतिहरू वैदिक सनातन धर्म, दर्शन तथा संस्कृतिको विशाल पुञ्ज हो । ●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धर्म पुस्तकले प्रत्येक युगका विच. ारकहरूको अति आवश्यक प्रश्नको उत्तर दिएको छ। जस्तै –"म को हूँ ? मेरो अति महत्त्वपूर्ण आवश्यकता के हो ?" यस बारेमा श्रील प्रभुपादले लेख्नु भएको छ, "यो शरीर र मन आत्माका बाहिरी आवरण मात्र हुन्। आत्माको आवश्यकता भनेको ऊ पनि भौतिक बन्धनको सीमित परिधीबाट बाहिर आउन चाहन्छ। ऊ यो ब्रह्माण्डको आवरण भन्दा बाहिर जान चाहन्छ। उसले स्वतन्त्र ब्रह्मज्योति र आत्माको दर्शन गर्न चाहन्छ।" यदि तपाईं पनि त्यो ब्रह्मज्योति र आत्मा के हो भन्ने बारेमा र तिनको दर्शन गर्न सकिन्छ भन्ने बारेमा अध्ययन गर्न चाहनुहुन्छ भने यो **धर्म** नामक पुस्तकको अध्ययन गर्नुहोस्।

ISBN 978-93-83095-33-9
90000 >
9 789383 095339
भक्तिवेदान्त बुक ट्रस्ट

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.